# शिक्षक

मूल्य रु २५/-

फागुन २०६४



## बैंक छोडेर स्कुल



## समुदायमा विद्यालय

# आकर्षण र आपत्ति

## दोस्रो अङ्क




आवरणः **समुदायले व्यवस्थापन गरेको बुटवलको नवीन औद्योगिक माध्यमिक विद्यालयका विद्यार्थी।** तस्बिरः **दीपक ज्ञवाली।**

हिमाल एसोसिएसनका लागि **बसन्त थापा**द्वारा सम्पादित तथा प्रकाशित

**सम्पर्कः**
हिमाल एसोसिएसन
पाटनढोका, ललितपुर
पो.ब.नं. १६६, काठमाडौं
फोनः ५५४३२५२/५५४२५४४
फ्याक्सः ५५४११९६
इमेलःmail@shikshak.org.np
वेबःwww.shikshak.org.np

पत्रिका प्राप्ति तथा बिक्री-वितरणसम्बन्धी सोधखोजका निम्ति
**अशु कोइराला**

**मुद्रणः**
जगदम्बा प्रेस
हात्तीवन, ललितपुर



# समुदायमा विद्यालय
# आकर्षण र आपत्ति

सरकारले सामुदायिक स्कूलको व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्न थालेको पाँच वर्षमा ४ हजार ४ सयभन्दा बढी स्कूलको व्यवस्थापन समुदायले गर्न थालेको छ। तर हस्तान्तरणको काम यसका राम्रा र नराम्रा पक्षको विवादमा अल्झिएको छ।

**आवरण** | २६



## एसएलसी जाँच खारेज हुने

परियोजना नै परियोजनाहरूले ढाकेको नेपालको शिक्षा क्षेत्रमा सरकारले फेरि अर्को परियोजना भित्र्याएको छ– 'विद्यालय क्षेत्र सुधार कार्यक्रम'। एसएलसी परीक्षा खारेज गर्ने मूल चरित्र बोकेको यो कार्यक्रम सफल-असफल के हुन्छ भन्ने चाहिँ अज्ञात छ। | १२



**'सेलिब्रिटी' शिक्षक**

## पैसाभन्दा सन्तुष्टि धेरै

कलाको माध्यमबाट विद्यार्थीहरूमा समाज र जीवनको महत्त्व बुझाउँदै असल नागरिक बन्न प्रेरित गर्ने शिक्षकका रूपमा कार्यरत 'सेलिब्रिटी'हरू शिक्षण पेशामा सन्तुष्टि प्राप्त भएको बताउँछन्।

| ४८

| | |
|---|---|
| हेराइ बुझाइ | ३ |
| समाचारमा शिक्षक | ७ |
| स्तरीय शिक्षाः **तब पो राम्रो हुन्छ पढाइ** | ९ |
| विश्लेषणः **खाँचो छ सामाजिक मर्यादाको** | १७ |
| अन्तर्वार्ता **केदारभक्त माथेमा** | २० |
| व्यक्तित्वः नूतन पौडेलः **बैंक छोडेर स्कूल** | २४ |
| आवरण विचारः **पहिला सहमति अनि हस्तान्तरण** | ३४ |
| चिन्तनः **आमाबाबु र छोराछोरी, शिक्षक र विद्यार्थी** | ३७ |
| कक्षा-कोठाः **लेख्न सिकाउन सकिन्छ** | ४० |
| शिक्षकलाई समाचारः **उपयोगी वेबसाइट** | ४७ |
| अभिलेखः **सामुदायिक शिक्षकको तलब-मान** | ५१ |
| समीक्षाः **पुस्तक** | ५२ |
| समीक्षाः **चलचित्र** | ५६ |

# संवाद नै समाधान

'राज्यको संलग्नता बिना संसारको कुनै पनि देश आफ्ना सम्पूर्ण बालबालिकालाई शिक्षा दिन सफल हुनसक्दैन।' नोबेल पुरस्कारद्वारा सम्मानित विख्यात अर्थशास्त्री अमर्त्य सेनको उपर्युक्त कथनलाई हामीले *शिक्षक* को प्रथम अङ्कमा *हेराइ र बुझाइ* स्तम्भअन्तर्गत उल्लेख गरेका थियौं। त्यसउपर विद्वान् पाठकहरूको ध्यान अवश्य गएको हुनुपर्छ भन्ने हाम्रो स्वाभाविक अनुमान रहेको छ। किनभने जुन विषय सेनको त्यस उद्धरणले उक्काएको छ, त्यो समयसापेक्ष र आजको सन्दर्भमा मननयोग्य छ। यसले अन्यत्र प्रशस्त छलफल, बहस र मतमतान्तर जन्माएको छ। नेपाल जस्तो अल्पविकसित र साधनहीन मुलुकका लागि त यो कुरा झनै सान्दर्भिक छ।

नेपालमा विद्यालयहरू मूलत: सरकारद्वारा सञ्चालित छन् र तिनमा पढाउने शिक्षकहरूको हैसियत सरकारी कर्मचारीहरूको जस्तो छ। विद्यालयहरूको भौतिक सुविधा जुटाउनेदेखि लिएर शिक्षकहरूको तलब-भत्ता, सरसुविधा, निवृत्तिभरण आदि यावत कुरा पुऱ्याउने जिम्मा सरकार वा राज्यको टाउकामा छ। तर यस जिम्मेवारीलाई कुशलतापूर्वक वहन गर्न सक्ने राज्यको सामर्थ्यमा प्रश्नचिन्ह लागेकाले विद्यालयहरूको सञ्चालन समुदायद्वारा गरिनुपर्छ भन्ने आग्रह बलियो किसिमले अघिल्तिर आएको छ। यस सन्दर्भमा यस विषयले यथेष्ट सार्वजनिक बहस र छलफल खोजेको छ, जो हुन बाँकी नै छ।



जनतालाई गाँस-बास, स्वास्थ्य, सुरक्षा र शिक्षा प्रदान गर्ने मुख्य जिम्मेवारी राज्यको हो भन्ने मान्यता आधुनिक राज्यको प्रादुर्भाव भएदेखि नै रहिआएको हो। तर मानवसमाजको विकासक्रम एक्काइसौं शताब्दीसम्म आइपुग्दा अघि जुन कुरालाई राज्यको जिम्मेवारीपूर्ण भूमिका मानिन्थ्यो त्यसैलाई अहिले वैयक्तिक स्वतन्त्रताप्रति राज्यको अनावश्यक हस्तक्षेप मान्ने मतहरू पनि देखिएका छन्। अरू उद्यम र आर्थिक उपक्रम झैं विद्यालय लगायतका शैक्षिक संस्थानहरूको व्यावसायिक सञ्चालन त्यही मतको व्यावहारिक अभिव्यक्ति हो। नागरिकको गाँस, बास र कपासको आधारभूत आवश्यकता परिपूर्ति गर्न असमर्थ राज्यले शिक्षा दिने थप दायित्व वहन गर्न सक्दैन भन्ने मान्यता त्यस मतावलम्बीहरूको रहेको छ। त्यस मतका अनुसार शिक्षा पनि अन्य सेवा उद्योगसरह हो जो उपभोक्ताले निर्धारित सेवाशुल्क तिरेपछि प्राप्त गर्न सक्छ। अनि सेवाशुल्कले सेवाको गुणस्तर निर्धारण गर्दछ।

सरकारी भनिने गरेको स्कूलहरूको पढाइको गुणस्तरलाई दृष्टिगत गर्दा त्यस मान्यतालाई असङ्गत ठहऱ्याउने ठाउँ पनि देखिँदैन। 'सरकारको काम कहिले जाला घाम' भन्ने उक्तिलाई चरितार्थ गर्ने प्रवृत्ति त्यस्ता स्कूलहरूमा नदेखिएको होइन। पेशाप्रतिको दायित्वबोध र इमान्दारितामा कमी आउनासाथ कुनै पनि पेशा झरा तिराई बन्न जान्छ, शिक्षण पेशा पनि त्यसको अपवाद बन्न सक्तैन।

एकातिर निजी क्षेत्रको चरम व्यापारीकरण छ, अर्कातिर सरकारी क्षेत्रमा गुणस्तरको ह्रासोन्मुख अवस्था छ। पहिलोको गति उर्ध्वगामी र पछिल्लोको गति अधोगामी छ। दुवैको प्रवृत्तिलाई अनियन्त्रित छाड्ने हो भने शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउने उद्देश्य कहिल्यै पूरा हुन सक्तैन। विद्यालयहरूको सञ्चालनमा समुदायको नियन्त्रणको आवश्यकता महसूस गराउने कारक तत्व त्यही हो।

शिक्षाको प्रसारलाई सकेसम्म रोकिराख्ने राज्यनीति रहेको राणाकाल र त्यसपछिको खुला राजनीतिक वातावरणमा पनि देशमा जे-जति स्कूल वा शैक्षिक संस्थानहरू खुले ती समुदायकै पहलमा खुलेका थिए। तिनको उत्थान र विकास पनि समुदायकै संरक्षणमा भएको थियो। हरेक चेतनशीललाई आफ्ना छोराछोरी पढ्न जाने स्कूलको स्याहार-सम्भार र उन्नतिप्रति केही गरौं भन्ने भावना थियो। व्यक्ति-व्यक्तिबाट मिल्ने दान-दातव्य, चन्दा, श्रमदान आदि उपायहरू थिए तिनलाई चलाउने। स्वामित्वभाव थियो समुदायमा जसले सुनिश्चित गरेको थियो तिनीहरूको व्यवस्थापन। त्यस स्वामित्वभावको अभाव हुनु स्वाभाविक हो- विद्यालयहरूलाई राज्य र निजी क्षेत्रको पोल्टामा राखिदिएपछि। गुणस्तरको ह्रास शायद त्यसैको परिणति हो।

यसो भन्दाभन्दै पनि यस विवादबारे खास धारणा र आग्रह थोपर्ने वा त्यसको पक्षपोषण गर्ने *शिक्षक* को नीति रहेको छैन। हामी चाहन्छौं यी लगायत अरू अनेकन समसामयिक विषयहरूमा गहन छलफल होस्, बहस-मशविरा होस्। त्यसनिम्ति *शिक्षक* साझा मञ्च बन्न तयार छ। वादे वादे जायते तत्व बोध। विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने राज्यको नीतिलाई शिक्षक र तिनका प्रतिनिधि संघ-सङ्गठनहरुले ठाडै 'अग्राह्य' घोषित गर्न छोड्नुपर्छ भने विद्यालयको व्यवस्थापनसँग प्रत्यक्ष सरोकार गाँसिएका शिक्षकहरुको यस नीतिप्रतिको गुनासो, आपत्ति र सुझावलाई राज्य पक्ष अर्थात् शिक्षा मन्त्रालयले बेवास्ता हैन, विनम्रतापूर्वक ग्रहण गर्नुपर्छ। सार्थक संवादको थालनीका निम्ति यी पूर्वशर्त बाधकका रूपमा रहिरहनुहुँदैन। सही संवादले यो सवालमा शिक्षक र शिक्षा मन्त्रालयलाई एउटै डुङ्गामा राखेर साझा गन्तव्यतर्फ अघि बढाउन सक्ने कुरामा द्विविधा छैन।

रविन सायमि



विद्यालयमा पढ्न पाउने अवसरलाई बालबालिकाले राम्रो काम गर्दा पाएको पुरस्कार होइन नराम्रो काम गर्दा दिइएको दण्ड हो भन्ने सोचाइ घरपरिवारदेखि नै लिएर आएका हुन्छन् । "यो बदमास भयो यसलाई विद्यालयमा भर्ना गर्नुपर्छ", "हामीले तह लगाउन सकेनौं अब विद्यालयका शिक्षकले तह लगाउँछन्" जस्ता अभिभावकका भनाइले बालबालिकाको विद्यालयप्रतिको सोचाइ शुरूदेखि नै नकारात्मक बन्दछ । अझ विद्यालयमा भर्ना भएकै दिनदेखि शिक्षकका हातमा भएको लौरो देख्दा र शिक्षकहरूले उनीहरूसँग कडिकडाउ व्यवहार गर्दा उनीहरूको पहिलेको सोचाइलाई प्रमाणित गर्न बल मिल्छ र विद्यालय छोड्नमा सहयोग पुग्छ ।

| बालमैत्री विद्यालय शिक्षक-प्रशिक्षक पुस्तिका २०६२

मलाई कसैले छ घण्टामा एउटा रूख ढाल्ने काम दियो भने शुरूको चार घण्टा चाहिँ म बञ्चरो उद्याउनमा लगाउँछु ।

| अब्राहम लिङ्कन

एक्काइसौं शताब्दीमा लेख-पढ गर्न नजान्नेहरूलाई निरक्षर मानिने छैन । निरक्षर त ती हुन् जो सिक्न, सिकेका कुरा छाड्न र नयाँ कुरा सिक्न तयार हुँदैनन् ।

| एल्भिन टफलर

बालबालिकालाई पाठ निर्देशन (इन्स्ट्रक्सन) भन्दा दिशा-निर्देशन र सहानुभूतिको आवश्यकता पर्दछ ।

| एनी सुलिभान

मानव जातिमाथि शासन गर्ने कलामा चिन्तन गर्ने सबैले मानेको तथ्य हो, त्यो साम्राज्यको नियति युवाहरूलाई कसरी शिक्षा दिइन्छ भन्ने कुरामा भर पर्दछ ।

| अरिस्टोटल

एक उत्तम शिक्षक मैनबत्ती जस्तै हो, जसले आफूलाई नै सकेर अरूलाई उज्यालो दिन्छ ।

| अज्ञात




रविन सायमि

# प्रतिक्रिया र सुझाव




## पढ्दा स्वाद आयो

*शिक्षक* को पहिलो अङ्क पढ्न पाउँदा ज्यादै खुशी लाग्यो। बजारमा निस्कन थालेका थुप्रै पत्रपत्रिका, म्यागाजिनको हुलमा 'शिक्षक' बकुला जस्तै फरक देखियो।

चार घण्टाको एउटै बसाइमा मैले पत्रिका पढिसकें। शिक्षण पेशामा लागेपछि मेरो सबभन्दा चासोको विषय भनेको यो पेशालाई कसरी मर्यादित बनाउन सकिन्छ र शिक्षामा भएको अति राजनीतिकरणबाट कसरी अलग्याउन सकिन्छ भन्ने थियो। यी विषयसम्बन्धी नै लेख रचना छापिएकोले *शिक्षक* पहिलो अङ्क पढ्दा स्वाद आयो।

भगीरथ योगीको लेखअनुसार बेलायतको शिक्षा र शिक्षकको स्तर हाम्रो देशको अवस्थासँग दाँज्न नमिले पनि शिक्षाप्रतिको बेलायतका सम्बन्धित व्यक्ति र समुदायको सोच हाम्रो लागि मननयोग्य मान्नुपर्छ।

साहित्यकार कमलमणि दीक्षितको यस उमेरमा स-साना नानीहरूलाई सिकाउने जाँगर शिक्षण पेशालाई हेलाको दृष्टिले हेर्ने सबैलाई ठूलो जवाफ हो। पैसाको पछाडि मात्र दौडने नेपाली प्रवृत्तिलाई ठूलो व्यङ्ग्यको रूपमा दुई बेलायती दम्पती सेवा प्रसङ्ग अत्यन्तै प्रेरणादायी छ। नेपालको शिक्षा विकासमा लागिपरेका यस्ता विदेशी स्वयंसेवीहरू थुप्रै छन्; तिनीहरूको योगदानलाई पनि यस पत्रिकाले समेट्नु पर्दछ।

नेपालको सबभन्दा ठूलो रोग विद्यालय र कलेजहरूलाई राजनीतिको थलो बनाउने संस्कृति हो। यस समस्यालाई वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारीले ज्यादै सटिक रूपमा कोट्याउनुभएको छ भने शिक्षण पेशा र शिक्षक दुवैलाई मर्यादित गर्ने सवालमा शिक्षकको आफ्नै ठूलो भूमिका हुनुपर्ने प्रसङ्ग हाम्रो जस्तो सरकारको तलब खाएर पार्टी कार्यालय र पार्टीको भजनमण्डली भएर दिन बिताउने शिक्षकहरूको बिगबिगी भएको देशमा त्यतिकै सान्दर्भिक देखिन्छ। प्रा. महेन्द्र पी. लामा, शिक्षामन्त्री प्रदीप नेपाल र यस वर्षको मदन पुरस्कार विजेता महेशविक्रम शाहले आफ्ना गुरुहरूप्रति देखाउनुभएको श्रद्धाभाव र आफ्नो व्यक्तित्व विकासमा उहाँहरूको योगदानको चर्चा तथा पत्रकार केदार शर्माको आफ्ना गुरुहरूप्रतिको गुनासो पनि त्यतिकै मननयोग्य देखिन्छ। तर पत्रकार शर्माले विद्यालयमा त्यतिबेला जस्तो व्यवहार शिक्षकहरूबाट भोग्नु पर्‍यो त्यसमा ती शिक्षकहरूको मात्र दोष छन् भन्ने पक्षमा म छैन, किनकि हामी आफ्ना गुरुहरूबाट जे सिक्छौं त्यसको प्रभाव हामीमा हुन्छ र हामी पनि त्यसरी नै सिकाउन खोज्छौं। अरु प्रस्ट भन्नुपर्दा 'विद्यार्थीलाई साथीको रूपमा शिक्षकले लिनुपर्छ' र 'शिक्षकले सबै कुरा जानेका हुन्छन् र विद्यार्थीहरूलाई केही थाहा हुँदैन' भन्ने मान्यताबाट आज पनि मुक्त नभएको हाम्रो परिवेशमा हामीले विद्यालयमा पुराना शिक्षकहरूबाट त्यस्तो व्यवहार भोग्नुपरेको हो जस्तो लाग्दछ।

ओशोको 'शिक्षक र मर्यादा-परिभाषा नै बदलिएको छ' लेख विचारोत्तेजक एवं आधुनिक शिक्षाको सन्दर्भमा ज्यादै उपयुक्त छ। तीव्र

## शुभ चुनौती *'शिक्षक'* लाई

*शिक्षक* को पहिलो अङ्कमा एकसरो नजर डुलाएपछि अनन्ततर्फको प्रथम पाइलो दह्रो ढङ्गबाटै चालिएको हो कि जस्तो लाग्यो। पक्ष-विपक्षमा मत जाहेर गर्नु अलि छिटो हुने ठानें। तर पनि मन थाम्न सकिनँ। त्यसैले *शिक्षक* तिमीले-

- भोलिको समुन्नत, सुसंस्कृत र सभ्य नेपालको भविष्य आजका विद्यार्थीको काँधमा छ। ती विद्यार्थी र आफैं शिक्षकको भविष्य- उनको त्याग, समर्पण र प्रतिबद्धतामा हुन्छ भन्ने तथ्यलाई उजागर गर्न सक्नुपर्छ।
- आफ्ना कामका तरिकाप्रति पूर्ण जवाफदेही शिक्षक र शिक्षा प्रणालीको सृजना गर्न खबरदारी गर्नुपर्छ।
- शिक्षण पेशाको सम्मान र मर्यादालाई पुन: प्रतिस्थापित गरी गुरुप्रति आदरभाव जगाउन मद्दत गर्नुपर्छ।
- हाम्रा शिक्षकलाई विश्व रङ्गमञ्चसम्म र सिङ्गो विश्वलाई कुनाकन्दराका शिक्षकसम्म पुऱ्याउने सम्बन्ध सेतुको रूपमा पहिचान दिन सक्नुपर्छ।
- चाकरी हैन चुनौतीसहित विद्यमान शिक्षा प्रणालीसँग सहकार्य गर्न सक्नुपर्छ।
- प्रमाणपत्र वाहकहरूको हुल हैन प्रमाण-पात्रहरूको उत्पादन गर्ने सच्चा शिक्षकहरू तयार पार्न योगदान दिनुपर्छ।
- मुलुकमा निष्पक्षता र स्वाभिमानको खडेरी लागिरहेको बेला पत्रिकाजगतमा अलग पहिचानका साथ निष्पक्ष र निर्भिकताका साथ सतिसाल जस्तै ठिङ्गो उभिंदै 'प्रार्थना गर्ने ओठहरू भन्दा श्रम गर्ने हातहरू पवित्र हुन्छन्' भन्ने सन्देश दिन सफल रहोस्।

सुदूर भविष्यतर्फ थालिएको यो कठिन यात्रा बीचमै नटुङ्गियोस् र पाइलाहरू नलडखडाउन्- जस्तै विपत्तिमा पनि। सुधार चाहने र सुध्रन चाहनेहरू सबैको साझा मञ्च बनोस्। राजधानीमा मात्र हैन मोफसलका सबै शिक्षकमा हात-हातमा सजियोस्- *शिक्षक*। यही छ हार्दिक शुभ चुनौती *शिक्षक* लाई !

बाबुराम पौडेल, उप-निर्देशक, शिक्षा विभाग

गतिमा अघि बढिरहेको विश्व समाजमा आफ्नो सीमित र अद्यावधि नगरिएको ज्ञानको आधारमा 'मै जान्ने हुँ' भन्ने शिक्षक 'कान्लाको भ्यागुतो' मात्र सावित हुने यथार्थ प्रस्ट्याउँदै शिक्षकहरूलाई आफ्नो ज्ञानको दायरा फराकिलो पार्न यसले घच्घच्याएको छ।

शिक्षक दरबन्दी सम्बन्धी रिपोर्टले सरकारी विद्यालयहरूमा सम्बन्धित निकायको लापरबाही तथा शिक्षा क्षेत्रमा व्याप्त राजनीतिकरणलाई उजागर गरेको छ। त्यस्तै आवरण लेख अति नै मार्मिक लाग्यो। एक जना निहत्था शिक्षक जोसँग केही विषयका सीमित ज्ञान, उसको दैनिक गुजारा चलाउनुपर्ने बाध्यता र एउटा वैचारिक आस्थाबाहेक के नै हुन्छ र? राजनीतिक आस्थाको आधारमा यसरी शिक्षकलाई अमानवीय रूपमा हमला गरी उसको भौतिक जीवनलाई समाप्त पार्न उद्दत जोसुकैको कार्य भएपनि घृणित र अति निन्दनीय छ। जनयुद्धको नाउँमा विगत १२ वर्षमा शिक्षकहरूको निर्ममतापूर्वक हत्या हुँदा पनि विभिन्न खेमामा विभाजित शिक्षक सङ्गठनहरूले सशक्त आवाज उठाउन नसक्नुले फगत यी संस्थाहरू राजनीतिक पार्टीका स्वार्थ सिद्ध गर्न मात्र स्थापना भएका त होइनन् भन्ने प्रश्न खडा भएको छ। यस सवालमा शिक्षक सङ्गठनहरूले पत्रकार महासंघबाट धेरै सिक्नुपर्ने सन्देश समेत दिएको छ।

यो पत्रिका प्रकाशन गर्नुपर्नाका जुन कारणहरू सम्पादकीयमा उल्लेख गरिएका छन् त्यसमा विमति जनाउनुपर्ने कुनै ठाउँ देखिँदैन। ती सातै वटा उद्देश्यहरू अति सान्दर्भिक र सम्बोधन गरिनुपर्ने विषयहरू नै हुन्। सम्पूर्ण देशका कर्णधार र भावी मानवीय स्रोतहरू जस्तो अति संवेदनशील विषयको जिम्मा लिएका शिक्षक र शिक्षण पेशा समाज र सरकारबाट उपेक्षित र अपहेलित हुनुपर्ने अवस्था भनेको ठूलो बिडम्बना नै हो। यस्तो पक्षलाई मियो बनाएर जसरी यस पत्रिका प्रकाशनको थालनी भएको छ त्यो ज्यादै सराहनीय कार्य भएको छ। वरिष्ठ पत्रकार एवं लेखक बसन्त थापालगायतका अन्य सम्बन्धित शिक्षाप्रेमी, पत्रकार महोदयहरू र सेभ द चिल्ड्रेन नर्वेलाई म र मेरो विद्यालयको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु।

**योगेन्द्रमान बिजुक्छे**
**प्रिन्सिपल, जेन्यूइन स्कूल, भक्तपुर**

## साहित्य चाहियो

खोजमूलक, ज्ञानबर्द्धक अनि समयसापेक्ष मासिक पत्रिका *शिक्षक* अत्यन्त पठनीय लाग्यो। नेपाली शिक्षकका वास्तविकतालाई स्थलगत रूपमै उठाएर पाठकका आँखामा पुऱ्याउने रिपोर्ट तथा कमल दीक्षितको शिक्षण अनुभव, राधेश्याम अधिकारी र ओशोको बहसलगायत प्रदीप नेपालको संस्मरण मननीय छन्।

पत्रिकामा साहित्यको स्तम्भ नपाउँदा अलिकति खल्लो महसूस भयो। आगामी भेटमा जसरी पनि साहित्यको स्तम्भ लिएर *शिक्षक* हामी पाठकको हातमा आउनु पर्छ। मलाई आशा छ शिक्षकले राजधानी मात्र हैन मोफसलमा आफ्नो पहुँच पुऱ्याउने छ।

**प्रकाश न्यौपाने**
**फूलासी ५, रामेछाप**



## शिक्षक हुनु

**हेमराज पहारी**

शिक्षक हुनु-
अँधेरो गोरेटोमा
एउटा सानो जूनकिरी हुनु हो,
शिक्षक हुनु-
स्कूलका कारखानाहरूमा
देशका मगज बनाउनु हो,

शिक्षक हुनु-
अज्ञानता विरोधी लडाइँमा
अग्रिमपङ्क्तिमा बसेर
ज्ञानको मोर्चा कस्नु हो,

शिक्षक हुनु-
अँध्यारा खोपडीहरू भित्र पसेर
ज्ञानका खापाहरू खोल्नु हो,
शिक्षक हुनु-
मूर्तबाट अमूर्तमा
सरलबाट जटिलमा
र, विशेषबाट साधारणमा जानु हो।

शिक्षक हुनु-
वैयक्तिक भिन्नताहरूले जेलिएको
कक्षाको जटिल वातावरणमा
प्रत्येक छात्र-छात्राहरूको
रुचि, स्तर र मन:स्थितिअनुसार
यन्त्रवत् अहोरात्र चल्नु हो,
शिक्षक हुनु-
अरूलाई प्रकाश दिँदा-दिँदा
आफैं खिइएर बिलाउने
एउटा मैनबत्ती भएर बल्नु हो।

शिक्षक हुनु-
धमिलो पृष्ठभूमिमा
चहकिलो चित्र कोर्न खोज्नु हो,
शिक्षक हुनु-
पानीमाथिको ओभानो हुन छाडेर
टाउको दुखाउने पेशा रोज्नु हो।

शिक्षक हुनु-
शारीरिक, मानसिक र संवेदनात्मक रूपले
अति थकित हुनु हो,
शिक्षक हुनु-
'हामी प्रकाश-प्रेमी हौँ' भन्नेहरूले
जूनकिरीहरूको उपेक्षा गरेको देखेर
अति चकित हुनु हो।

*(शिक्षक मासिकको सफलताको कामना गर्दै कवि पहारीले आफू शिक्षक रहँदा २०३२ सालमा लेख्नुभएको 'शिक्षक हुनु' शीर्षकको लामो कविता प्रकाशनार्थ पठाउनुभएकोमा स्थानाभावका कारण त्यसका केही अंश मात्र यहाँ छाप्न सकेका छौं। उक्त कविताको पूर्ण पाठ कविको कविता सङ्ग्रह 'देशको अविभारा' मा प्रकाशित छ। - सं.)*

●●●

*शिक्षक* को प्रथम अङ्क हेर्दा राम्रो लाग्यो । आफू शिक्षक नभए पनि आफ्ना शाखासन्तान सबै त्यही भएको नाताले रिङ्गो नबिराई लेखहरू धेरै दिन लगाएर पढेँ । 'हात्ती आयो हात्ती आयो फुस्सा' भनेजस्तो भएन भने *शिक्षक* अत्यन्तै राम्रो छ । यसरी नै अगाडि बढ्यो भने यसले छिट्टै आफ्नो स्थान फराकिलो बनाउने छ । शिक्षकका खोजमूलक लेखहरू छापियोस्, शिक्षकका राम्रा पक्ष मात्र हैन नराम्रा पक्ष पनि उदाङ्गो पारोस् । पत्रिकाभित्र अलिकति साहित्यलाई ठाउँ दिए अझै राम्रो हुन्थ्यो ।

**रीता श्रेष्ठ 'रोशनी'**
**ओखलढुङ्गा, ६, भैरवटोल**

## निरन्तरता पाओस्

*शिक्षक* को प्रथम अङ्क आद्योपान्त अध्ययन गरिसकेपछि मलाई लाग्यो ढिलै भएपनि प्रेसजगतको लोकतान्त्रिक एवं समावेशी छवि प्रकट भयो । समग्र शिक्षण पेशा र शिक्षकको हकहित हुने प्रयास अगाडि बढाइदिनुभएकोमा हिमाल एसोसिएसन तथा प्रकाशक/सम्पादक बसन्त थापाप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

राजनीतिकै सेरोफेरोलाई प्रमुखताका साथ अँगालिरहेको प्रेसजगतले असुरक्षित एवं उपेक्षित शिक्षक तथा शिक्षण पेशालाई संरक्षण, सम्बर्द्धनका साथसाथै सुरक्षा तथा मानसम्मानका निमित्त यसैगरी आवाज उठाउने छ भन्ने अभिलासा हामीजस्ता तमाम शिक्षकले लिएका छौं । प्रथम अङ्क भएतापनि सम्पूर्ण सामग्रीहरू चाखलाग्दा, रोचक, ज्ञानबर्द्धक एवं समग्र शिक्षकहरूका लागि उपयोगी छन् । आगामी दिनमा पनि यसरी नै उत्कृष्टताका साथसाथै शिक्षकसम्बन्धी तालिम, कला, साहित्य आदिलाई समेट्दै शिक्षक भनेको धर्मनिरपेक्ष तथा राजनीति निरपेक्ष रहनुपर्ने कुरालाई सदैव आत्मसात् गरिरहोस् भन्दै *शिक्षक* को उत्कृष्टता, सफलता एवं अनन्त निरन्तरताको निमित्त शुभकामना ज्ञापन गर्दछु ।

**रविबाबु प्रतीक्षा**
**बलिया ८, भुरुवा, कैलाली**



## यात्रा सफल होस्

संसारलाई पुरानो सोच, सामन्ती व्यवहार र तानाशाही प्रवृत्तिबाट मुक्त गराइ समयानुसार परिवर्तन गराउने ध्येय भएका पत्रिका, कलमजीवीहरू थोरै हुन्छन् । जसले समाज परिवर्तनको तीव्र चाह सँगालेर कलम चलायो, विचारको जल पिलायो, उसको कदम अजर, अमर बन्छ, आस्था, श्रद्धा र विश्वासको प्रतीक बन्छ । समाजलाई उसको पुनित कदमले अघोरै ऋण बोकाउँछ । कलमले पराक्रम देखाइदिनाले संसारका ठूलठूला अत्याचारी शक्तिहरू जनतासामु झुकेका छन् । यस्तै ओजस्वी कलम र विचारका धनी विचारकहरूलाई *शिक्षक* मासिकले समेट्न सकेको रहेछ ।

*शिक्षक* मासिकले सप्तकोशी झैं अनवरत यात्रा तय गर्दै नेपाली जनताको हृदयमा बास गरोस् भन्ने कामना गर्दछु । विचार सम्प्रेषणमा कतैबाट कन्जुस्याइँ नभएझैं भाषिक शुद्धतामा अलिक बढी ध्यान जान पनि उत्तिकै जरुरी छ किनकि विचारको प्रवाहसँग हेलिँदा हेलिँदै डुङ्गा अल्झिँदा नमीठो अनुभूति हुँदोरहेछ । *शिक्षक* मासिकले शैक्षिक जगतका राम्रा नराम्रा पाटाहरूलाई जनसमक्ष ल्याउन भरमग्दुर कोशिश गर्नेछ भन्ने कुरामा आशावादी छु ।

**नन्दलाल आचार्य, तपेश्वरी १, उदयपुर**
**प्रिन्सिपल, लिट्ल फ्लावर मा.वि.**
nandalal_acharya@yahoo.com

## कर्मकाण्डी प्रवृत्ति

*शिक्षक* ले नेपाली शिक्षक, समाज र सरकारबाट उपेक्षित हुनुका कारणको खोज प्रारम्भ गरेको पाउँदा खुशी लाग्यो । समाजबाट शिक्षक किन उपेक्षित हुँदै गयो ? किन शिक्षण पेशाले सामाजिक प्रतिष्ठा गुमाउँदै गयो ? भनेर खोज्दै जाने हो भने यसो हुनुमा शिक्षक स्वयं पनि जिम्मेवार भेटिन्छन् । शिक्षकहरू समाजले हामीलाई उपेक्षा गऱ्यो भन्छन् तर आफ्नो कर्मकाण्डी प्रवृत्ति त्याग्ने सोचमा चाहिँ छैनन् । पुरस्कार र दण्डको व्यवस्था नभएकोले पनि शिक्षकहरू बढी कर्मकाण्डी स्वभावका बन्दै गएका हुन्, यसका लागि सरकार प्रमुख जिम्मेवार छ ।

शिक्षणलाई पूर्ण पेशाको रूपमा नलिई अर्को पेशाको रूपमा लिने, अनि शिक्षक भन्दा बढी व्यवसायी र राजनीतिक दलको कार्यकर्ता बन्ने प्रवृत्तिका कारण शिक्षण पेशाको सामाजिक प्रतिष्ठा गुम्दै गएको हो ।

कर्मकाण्डी प्रवृत्ति त्याग्ने, शिक्षणलाई पूर्ण पेशा ठान्ने र व्यवसायी एवं दलको कार्यकर्ता भन्दा बढी शिक्षक हुन थालेकै दिनबाट शिक्षण पेशाको गुम्दै गएको प्रतिष्ठा पुनः प्राप्त हुनेछ अनि शिक्षक उपेक्षित हैन मर्यादित हुनेछन् ।

**रमेश विकल**
**राम्झाकोट–८ तनहुँ**

●●●

*शिक्षक* प्रथम अङ्क, माघ २०६४ नियाल्न पाउँदा खुशी लाग्यो । समग्रमा शिक्षक कुन स्थानमा रहेको रहेछ त भन्ने कुराको जानकारी पस्किनुभएकोमा सम्पादक एवं प्रकाशकमा आभार व्यक्त गर्न चाहन्छु । आवरण, फोटो, कलादेखि लिएर सम्पूर्ण लेख सामग्री ज्ञानबर्द्धक एवं जानकारीमूलक लाग्यो । पत्रिकाको प्रारम्भिक लक्ष्य, उद्देश्य समय सापेक्षित रहेको पाएँ । अन्त्यमा यस पत्रिकाले शिक्षा र शिक्षण क्षेत्रमा नयाँ आयाम थप्न सकोस् भन्ने शुभेक्षासहित निरन्तरताको कामना गर्दछु ।

**सूर्यभक्त कर्माचार्य (शिक्षक)**
**पनौती नगरपालिका–६ काभ्रेपलाञ्चोक**

# समाचारमा शिक्षक

## शिक्षक खोई ?

विद्यार्थी २५० जना, शिक्षक २ जना। अर्थात् एकजना शिक्षकका भागमा १२५ जना विद्यार्थी। क्लास पाँचवटा, शिक्षक दुई जना। अर्थात् एकजना शिक्षकले एकै पटकमा अढाइ वटा क्लास चलाउनुपर्ने।

*कान्तिपुर* दैनिकले २०६४ माघ ९ गते 'अढाइसय विद्यार्थीलाई दुई शिक्षक' शीर्षकमा यस्तै व्यहोराको समाचार छापेको छ। कुरा हो रौतहटको बलुवा प्राथमिक विद्यालयको। समाचार अनुसार, यो समस्या एक महिना, दुई महिनादेखिको होइन सात वर्षदेखिको रहेछ। २०५७ सालमा दुई जना शिक्षक सरुवा भएर त्यहाँबाट हिँडेपछि समस्या शुरु भएको रहेछ।

कान्तिपुर



एक जना शिक्षक तलब लिन वा तालिम/गोष्ठीमा जाँदा वा बिरामी भएर वा अरू कारणले विदा बस्दा विचरा एकजना शिक्षकले के गरी पढाउँदा हुन्! विद्यार्थीले के सिक्दा हुन्? त्यस्ता स्कूलमा छोराछोरी पढाउन बाबुआमालाई के जाँगर चल्दो हो?

## पहाड-मधेश बराबर

मधेशको माथिको समाचार छापिएको तीन दिनअघि पहाडबाट पनि यस्तै समाचार आएको थियो। *नेपाल समाचारपत्र* ले लेखेको थियो- 'अढाइ सय विद्यार्थीका लागि एक शिक्षक'। काभ्रेको लाम्बोटेको लक्ष्मी नारायण माध्यमिक विद्यालयको माध्यमिक तहमा २३९ जना विद्यार्थीका लागि एक जना मात्र शिक्षक रहेछन्। धेरै कक्षाका २३९ जना विद्यार्थीलाई एक जनाले पढाएको दृश्य कस्तो हुन्छ होला? सानोतिनो आमसभा जस्तो पो हुन्थ्यो कि!

कान्तिपुर



## शिक्षक धेर भए

शिक्षक नपुगेको मात्र समाचार कति लेखौं भनेर हो कि एकजना रिपोर्टरले शिक्षक बढी भएको समाचार पनि लेखेका छन्। *कान्तिपुर* मा माघ ८ गते छापिएको समाचार अनुसार, बाग्लुङको शिव प्राविमा २४ जना शिक्षक रहेछन्। एकजना शिक्षकका भागमा ४ जना विद्यार्थी!

शिक्षा ऐन अनुसार यति विद्यार्थी पढाउन आधा शिक्षक भए पुग्ने रहेछ।

थोरै विद्यार्थी भएपछि पढाइ त राम्रो हुँदो हो? के को हुनु? पढाइ नराम्रो भएर त विद्यार्थी धमाधम घटेका रहेछन्!

अलि पछि स्कूलमा शिक्षक मात्रै छन्, विद्यार्थी छैनन् भन्ने समाचार पो पढ्नुपर्ने हो कि!

## स्कूल लामाबगरमा, शिक्षक कता ?

६ वर्ष भएछ एउटा स्कूलले शिक्षकको अनुहार नदेखेको! नपत्याए २०६४ पुस ३० गते *कान्तिपुर* पढ्नुस्। दोलखाको लामाबगरको चम्ची गाउँको नुम्लाङ प्राथमिक विद्यालयका नाममा शिक्षकले तलब खाँदा रहेछन् (अरु दुर्गम भत्ता समेत), स्कूलमा छात्रवृत्ति पनि जाँदो रहेछ, मसलन्द खर्च पनि जाँदो रहेछ। सबै कुरा गए पनि दुईवटा कुरा चाहिँ नजाने रहेछन्- शिक्षक र किताब।

कान्तिपुर



३२ कोस टाढाको जिल्ला शिक्षा कार्यालयमा स्कूलबाट यस्तो रिपोर्ट आउँदो रहेछ- विद्यार्थी भर्ना भइरहेछन्, भयङ्कर पढाइ भइरहेछ, विद्यार्थी धमाधम पास भइरहेछन्।

स्कूल नपुगी, स्कूल नखोली, पढाउँदै नपढाइ, जाँचै नलिई विद्यार्थीलाई पास गराउन सक्ने बेजोड प्रतिभाका धनी शिक्षकको नाम जान्न मन लागेको थियो। तर यति राम्रो काम गर्ने शिक्षकको नाम कालो अक्षरमा किन छाप्ने भनेर होला संवाददाताले उनको नाम चाहिँ लुकाइदिएछन्। कसैलाई थाहा भए नाम, वतन बताइदिनुहोला।

## छोरी पढाउन बढी लगानी

संखुवासभाका शिवप्रसाद चापागाईं छोरा पढाउन भन्दा छोरी पढाउन १६ गुणा बढी खर्च गर्दा रहेछन्। छोरा पढ्ने सरकारी स्कूलमा मासिक शुल्क रु.५० तिरे पुग्ने रहेछ। तर छोरी पढ्ने निजी स्कूलमा महिनाको रु.८०० तिर्नुपर्दोरहेछ।

*कान्तिपुर* मा पुस २२ गते छापिएको समाचार अनुसार उनको सिको अरूले पनि गर्न थालेछन्।

## उल्टो बानी !

कसै कसैको बानी नै उल्टो हुन्छ। अरूले गरेभन्दा ठीक उल्टो काम गर्ने। धेरैले नराम्रो, नराम्रो काम गरेका बेलामा राम्रो काम गर्ने।

२०६४ माघ २४ गते को *कान्तिपुर* अनुसार कास्की, हंसपुरको रामपुर उच्च माविलाई विद्यार्थीलाई थप सूचना र ज्ञान दिन कम्प्युटरको मद्दत लिन मन

# समाचारमा शिक्षक

लागेछ। अमेरिकामा बस्ने नेपाली प्राध्यापक मुरारी सुवेदीले विभिन्न दाताबाट कम्प्युटरको व्यवस्था गरिदिएछन्। अहिले त्यस स्कूलका विद्यार्थीले कम्प्युटर चलाउन पाएका छन्। धेरै स्कूल 'स्रोत-साधन छैन', 'सरकारले केही गर्दैन' भनेर बसेका बेलामा उनीहरूलाई चाहिँ केही न केही गर्ने प्रेरणा कहाँबाट आयो होला?

## किताब बिस्तारै आउँछ, जाँच चाहिँ दिइहाल

कम्प्युटर छ भनेर स्कूलमा ऐच्छिक विषय रोज्दा कम्प्युटर विज्ञान चाहिँ नरोज्नुहोला। किताब जाँच पछि मात्र आइपुग्यो भने के गर्ने?


*राजधानी* दैनिकमा माघ १ गते छापिएको समाचार अनुसार, दाङका तीनवटा सामुदायिक र तीनवटा निजी स्कूलले ऐच्छिक विषयका रूपमा कम्प्युटर विज्ञान रोजेका छन्। तर त्यहाँका विद्यार्थीले टेस्ट दिनु सात दिनअघिसम्म पनि किताब देख्न पाएका रहेनछन्।

शिक्षा मन्त्रालयले जनी गरेर जाँचका दिन प्रश्नपत्र बाँड्नुअघि विद्यार्थीलाई किताबको आवरण देखाइदिएको भए हुनेथियो। तर यस्तो सल्लाह दिन ढिलो भइसक्यो होला!

## शहरमा भन्दा गाउँमै राम्रो!

धेरैले भन्छन्- गाउँमा भन्दा शहरमा सुविधा पाइन्छ। तर पूर्वी तराईका गाउँको हालैको अनुभवले भन्छ- गाउँका मानिसलाई शहरका मानिसलाई भन्दा बढी फाइदा पुग्छ। *कान्तिपुर* को माघ २३ को समाचार पढेपछि यो कुरा मान्नै पर्छ। समाचारले भनेको छ- यो शैक्षिक सत्रमा विराटनगर बजार र त्यस वरपरका स्कूल 'बन्द' ले गर्दा ४० दिन बन्द भए! गाउँमा चाहिँ दुई दिन मात्र!

## गानको धून चाहियो!


अन्नपूर्ण पोष्ट

स्कूलमा के के कुरा पुगेका छैनन्? शिक्षक, किताब आदि आदि। यस सूचीको अन्त्यमा थपिएको छ धुन! पढाउने धून होइन राष्ट्रिय गानको धून।

*अन्नपूर्ण पोष्ट* ले पुस ३० गते छापेको समाचार अनुसार विराटनगर को आदर्श माध्यमिक विद्यालयका विद्यार्थीहरू मोबाइलको रिङटोन बनाएको राष्ट्रिय धून सुनेर प्रार्थना सभामा राष्ट्रिय गान गाउने रहेछन्।

## नयाँ नेपाल, नयाँ परिभाषा

विमलकृष्ण श्रेष्ठले केटाकेटीका लागि लेखेको एउटा पुस्तकमा को, कहाँ बस्छ भन्ने कुरा रोचक तरिकाले लेखेका छन् -गाई गोठमा, परेवा गुँडमा आदि आदि।


नयाँ पत्रिका

त्यहाँ उनले प्रहरी/सशस्त्र कहाँ बस्छ भनेर लेखेका छैनन्। लेख्नु परेको भए यस्तो लेख्ने थिए होला- प्रहरी बस्ने ठाउँ चौकी, सशस्त्र प्रहरी बस्ने ठाउँ- गण।

उनले यो कुरा नलेखेर ठीकै गरेछन्। किनभने यो पुरानो नेपालको परिभाषा हो। नयाँ नेपालमा सशस्त्र प्रहरी विद्यालयमा बस्छन् (नयाँ नेपालमा प्रहरीले पनि त ज्ञानगुनका कुरा सिक्नुपर्ने होला!)।

*नयाँ पत्रिका* मा माघ १ गते छापिएको समाचार अनुसार, सप्तरीको ललिजा ठाकुर राष्ट्रिय प्राविमा सशस्त्र प्रहरी बस्दा रहेछन्। त्यहाँका एक हजार विद्यार्थीचाहिँ चौरमा बसेर पढ्दा रहेछन्।

भएन त नयाँ परिभाषा? विद्यालय भनेको सशस्त्र प्रहरी बस्ने ठाउँ। चौर भनेको विद्यार्थी पढ्ने ठाउँ।

## घरमै छन् शत्रु


राजधानी

शिक्षकको अघिल्लो अङ्कमा शिक्षकलाई कहाँ कहाँबाट खतरा छ भनेर लेखिएको थियो। अहिले पो थाहा भयो त्यो अपूरो भएछ भनेर।

शिक्षकलाई ठूलो खतरा घरबाट रहेछ। २०६४ माघ ७ गते *राजधानी* मा प्रकाशित समाचार अनुसार, कैलालीको गुहेश्वरी माविका शिक्षक मीनालाई उनका लोग्ने, सासू, ससुरा, देवर र आमाजूले कुटेर आवास गृहमा शरण लिनु परेछ। उनीमाथि बोक्सी भएको आरोप लगाएको रहेछ।

## बिजुली-विद्यार्थी

बिजुली नभएपछि के गरी पढ्ने? अरू विद्यार्थीले त नपढे पनि हुन्छ, तर एसएलसी दिने विद्यार्थीले त पढ्नै पर्‍यो। त्यसमाथि परीक्षा चाँडै आउँदैछ। *अन्नपूर्ण पोष्ट* ले माघ २ गते यसै चिन्तालाई लिएर समाचार बनाएको छ। समाचार अनुसार काठमाडौंको एउटा निजी स्कूलले त जेनेरेटर किनेर लगेछ। विचरा सरकारी स्कूलले के गर्ने? संवाददातालाई चिन्ता लागेछ। उनले लेखे- 'कतिपय यस्ता स्कूल पनि छन् जहाँ आधारभूत सामग्रीको अभाव छ। त्यस्ता स्कूलमा पढ्ने विद्यार्थीले के गर्ने? संवाददाताको कुरा विद्युत् प्राधिकरणले सुनेछ क्यार! त्यसपछि लोडसेडिङ दिनको ६ घन्टाबाट बढाएर ८ घन्टा पुर्‍यायो!!

## स्तरीय शिक्षा विश्व अनुभव

अनिता शर्मा लम्साल

# तब पो राम्रो हुन्छ पढाइ !



विद्यार्थीलाई राम्रो शिक्षा दिनका लागि जापानी शिक्षकहरूले निकै मेहनत गर्छन्।

टोनी ब्लेयरका पालामा बेलायतमा शिक्षाका हरेक पक्षमा परिवर्तन गरियो। स्कूललाई दिने पैसा, स्कूलको सञ्चालन तरिका, पाठ्यक्रमको स्तर, परीक्षा प्रणाली, स्थानीय र केन्द्रीय सरकारको भूमिका, स्कूल भर्ना आदि जस्ता स्कूले शिक्षासँग सम्बन्धित सबै कुरा फेरिए। एउटै कुरा चाहिँ फेरिएन- परिणाम। बेलायतीहरूको पढाइ-लेखाइ र हिसाब गर्ने क्षमतामा विगत ५० वर्षयता देख्न सकिने खालको सुधार भएको छैन।

बेलायत मात्रै होइन; अरू देशको पनि हालत यस्तै छ। अष्ट्रेलियाले १९७० यता प्रति विद्यार्थी लगानी झण्डै तीन गुणा पार्‍यो। तर शिक्षा क्षेत्रमा सुधार आएन। अमेरिकाले १९८० यता शिक्षा क्षेत्रको खर्च झण्डै दुई गुणा बढायो। कक्षामा विद्यार्थीको सङ्ख्या घटाएर यसअघि कहिल्यै नभएको सङ्ख्यामा झारियो। तर अहँ, केही सुधार भएन। यी उदाहरण हेर्दा स्कूलको अवस्था जति र जे गरे पनि नसुध्रिने गरी जब्बर भएर बसेजस्तो लाग्छ।

प्रश्न उठ्न सक्छ- जे गरे पनि हुँदैन भने किन टाउको दुखाउने त? तर केही न केही त गर्नै पर्छ। विभिन्न देशको शैक्षिक स्तरमा धेरै ठूलो अन्तर छ। अन्तर्राष्ट्रिय तहमा शैक्षिक स्तर नाप्ने काम सम्पन्न देशहरूको सङ्गठन 'ओईसीडी'ले गर्दै-गराउँदै आएको छ। 'ओईसीडी'का अध्ययनले दुई वटा स्पष्ट निष्कर्ष निकालेको छ: (क) शैक्षिक स्तर नराम्रो भएका देशले भन्दा शैक्षिक स्तर राम्रो भएका देशले शिक्षा क्षेत्रमा धेरै काम गरेका छन् अर्थात् जुन देशले विशेष प्रयत्न गरेका छन् तिनको शैक्षिक स्तर राम्रो भएको छ, जसले कम प्रयत्न गरे तिनको शिक्षाको स्तर न्यून नै रहेको छ। र; (ख) यस्तो मूल्याङ्कनमा क्यानडा, फिनल्यान्ड, जापान, सिङ्गापुर र दक्षिणकोरिया पटक-पटक अगाडि देखिएका छन्।

शैक्षिक क्षेत्रमा सफल देखिएका देशहरूका बीचमा के कुरामा समानता छ त? यस प्रश्नको जवाफ अचम्मलाग्दो छ। त्यस्ता देशहरू शिक्षामा बढी पैसा खर्च गर्ने देशमध्येमा पर्दैनन्। सिङ्गापुरको प्रति विद्यार्थी खर्च अरू देशभन्दा कम छ। त्यस्ता देशहरूमा पढाउने समय पनि बढी छैन। फिनल्यान्डका विद्यार्थी अरू धनी देशका विद्यार्थी भन्दा ढिलो उमेरमा स्कूल जान्छन् र दिनको थोरै घण्टा मात्र स्कूलमा पढ्छन्।

अन्तर्राष्ट्रिय परमर्शदातृ संस्था *मक्किन्से* ले शिक्षाको अवस्था सुधार्न शिक्षा क्षेत्रका संस्थाले अहिलेसम्म नगरेका काम गर्ने उपाय सुझाएको छ। 'ओईसीडी'को विद्यार्थी मूल्याङ्कन सम्बन्धी अन्तर्राष्ट्रिय कार्यक्रमको परिणामका आधारमा उसले अघि सारेका तीन वटा उपाय हुन्: १) सबैभन्दा उत्तम शिक्षक नियुक्ति गर, २) शिक्षकबाट सकेसम्म उत्तम र धेरै काम लेऊ र; ३) विद्यार्थी कमजोर हुन थालेको थाहा पाउने वित्तिकै विशेष ध्यान दिन थालिहाल। यस्ता काम स्कूलले पहिलेदेखि नै गर्दै आएका

इन्टरनेट तस्विर



**शिक्षा क्षेत्र सुधार्न विशेष प्रयत्न गर्ने फिनल्याण्डजस्ता देशको शैक्षिकस्तर राम्रो छ।**

प्रतिभालाई काम लगाउँदा दिनुपर्ने तलब जुटाउन गाह्रो पर्छ। अर्को कारण हो- सरकारका भिन्न लक्ष्य र प्राथमिकता। धेरैजसो धनी देशहरूले हाल आएर एउटा कक्षामा थोरै विद्यार्थी भर्ना गर्ने नीति लिएका छन्। एउटा कक्षामा थोरै विद्यार्थी भर्ना गर्नु भनेको धेरै वटा कक्षा चलाउनु हो, थप शिक्षक चाहिनु हो। साधनस्रोत नबढाउने हो भने यसो गर्दा थोरै शिक्षकले खाइपाइ आएको तलब धेरै शिक्षकलाई बाँड्नुपर्छ। उनीहरूको पेशागत मर्यादा पनि घट्छ।

## एसियाली चलन वा राम्रो नीति ?

*मक्किन्से* ले के तर्क गरेको छ भने शैक्षिक स्तर राम्रो भएका देशहरूले अचम्मलाग्दो गरी उत्तम जनशक्तिलाई शिक्षा क्षेत्रमा तानेका छन्। फिनल्यान्डमा शिक्षक बन्न खोज्नेले स्नातकोत्तर पास गरेकै हुनुपर्छ। दक्षिण कोरियामा शिक्षक हुन चाहनेले कलेजमा उत्कृष्ट पाँच प्रतिशत विद्यार्थी मध्येमा पर्नुपर्छ। कलेजमा राम्रो गर्ने तीस प्रतिशत विद्यार्थीभित्र नपर्ने मान्छेले सिङ्गापुर र हङकङमा शिक्षक हुने सपना नदेखे हुन्छ।

राम्रो परिणामका लागि शिक्षकलाई सकेसम्म बढी तलब दिनुपर्छ, धेरै शिक्षकलाई तालिम दिएर तालिममा राम्रो गर्नेहरूलाई मात्र शिक्षक बनाउनुपर्छ भन्ने पनि कतिपयलाई लाग्न सक्छ। तर *मक्किन्से* का अनुसार कुरा त्यसो होइन। तलब त्यति महत्त्वपूर्ण कुरा भएको भए शिक्षकलाई सबैभन्दा बढी तलब दिने देशहरू जर्मनी, स्पेन र स्वीट्जरल्यान्डको शिक्षाको स्तर अरूभन्दा राम्रो हुनुपर्थ्यो। तर शैक्षिक स्तर राम्रो भएका देशमा शिक्षकको तलब औसत खालको मात्रै छ।

शैक्षिक क्षेत्रमा राम्रो स्तर कायम गरेका देशहरूले धेरै जनालाई तालिम दिएर तीमध्ये राम्रालाई शिक्षक बनाउने पनि होइनन्। बरु, उनीहरूले यसको ठीक उल्टो गर्छन्। सिङ्गापुरमा जति शिक्षक चाहिएको छ त्यतिलाई मात्र तालिम दिइन्छ। शिक्षा मन्त्रालयले तालिममा राखिसकेपछि उनीहरूले जागिर पाउने कुरा लगभग पक्का हुन्छ। फिनल्यान्डमा पनि शिक्षकको आपूर्तिको सीमा तोकिएको छ। यी दुवै देशमा शिक्षण पेशालाई उच्च मर्यादा भएको पेशा मानिन्छ (किनभने त्यहाँ शिक्षक हुनका लागि कडा प्रतिस्पर्धा गर्नुपर्छ) र थोरै मानिसलाई शिक्षक तालिम दिइनाले उनीहरूलाई गतिलै भत्ता दिइन्छ।

दक्षिण कोरियामा प्राथमिक र माध्यमिक शिक्षक भर्ना गर्न अलग-अलग नीति लिइएको छ। त्यहाँका जुनसुकै कलेजमा पढेकाहरू प्राथमिक स्कूलको शिक्षक हुन पाउँदैनन्। तोकिएका १२ वटामा कलेजमा चार वर्षको अन्डरग्र्याजुयट कोर्स पूरा गरेकाहरू मात्र प्राथमिक शिक्षकको उम्मेदवार बन्न सक्छन्। पढाइ राम्रो हुनुपर्छ। जतिजना शिक्षक चाहिएको छ त्यतिलाई मात्र तालिम दिइन्छ। यसको ठीक उल्टो, माध्यमिक स्तरको शिक्षक तालिम लिनका लागि त्यहाँका ३५० वटा मध्ये जुन

> **धेरै तलब नदिँदा पनि कलेजमा सबैभन्दा जेहेन्दार जनशक्तिमा 'शिक्षक बनौं' भन्ने भावना जगाउन सकिन्छ। यसो भएका खण्डमा र सही नीति लागू गर्न सकेमा स्कूल र विद्यार्थी दुवै कमजोर हुनुपर्दैन।**

छन् त ? खासै भन्ने हो भने छैनन्। यी कुरालाई गम्भीरतापूर्वक लिइएको भए शैक्षिक स्तर अर्कै हुनेथियो।

उत्तम जनशक्तिलाई शिक्षक बनाउने। "एउटा देश वा समुदायको शैक्षिक प्रणालीको स्तर शिक्षकको स्तरभन्दा राम्रो हुनसक्दैन" एकजना दक्षिण कोरियाली अधिकारीको यो भनाइमा शङ्का गर्ने ठाउँ छैन। अमेरिकाको टेनेसी र डल्लासमा गरेको अध्ययनले के देखाएको छ भने औसत क्षमता भएका विद्यार्थीहरू पेशामा उत्तम पाँचमा दरिएका शिक्षकको जिम्मा दिने हो परीक्षामा उनीहरू उत्तम १० प्रतिशत विद्यार्थीमध्येमा पर्नेछन्। तिनै विद्यार्थी कूर शिक्षकको जिम्मामा सुम्पिइदिने हो भने उनीहरू नालायक विद्यार्थीहरूको श्रेणीमा पर्नेछन्। विद्यार्थी सुयोग्य हुन्छ वा अयोग्य भन्ने कुराको निर्धारण गर्नमा पढाउने शिक्षकको स्तरको जति भूमिका हुन्छ त्यति भूमिका अरू कुनै पनि कुराको हुँदैन।

तैपनि धेरैजसो स्कूलहरू शिक्षकका रूपमा उत्तम जनशक्तिलाई आकर्षित गर्नेतिर लाग्दैनन्। अमेरिकी गैरसरकारी संस्था *न्यू कमिसन अन द स्किल्स अफ द अमेरिकन वर्कफोर्स* का अनुसार अमेरिकामा 'थोरै अङ्क ल्याएर कलेज पास गर्नेहरूलाई शिक्षक बनाइन्छ।'

सबैभन्दा उत्तम प्रतिभालाई शिक्षक बनाउन नखोज्नुको एउटा कारण त उनीहरूलाई पर्याप्त तलब दिने समस्या नै हो। सरकारहरूलाई के डर लाग्छ भने त्यस्ता

**शिक्षा क्षेत्र सुधार्न प्रयत्न नगर्ने नेपालजस्ता देशको शैक्षिकस्तर कमजोर छ।**

कलेजमा पढेको भए पनि हुन्छ। छनोटका आधारहरू पनि त्यति कठोर हुँदैनन्। यसले गर्दा धेरै ठूलो समूहबाट माध्यमिक शिक्षक छनोट गर्न सकिन्छ। फलस्वरुप, दक्षिण कोरियामा माध्यमिक शिक्षकलाई कम मर्यादा भएको ठानिन्छ। त्यसैले त्यहाँ शिक्षक हुन चाहने हरेक मान्छे पाएसम्म प्राथमिक शिक्षक बन्न चाहन्छ।

## शिक्षकलाई पढाउने

धेरै देशमा योग्य व्यक्तिलाई शिक्षक पदमा नियुक्ति दिएपछि 'पढाउन आफैं सिक' भनेर उनीहरूलाई कक्षाकोठमा घँचेटिदिने चलन छ। तर डाक्टरले अस्पतालका वार्डमा तालिम पाएजस्तो शिक्षकले कक्षाकोठामा तालिम पाउन सक्दैनन्। शैक्षिक स्तर राम्रो भएका देशहरूले यस समस्याको पनि समाधान निकालेका छन्। सिङ्गापुरमा शिक्षकलाई बर्सेनि १०० घण्टाको तालिम दिइन्छ र उनीहरूको पेशागत दक्षता बढाउन हरेक स्कूलमा वरिष्ठ शिक्षक नियुक्त गरिएको हुन्छ। जापान र फिनल्यान्डमा शिक्षकहरूको समूह एकअर्काका कक्षामा जान्छ र मिलेर पाठयोजना बनाउँछ। फिनल्यान्डका शिक्षकले हप्तामा आधा दिन यस कामका लागि छुट्टी पाउँछ। अमेरिकाको सबैभन्दा राम्रो सार्वजनिक शिक्षा भएको बोस्टनमा एउटै विषय पढाउने शिक्षकहरूले एकापसमा मिलेर पाठयोजना बनाउन मिल्ने गरी क्लास रुटिन मिलाइएको हुन्छ। यसले गर्दा राम्रा तरिका/विचार फैलन पाउँछन्। कसैले भनेका छन्, "कुशाग्र अमेरिकी शिक्षक रिटायर हुँदा उसको पाठयोजना पनि रिटायर हुन्छ तर कुशाग्र जापानी शिक्षक रिटायर हुँदा उसले परम्परा स्थापित गरेको हुन्छ।"

शिक्षा क्षेत्रमा अगाडि रहेका धेरैजसो देशहरू शिक्षक भर्तीको सवालमा मात्रै अरू देशभन्दा फरक छैनन्। यी देशहरूले बितेका केही वर्षमा आफ्नो गुणस्तर खस्केको छ कि भनेर जाँच प्रणालीमा पनि जोड दिएका छन्। *मक्किन्से* को प्रतिवेदनले कुन देशको कस्तो जाँच प्रणाली उपयोगी छ वा कुन देशको जाँच प्रणाली कमजोर छ भनेर किटेको छैन। यस मामलामा रिपोर्ट तटस्थ छ। रिपोर्टका अनुसार, बोस्टनमा हरेक विद्यार्थीको जाँच हरेक वर्ष स्कूलले आफैं लिन्छ। फिनल्यान्डमा स्कूलले जाँच लिँदैन; राष्ट्रिय स्तरको परीक्षा सञ्चालन गर्नेकै जिम्मामा छाडिदिन्छ। यस्तैगरी, न्यूजिल्यान्ड, इङ्गल्यान्ड र वेल्समा हरेक तीन वा चार वर्षमा स्कूलको *(विद्यार्थीको होइन)* परीक्षा लिइन्छ र यसको रिजल्ट सार्वजनिक रूपमा प्रकाशित गरिन्छ। तर सबैभन्दा राम्रो शैक्षिक स्तर भएको फिनल्यान्डमा स्कूलको औपचारिक मूल्याङ्कन गर्ने चलन छैन, अनौपचारिक रूपमा गरिने परीक्षणको रिजल्ट गोप्य राखिन्छ।

विद्यार्थी र स्कूल फेल हुन थाले भने के गर्ने भन्ने कुरामा पनि राम्रो शैक्षिक स्तर भएका देशहरूका बीचमा समानता छ। उनीहरू नतिजा नराम्रो आउन थाल्ने बित्तिकै समाधानतिर लाग्छन्। फिनल्यान्डमा सबैभन्दा बढी विशेष-

किरण पाण्डे



**"सिङ्गापुरमा कुल विद्यार्थीमध्ये कमजोर २० प्रतिशतलाई अतिरिक्त कक्षाको व्यवस्था गरिएको छ। त्यहाँका शिक्षकहरूले यस्ता विद्यार्थीलाई मद्दत गर्नका लागि छुट्टी भएपछि पनि स्कूलमा काम गर्नुपर्छ।"**

शिक्षा शिक्षक छन्; (केही स्कूलमा त हरेक सातजना शिक्षकमा एकजना विशेष-शिक्षा शिक्षक) जसको ध्याउन्न कमजोर विद्यार्थीलाई सक्षम बनाउनु हुन्छ। कुनै वर्षमा त एकतिहाइ विद्यार्थीको शैक्षिक अवस्था उकास्न एक-एक जनालाई गरेर अतिरिक्त पाठ पढाइन्छ। सिङ्गापुरमा कुल विद्यार्थीमध्ये कमजोर २० प्रतिशतलाई अतिरिक्त कक्षाको व्यवस्था गरिएको छ। त्यहाँका शिक्षकहरूले यस्ता विद्यार्थीलाई मद्दत गर्नका लागि छुट्टी भएपछि पनि स्कूलमा काम गर्नुपर्छ।

*मक्किन्से* प्रतिवेदनले शिक्षा नीति सम्बन्धमा अहिलेसम्म नउठाएका कुरा उठाएको छ। शिक्षक, स्कूल सञ्चालक अथवा अभिभावक जसलाई सोधे पनि धेरै तलब नदिइकन राम्रा शिक्षक पाइँदैन भन्छन्। उनीहरूले भन्लान्- सिङ्गापुर सफल हुनुको कारण त्यहाँको समाजलाई प्रभावित पारेको कन्फ्युसियस विचारधारा हो। कसैले भन्लान् सांस्कृतिक कारणले गर्दा एसियाली विद्यार्थीहरूको आनीबानी राम्रो छ र उनीहरू पढाइमा ध्यान दिन्छन्। *मक्किन्से* को सल्लाह बढी आशावादी खालको छ: उत्तम जनशक्तिलाई शिक्षण पेशामा तान्न सकिन्छ कि सकिँदैन भन्ने कुरा शिक्षक छनोट र तालिममा भर पर्छ। धेरै तलब नदिँदा पनि कलेजमा सबैभन्दा जेहेन्दार जनशक्तिमा शिक्षक बनौं भन्ने भावना जगाउन सकिन्छ। यसो भएका खण्डमा र सही नीति लागू गर्न सकेमा स्कूल र विद्यार्थी दुवै कमजोर हुनुपर्दैन।

**प्रस्तुतिः मोहन मैनाली**

*(१८ अक्टोबर २००७ मा द इकोनमिस्ट मा प्रकाशित लेखको भावानुवाद)*

मनेश श्रेष्ठ

# स्कूल भन्नाले १ देखि १२ कक्षा एसएलसी जाँच खारेज हुने

**परियोजना नै परियोजनाहरुले ढाकेको नेपालको शिक्षा क्षेत्रमा सरकारले फेरि अर्को परियोजना भित्र्याएको छ– 'विद्यालय क्षेत्र सुधार कार्यक्रम'। १ देखि १२ कक्षासम्मलाई एउटै प्रणालीभित्र समेट्ने र एसएलसी परीक्षा खारेज गर्ने मूल चरित्र बोकेको यो कार्यक्रम सफल–असफल के हुन्छ भन्ने चाहिँ अज्ञात छ, किनभने विगतका परियोजनाको मूल्याङ्कन गरी त्यसबाट सिक्ने प्रयास यसपटक पनि गरिएको छैन।**

किरण पाण्डे



आफ्नो क्षमता राष्ट्रिय औसतभन्दा घटी–बढी के छ जान्न विद्यार्थीहरुले अहिले एसएलसीसम्म पर्खनुपर्छ। पछि, १२ कक्षासम्म।

केही साताअघि एसियाली विकास बैंक (एडीबी) ले नेपाल सरकारलाई आठ करोड अमेरिकी डलर (करिब रु.५० करोड) अनुदान दिने घोषणा गऱ्यो। त्यसबखत जारी गरिएको प्रेस विज्ञप्ति अनुसार यो रकम नेपालको स्कूल शिक्षालाई १२ वर्षको एकीकृत प्रणाली (आठ वर्षको आधारभूत शिक्षा र चार वर्षको माध्यमिक शिक्षा) मा परिणत गर्न खर्च गरिनेछ।

दाताहरूको दबाबले हो या मौलिक सोचाइ र देशको खाँचो पहिल्याउन नसकेर हो; नेपालको शिक्षा क्षेत्रमा डेढ दशकदेखि एकपछि अर्को गर्दै यस्ता कार्यक्रम लागू भएका छन्, दातृ संस्थाहरूको सहभागितामा। यसअन्तर्गत विद्यालय पाठ्यक्रमको परिमार्जन, शिक्षक तालिम, कक्षाकोठा निर्माण, शिक्षा विभागको स्थापना जस्ता धेरै सकारात्मक काम भएका छन्। तर खर्च भएको रकम अनुसार विद्यालयमा पढ्न आउने केटाकेटीको सङ्ख्यामा उल्लेखनीय वृद्धि भएको छ/छैन र विद्यार्थीको सिकाइमा आशा गरेअनुसार सुधार भइरहेको छ/छैन भन्ने कुरा भने अज्ञात छ।

### कार्यक्रम के हो ?

शिक्षा मन्त्रालयले 'विद्यालय क्षेत्र सुधार कार्यक्रम' नाम दिएको यो नयाँ कार्यक्रमको मूल कुरा- १ देखि १२ सम्मका सबै कक्षालाई एकीकृत गरी सिङ्गो स्कूल निर्माण गर्ने हो। सन् २००९ (वि.सं. २०६६ को शैक्षिक सत्र) देखि लागू हुने यो प्रणालीअनुसार कक्षा १ देखि ८ लाई आधारभूत तह र कक्षा ९ देखि १२ लाई माध्यमिक तहको संज्ञा दिइनेछ। देशव्यापी रूपमा अहिले लिने गरिएको एसएलसीको सट्टा १२ कक्षाको अन्त्यमा त्यस्तो परीक्षा लिइनेछ र त्यसलाई 'उच्च माध्यमिक तह प्रमाणपत्र' (अङ्ग्रेजीमा 'हाइयर सेकेण्डरी लेभल सर्टिफिकेट'- एचएसएलसी) भनिनेछ।

शिक्षा मन्त्रालयले गत असोजमा तयार पारेको यस कार्यक्रमको मस्यौदा दस्तावेज अनुसार विद्यालय क्षेत्र सुधार कार्यक्रमको सुरुआत सन् १९८९ मा लागू गरिएको

उच्च माध्यमिक शिक्षा ऐनबाट नै भएको हो । त्यसपछि सन् ९० को दशकमा दुई चरणमा कार्यान्वयन गरिएको आधारभूत तथा प्राथमिक शिक्षा परियोजना तथा सन् २००४ मा लागू भएको 'सबैका लागि शिक्षा कार्यक्रम' पनि विद्यालय क्षेत्र सुधार कार्यक्रमकै अङ्ग हुन् भनिएको छ । त्यस्तै, सन् १९९० को दशकमा लागू गरिएको माध्यमिक शिक्षा सहयोग कार्यक्रमअन्तर्गत माध्यमिक तहको पाठ्यक्रम परिमार्जन र निम्नमाध्यमिक र माध्यमिक तहका शिक्षकलाई तालिम दिन २४ वटा केन्द्र स्थापना गरिए ।

"सन् २००९ मा सबैका लागि शिक्षा, माध्यमिक शिक्षा सहयोग कार्यक्रम र शिक्षाका लागि खाद्य जस्ता कार्यक्रम समाप्त हुन्छन् । त्यसपछि यो नयाँ 'विद्यालय क्षेत्र सुधार कार्यक्रम' शुरु हुन्छ", शिक्षा मन्त्रालयको योजना महाशाखाका प्रमुख एवं यस कार्यक्रमका संयोजक अर्जुनबहादुर भण्डारी बताउँछन् । *(हे. अन्तर्वार्ता पृ.१४)* । सरकारको अहिलेको योजना अनुसार सन् २०१२ सम्म आधारभूत तहको समायोजन सकिनेछ र सन् २०१५ (वि.सं. २०७२) मा माध्यमिक तहको पढाइ सक्ने विद्यार्थी पहिलो पटक एचएसएलसी परीक्षामा बस्नेछन् ।

## कार्यक्रमका चुनौती

नेपालको विद्यालय शिक्षाका चुनौती थुप्रै छन्- प्राथमिक तहमा स्कूल छाड्ने दर उच्च छ, शिक्षक, भौतिक पूर्वाधार र स्तरीय शिक्षाको ठोस व्याख्याको अभाव छ, विद्यार्थीमा अपेक्षा गरेजति शैक्षिक योग्यता विकास हुनसकेको छैन । 'विद्यालय क्षेत्र सुधार कार्यक्रम'ले पनि अरू चुनौती थप्ने निश्चित छ । उक्त कार्यक्रमको दस्तावेज अनुसार विद्यालय व्यवस्थापन र परीक्षा प्रणालीको विकेन्द्रीकरण, कक्षा ९ देखि व्यावसायिक शिक्षाको थालनी, शिक्षक व्यवस्थापन जस्ता नयाँ चुनौती आउनेछन् । नयाँ कार्यक्रम लागू गर्न योजना बनाइसके तापनि त्यसको बोझ थेग्न सक्ने सरकारको क्षमता भने न्यूनको न्यून नै छ ।

हाल देशभरि चलिरहेका विद्यालय विभिन्न स्तरका छन्- कसैमा १ कक्षा मात्र छ भने कसैमा १ र २, कसैमा १ देखि ३ कक्षा, कसैमा १ देखि ४, कसैमा १ देखि ५, कसैमा १ देखि ६, कसैमा ६ देखि ८ कसैमा ८ देखि १० आदि । यस्ता विद्यालयलाई एकीकृत गरेर आधारभूत शिक्षालाई तीन चरणमा विभाजन गरी कक्षा १ देखि ३ लाई आधार, १ देखि ५ लाई प्राथमिक र १ देखि ८ लाई माथिल्लो प्राथमिक विद्यालयका रूपमा परिभाषित गर्ने सरकारी सोचाइ रहेको छ । नयाँ नीतिअनुसार यस्ता विद्यालय गाभिनेछन् । त्यस्तै माध्यमिक तहमा दुई प्रकारका विद्यालय हुनेछन्- १ देखि १० कक्षा र १ देखि १२ कक्षा भएका । यसका लागि कुनै क्षेत्रमा विद्यालय न्यून वा पर्याप्त के छन् भनेर हेर्नु जरुरी हुन्छ । जनसङ्ख्याको आधारमा कुन तहको विद्यालयले कति मानिसलाई सेवा प्रदान गर्ने भन्ने विषयमा मापदण्ड तयार गर्नुपर्नेछ । दुई अथवा त्योभन्दा बढी स-साना विद्यालयलाई गाभेर एउटा विद्यालय बनाउनुपर्ने हुन्छ । दुई वटा विद्यालय गाभेर बनाइएको विद्यालय कुन गाउँमा

मोहन मैनाली



माथिल्लो कक्षा चढ्दै जाँदा विद्यार्थी घट्ने क्रम रोकिएन भने शिक्षामा भएको लगानीलाई सार्थक मान्न सकिन्न ।

राख्ने ? यस्तो निर्णय कसले गर्ने ? के आधारमा गर्ने ? भन्ने चुनौती आउनेछन् । विद्यालय गाभ्ने, सार्ने वा खारेज गर्ने जस्तो विषय स्वतः राजनीतिक मुद्दा बन्न जान्छ ।

भण्डारी भन्नुहुन्छ, "यसको सबैभन्दा ठूलो फाइदा हो- भएको स्रोत र साधनको सदुपयोग ।" तर नेपालको शिक्षा क्षेत्रमा चाहिने जति स्रोत र साधन उपलब्ध छैन- न त चाहिने जति शिक्षक छन् न कक्षा कोठा, न आँटेको कार्यक्रम थेग्न सक्ने खालका पर्याप्त नियम कानून ।

शिक्षा विभागको आँकडा अनुसार अहिले करिब ६० हजार शिक्षक अपुग छन् । तर तुरुन्तै नयाँ दरबन्दी सिर्जना गर्ने योजनामा सरकार देखिँदैन । भण्डारी भन्छन्, "केन्द्रले शिक्षकको दरबन्दी बढाउँदैन तर कुनै विद्यालयमा चाहिने जति शिक्षक पदपूर्ति स्थानीय तह र केन्द्रबाट मिलेर हुन्छ ।" यसको लागि स्थानीय तहमा पदपूर्ति गर्ने क्षमतासँगै शिक्षकको सेवा/सुविधा समायोजन हुनै पर्ने हुन्छ । र स्थानीय तह अधिकारसम्पन्न पनि हुनुपर्छ । तर यी पनि राजनीतिक मुद्दा नै हुन् । 'नयाँ नेपाल' को नारामुनि केन्द्र र प्रान्त/प्रदेश तथा त्योभन्दा तल्लो निकायमा शक्तिको बाँडफाँड कसरी हुन्छ भन्ने विषयमा दलहरूले अहिलेसम्म केही बोलेका छैनन् । संविधानसभाको चुनाव, त्यसले बनाउने नयाँ संविधान अनि त्यो संविधानअनुसार बन्ने शिक्षासम्बन्धी ऐनले अहिले कल्पना गरिएको विद्यालय क्षेत्र सुधार कार्यक्रमको मर्मलाई यथा रूपमा आत्मसात गर्ने हो कि हैन; त्यसबेलाको सरकारको प्राथमिकतामा यस्ता कुरा पर्छन् कि पर्दैनन् अथवा साधन-स्रोत, कानून र राजनीतिक इच्छाशक्ति यसका चुनौतीलाई धान्न सक्ने जति बलियो हुन्छ कि हुँदैन भन्ने जस्ता थुप्रै पक्षहरुमा अन्योल व्याप्त छ ।

अर्कोतिर अहिलेको नियमानुसार एसएलसी पास गरेको व्यक्ति प्राथमिक तहमा पढाउन योग्य हुन्छ, निम्नमाध्यमिक कक्षा पढाउन १२ कक्षा अथवा प्रवीणता प्रमाणपत्र तह पास गरेको हुनुपर्छ, माध्यमिक तहको लागि स्नातक

# 'आधारभूत शिक्षा राज्यको दायित्व हो'



किरण पाण्डे

**अर्जुनबहादुर भण्डारी**
**संयोजक, विद्यालय क्षेत्र सुधार कार्यक्रम**

**१ देखि १२ कक्षालाई 'विद्यालय शिक्षा' भनेर किन नयाँ किसिमले परिभाषित गर्न लागिएको हो ?**

अहिलेको ५ कक्षासम्मको आधारभूत र प्राथमिक शिक्षाको कुनै व्यक्तिलाई जीवनयापनका लागि चाहिने सीप दिँदैनन् । ८ कक्षासम्म पढिसकेपछि उसले नयाँ कुरा सिक्ने क्षमता विकास गरिसकेको हुन्छ । जस्तै व्यावसायिक शिक्षा । अर्को कुरा ५ कक्षा पढेपछि कुनै व्यक्तिले प्राथमिक शिक्षा सकिहाल्यो भनेर पढ्न छोड्न सक्छ तर नयाँ प्रणाली अनुसार आधारभूत शिक्षा (कक्षा ८) सकेपछि मात्र स्कूल छोड्छ । यसो गर्दा शिक्षा प्रणालीको आन्तरिक कुशलता पनि बढ्छ । आधारभूत शिक्षा राज्यको दायित्व भएको हुनाले यो दायित्व पूरा गरेपछि कुनै विद्यार्थी सक्षम नागरिक पनि बन्न सक्छ । अर्को कुरा १२ कक्षा उत्तीर्ण भएपछि काम पाउन पनि विद्यार्थी सक्षम हुनेछ ।

**विद्यमान एसएलसी प्रणाली के हुन्छ ?**

अहिलेको केन्द्रीकृत रूपको एसएलसी रहँदैन । नयाँ पद्धतिमा शिक्षा सेवा तीन तहबाट प्रदान गरिनेछ- केन्द्रीय तह, मध्य तह (जसमा नयाँ संविधान अनुसार बन्ने क्षेत्र, प्रान्त/प्रदेशको जिम्मेवारी हुन्छ) र स्थानीय तह जसमा जिल्लाहरु पर्छन् । अहिलेको प्रस्ताव अनुसार क्षेत्र; प्रान्त वा प्रदेशले १० कक्षाको जाँच सञ्चालन गर्नेछ र माध्यमिक तह प्रमाणपत्र प्रदान गर्नेछ । केन्द्रले चाहिँ १२ कक्षाको अर्थात् 'उच्च माध्यमिक तह प्रमाणपत्र'को जाँच लिनेछ । त्यस्तै गरेर ८ कक्षाको अन्त्यमा अनि आधारभूत शिक्षा प्रमाणपत्र प्रदान गरिनेछ ।

**विभिन्न क्षेत्र/प्रदेशको स्तर फरक हुनसक्ने भयो नि ?**

केन्द्रले हरेक तहमा सिक्नुपर्ने न्यूनतम मापदण्ड निर्धारण गरिदिनेछ र त्यस अनुसारको विद्यार्थीको सिकाइ उपलब्धि भएको छ/छैन हेर्ने जिम्मा स्थानीय सरकारको नै हुनेछ । यसो गर्दा विद्यालय र शिक्षक स्थानीय जनताप्रति उत्तरदायी हुनेछन् भन्ने हाम्रो विश्वास छ । तर यो दायित्व विद्यालय, क्षेत्र, जिल्लामा त्यत्तिकै लादिदैन । उनीहरूले हामी यो दायित्व पूरा गर्न तयार छौं भनेपछि मात्र यस्तो दायित्व स्थानीयस्तरमा हस्तान्तरण हुनेछ र सन् २०१५ सम्म यो प्रक्रिया पूरा हुने हाम्रो योजना छ । विभिन्न तहको सिकाइ उपलब्धिको गुणस्तर कायम गर्न गुणस्तर मापदण्ड पनि निर्धारण हुन्छ र कक्षा ५, ८ र १० मा राष्ट्रिय स्तरको मूल्याङ्कन पनि हुन्छ ।

**गुणस्तरको मापदण्ड तोकेपछि केन्द्रले चाहिने जति शिक्षक दरबन्दी उपलब्ध गराउँछ त ?**

केन्द्रीय स्तरबाट शिक्षकको दरबन्दी बढ्दैन । शिक्षा सेवा प्रदान गर्न खर्च बाँडफाँडको सिद्धान्त अपनाइन्छ । शिक्षक, भौतिक संरचना जस्ता खर्च केन्द्रले र स्थानीय निकायले व्यहोर्छन् ।

**यो कार्यक्रमका चुनौती के के छन् ?**

सबैभन्दा ठूलो चुनौती क्षमता हो । यसमा तीन किसिमका क्षमता पर्छन्- व्यक्तिगत, संस्थागत र प्रणालीको क्षमता । व्यक्तिगत क्षमता भन्नाले शिक्षक, योजनाकारको क्षमता बुझिन्छ- उनीहरूले आफ्नो जिम्मेवारी पूरा गर्न सक्छन् कि सक्दैनन् । संस्थागत क्षमता भन्नाले विद्यालयको क्षमता अथवा स्थानीय स्तर र केन्द्रीय स्तरमा यो कार्यक्रम सफलतापूर्वक लागू गर्न सक्ने क्षमता हो । प्रणालीको क्षमता भन्नाले नीतिको क्षमता, नियम कानून पर्याप्त छ/छैन भन्ने कुरा । अहिले कसैले १२ कक्षामा मानविकी पढेको छ भने कलेजमा पनि मानविकी नै पढ्नुपर्छ, उसले पछि विज्ञान पढ्न किन नपाउने ? पढ्न पाउनुपर्ने क्षमता प्रणालीमा विकास गर्नुपर्छ । तर यी सबै क्षमता अन्तर सम्बन्धित छन् ।

***(विद्यालय क्षेत्र सुधार कार्यक्रमः नीति तथा रणनीतिसम्बन्धी मूल दस्तावेज निम्न वेबसाइटमा उपलब्छ छ : http://www.moe.gov.np/admin/upload_ pdf_digital_form/ssr%20nep.pdf)***

पास गरेको हुनुपर्छ र उच्च माध्यमिक तहको लागि स्नातकोत्तर तह पास गरेको हुनुपर्छ। नयाँ 'विद्यालय सुधार कार्यक्रम' ले कक्षा १ देखि ८ सम्म अध्यापन गर्न आईएड या कक्षा १२ उत्तीर्ण भई 'उपयुक्त शिक्षक तयारी कोर्ष' लिएको र माध्यमिक तह (कक्षा ९ देखि १२) मा पढाउन स्नातकोत्तर तह पास गरेको हुनुपर्ने व्यवस्था गरेको छ। कक्षा ९ र १० मा अध्यापन गर्न 'उपयुक्त शिक्षक तयारी कोर्ष' गरेका स्नातकलाई पनि दिने भनिएको छ। सिद्धान्ततः यसमा कुनै समस्या नदेखिए पनि भइरहेका शिक्षकलाई योग्यताका आधारमा पुनः वर्गीकरण गर्नु फलामको चिउरा चपाउनु भन्दा कम नहुने पक्का छ।

शिक्षक आपूर्तिको यो नीतिका अरू पनि चुनौती छन्। सरकारले सामुदायिक विद्यालयमा कक्षा १० सम्म मात्रै शिक्षक पूर्ति गर्ने नीति लिएको छ भने कक्षा ११ र १२ चलाउने सामुदायिक विद्यालयलाई एक वा दुई शिक्षक मात्र उपलब्ध गराउँदै आएको छ। एकातिर कक्षा १२ पढेका आधारभूत तहमा अध्यापन गर्ने शिक्षकको तलब सुविधा बढाउनुपर्ने हुन्छ र शिक्षा क्षेत्रको बजेट भार बढ्छ भने अर्कोतिर कक्षा ११ र १२ मा पढाउने शिक्षक पनि प्रणालीमा थपिन्छन्। कक्षा १० सम्म एउटा नीति र कक्षा ११ र १२ मा एउटै कार्यक्रमभित्र भए पनि अर्को नीति लागू गर्न सम्भव हुने छैन। प्रवीणता प्रमाणपत्र तहलाई खारेज गरेर १०+२ प्रणाली लागू गर्ने नीति करिब दुईदशक अगाडि नै बनेको भए पनि अहिलेसम्म पूर्ण रूपमा खारेज हुनसकेको छैन। यसको मुख्य कारण सरकारले यो तहको आर्थिक दायित्वबाट मुक्त हुन खोजेकोले नै हो। प्रवीणता प्रमाणपत्र तह विश्वविद्यालय प्रणाली अन्तर्गत रहँदा यसको अधिक व्ययभार सरकारले लिने अनि १०+२ सामुदायिक विद्यालयलाई हस्तान्तरण गर्दा यसको व्ययभार जनतामा पर्ने स्थिति छ। स्थानीयस्तरमा सरोकारवालाहरूसँग अहिलेसम्म शिक्षा मन्त्रालयले गरेको छलफलमा सबैभन्दा ठूलो चासोको विषय पनि आर्थिक पक्ष नै छ।

'पैसा खोजिँदैछ', भण्डारी भन्छन्, "एसियाली विकास बैंकले अरू दुई करोड ५० लाख अमेरिकी डलर दिँदैछ। पछि अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगसँग यसबारे कुरा हुन्छ।" तर जहिले पनि आर्थिक स्रोत कमी हुने देशमा अर्थ मन्त्रालयले चाहिँ कहाँबाट जुटाउला र पैसा ?

केही वर्ष अगाडि बनेको समुदायलाई विद्यालय हस्तान्तरण गर्ने सरकारी नीति अझै राम्ररी कार्यान्वयन हुनसकेको छैन। विद्यालयले विद्यार्थीलाई प्रदान गर्ने सेवाको गुणस्तर बढाउनका लागि विकेन्द्रीकरणको सिद्धान्तमा आधारित यो नीति लागू हुनु धेरै दृष्टिले उपयुक्त देखिन्छ। तर त्यसनिम्ति शिक्षा क्षेत्रमा विकेन्द्रीकरणको परिभाषा र व्याख्या के हो भन्ने आधारभूत प्रश्न नै अनुत्तरित छ। सिद्धान्ततः यो पद्धति अनुसार विद्यालय र शिक्षकहरु विद्यालय व्यवस्थापन समितिप्रति उत्तरदायी हुनुपर्छ। तर यो कसरी बनाउने ? अहिलेजस्तै सरकार (केन्द्रीय होस् या प्रान्तीय) ले तलब दिने तर काम लगाउने व्यवस्थापन समिति भयो भने शिक्षकबाट काम लिन कठिन हुन्छ। यो विसङ्गतिलाई निराकरण गर्ने उपाय खोज्न बाँकी नै छ। यसका निम्ति शायद अरु बढी विकेन्द्रीकरण आवश्यक पर्छ। कानूनी रूपमा विकेन्द्रीकरण यसको एउटा पाटो हो भने विद्यालय व्यवस्थापन समितिलाई क्षमतावान् बनाउनु पनि त्यतिकै जरुरी हुन्छ। तर यस्ता समितिलाई गुणस्तर के हो, शिक्षकले कस्तो स्थितिमा उपयुक्त सेवा प्रदान गर्न सक्छन् भन्ने कुरा बुझाउन कति वर्ष, कति साधन-स्रोत र कति कठोर परिश्रम गर्नुपर्ला ?

## पाठ्यक्रम र परीक्षाको व्यवस्था

शिक्षाको क्षेत्रमा हुने सबै शैक्षिक कार्यक्रमको केन्द्रबिन्दु अन्ततः विद्यार्थी नै हुनुपर्छ। कुनै कार्यक्रमको सफलता या असफलता विद्यार्थीले कति सिके वा सिकेनन् भन्ने कुराले देखाउँछ। योग्यता वा सिकाइ नाप्ने मुख्य मापदण्ड परीक्षा हो। विद्यालय क्षेत्र सुधार कार्यक्रमको दस्तावेज अनुसार कक्षा ८ को अन्त्यमा जिल्ला शिक्षा कार्यालयले (आधारभूत शिक्षा प्रमाणपत्रका लागि) जिल्लास्तरमा जाँच सञ्चालन गर्नेछ भने कक्षा १० को अन्त्यमा क्षेत्रीय/प्रान्तीय शिक्षा निर्देशनालयले क्षेत्रीय तहमा जाँच सञ्चालन गर्नेछ। राष्ट्रियस्तरको परीक्षा १२ कक्षाको अन्त्यमा लिइनेछ। तर सबै तहको पाठ्यक्रम निर्धारण भने राष्ट्रियस्तरमा हुन्छ। 'हालको व्यवस्था अनुरुप २० प्रतिशत स्थानीय पाठ्यक्रम राख्न पाइनेछ', मन्त्रालयका भण्डारी भन्छन्, "तर यो पाठ्यक्रम बनाउन सक्ने क्षमता स्थानीय तहमा विकास गरिनुपर्छ।"

> **शिक्षकहरूको समस्याका बारेमा उचित सुनुवाई नहुनुमा सरकार र उच्च माध्यमिक शिक्षा परिषद् जति जिम्मेवार छन्, कम पैसामा बढी काम लगाउने उच्च माविहरू पनि उत्तिकै उत्तरदायी देखिन्छन्।**

समयमा पाठ्यपुस्तकको आपूर्ति हुन नसक्नु अहिले पनि एउटा ठूलो चुनौती रहेको छ। यसै कारण यस वर्षदेखि पूर्वाञ्चलका लागि स्थानीय तहमै पाठ्यपुस्तक छाप्न दिन थालिएको छ। स्थानीय क्षमता विकास गर्न र पाठ्यपुस्तक वितरण अरु सरल बनाउन देशका विभिन्न क्षेत्रमा स्थानीय स्तरमा पाठ्यपुस्तक लेख्न र छाप्न प्रोत्साहन गर्न जरुरी छ। यसो गर्दा क्षमता वृद्धि त हुन्छ नै स्थानीय तहको आर्थिक विकासमा पनि केही टेवा पुग्न सक्छ।

तहगत योग्यतामा आधारित पाठ्यपुस्तकको परीक्षण राष्ट्रियस्तरमा लिइने मूल्याङ्कनबाट हुन्छ। अहिलेसम्म एसएलसीबाहेक देशका सबै विद्यार्थीले सहभागी हुने एउटै परीक्षा छैन।

विद्यालय व्यवस्थापनको जिम्मा व्यवस्थापन समितिलाई दिइएको अवस्थामा विद्यालयहरुको शैक्षिक गुणस्तर नाप्नको निम्ति राष्ट्रिय मूल्याङ्कनको नतिजाले मद्दत गर्छ। कुनै विद्यालयका विद्यार्थीको उपलब्धि राष्ट्रिय औसत भन्दा

# रिपोर्ट: शिक्षामा नयाँ परियोजना

कम भए व्यवस्थापन समितिले सुधारको उपाय अपनाउन सक्छन्। कक्षा ८, १०, १२ मा जस्तै कक्षा ३ या ५ को पनि राष्ट्रियस्तरको मूल्याङ्कन हुनसकेमा प्राथमिक तहको गुणस्तर सुधारमा मद्दत पुग्नसक्छ। तर अहिलेसम्म प्राथमिक अथवा निम्नमाध्यमिक तहमा राष्ट्रिय मूल्याङ्कन हुने गरेको छैन। विभिन्न तहमा सिकाइ उपलब्धिको मापन भए मात्र शिक्षाका कमजोरी र केन्द्रमा बनाइएका नीतिको उपयोगिता कक्षाकोठा र सिकाइमा रुपान्तरित हुनसक्यो कि सकेन भन्ने थाहा हुन्छ।

**व्यावसायिक शिक्षा:** यस कार्यक्रम अनुसार कक्षा ८ मा आधारभूत शिक्षा सकिएपछि विद्यार्थीलाई कक्षा ९ देखि १० अथवा १२ सम्म व्यावसायिक र प्राविधिक शिक्षा दिइनेछ। 'यो तीन किसिमको हुन्छ, तीनमहिने, दुईवर्षे र चारवर्षे', भण्डारी भन्छन्। आधारभूत शिक्षा पछि दुई वर्षको व्यावसायिक र प्राविधिक शिक्षा हासिल गरे जुनियर टेक्निसियनको प्रमाणपत्र दिइन्छ र चार वर्ष गरे सिनियर टेक्निसियन बन्छन्। कार्यक्रम दस्तावेजमा भनिएको छ, 'यसो गर्नाले विद्यार्थीहरु स्कूलशिक्षा पछि सीधै श्रमबजारमा जान सक्छन्।'

व्यावसायिक शिक्षा कति विस्तारित रूपमा दिइन्छ र के के विषयमा दिइन्छ भन्ने अझै स्पष्ट भइसकेको छैन। यो विस्तारित भयो भने, यस किसिमका विद्यालय स्थापना गर्न, तिनीहरूलाई चलाउन, स्रोत साधनको निम्ति ठूलो धनराशी आवश्यक पर्छ। अहिलेसम्म पैसा नभएर चाहे जति शिक्षक दरबन्दी सृजना गर्न नसकेको, विद्यालयको कक्षाकोठा पर्याप्त नभएको र गैर शिक्षक विद्यालय कर्मचारीको लागि कुनै व्यवस्था नभएको जस्ता अनेक अभाव भएको बेलामा प्राविधिक र व्यावसायिक शिक्षा प्रदान गर्ने काम कम महत्त्वकाङ्क्षी देखिँदैन।

**अवधारणापत्रमा सुधार:** सार्वजनिक रूपमा उपलब्ध विद्यालय क्षेत्र सुधारसम्बन्धी अवधारणाको दस्तावेज विभिन्न सरोकारवालामा बाँडिएको छ। शिक्षा मन्त्रालयले पचहत्तरै जिल्लामा शिक्षक र व्यवस्थापन समितिका पदाधिकारीसँग यस कार्यक्रमबारे छलफल गरिसकेको दाबी गरेको छ। यसबारे सकारात्मक र नकारात्मक कुरा आएको मन्त्रालयको एक अधिकारीको कथन छ। सबैभन्दा ठूलो चासो भनेको आर्थिक पक्षकै छ। प्राविधिक शिक्षाबारे होस् अथवा एकीकृत गरी शिक्षक सङ्ख्या बढाउने काम अन्ततः बजेटमै पुगेर ठोकिन्छ।

हाल वार्षिक सरकारी बजेटको करिब १६ प्रतिशत शिक्षामा खर्च हुँदै आएको छ। यसलाई बढाएर २० प्रतिशत पुऱ्याउनुपर्ने प्रस्ताव दस्तावेजमा राखिएको छ। त्यति बजेट उपलब्ध हुन्छ या हुँदैन र भए पुग्छ कि पुग्दैन भन्ने प्रश्न पनि अनुत्तरित नै छ।

दस्तावेजमा उल्लेख भएका कुराहरू राष्ट्रियस्तरमा लागू हुनुअघि यसको चुनौतीको जाँच गर्न र 'नमुना अभ्यास' गर्न लागिएको छ। आउँदो शैक्षिक सत्रदेखि लागू हुने गरी रसुवा, डडेलधुरा र कपिलवस्तु जिल्लामा यो नीति र कार्यक्रम लागू गरिनेछ। त्यहाँको अनुभवका आधारमा नीति, लक्ष्य र कार्यक्रममा परिमार्जन तथा कानून-नियमहरु निर्माण गरिनेछन्। साथै, विद्यालय विकेन्द्रीकरणको सिद्धान्त अनुसार कसरी सञ्चालित हुन्छ? शिक्षक कसरी नियुक्त हुन्छन्? आर्थिक भार केन्द्र र तल्लो तहमा कसरी बाँडिन्छ? जस्ता प्रश्नको जवाफ पनि त्यसपछि नै यकिन हुनेछ। तर २०६५ मा गरिने नमुना-अभ्यास मूल्याङ्कन गर्न पर्याप्त समय नै नराखी २०६६ मै देशव्यापी रूपमा कार्यक्रम लागू गर्ने अव्यावहारिक कार्यक्रम तय गरिएको छ।

'एसियाली विकास बैंक जस्ता दाताहरूलाई हतार छ', शिक्षा मन्त्रालयका एक अधिकारी भन्छन्। सन् २००९ मा हालसम्म भएका विभिन्न कार्यक्रम सकिन्छन् र अरू कार्यक्रम लागू गर्न नीतिनिर्माता र दाताहरू हतारमा छन्। एसियाली विकास बैंकले अनुदान दिएको रु.५० करोड यही नमुना अभ्यास र अन्य केही क्षमता विस्तारमा खर्च हुनेछ।

**नयाँ अवसर:** विकेन्द्रीकरण, गुणस्तर मापदण्ड, निर्माण, विद्यालय संरचनामा परिवर्तन जस्ता मुख्य तत्व भएको यो कार्यक्रम नेपालका लागि एउटा अवसर पनि हो। शिक्षक स्थानीय समुदायप्रति जवाफदेही नभइ हुँदैन। तर यो बृहत् विकेन्द्रीकरण सफल पार्न ठूला राजनीतिक चुनौती पार गर्नुपर्छ। शिक्षक विद्यालय व्यवस्थापन समितिप्रति जवाफदेही हुन नदिन कुनै किसिमको राजनीतिकरण गरिए, कार्यक्रमको सफलता स्वतः सङ्कटमा पर्छ।

किरण पाण्डे



**१ देखि ३ कक्षासम्म पढाइ हुने स्कूललाई अब प्राथमिक होइन आधार स्कूल भनिनेछ।**

विश्लेषणः शिक्षण पेशा

**विमलकुमार फुयाँल**



# खाँचो छ सामाजिक मर्यादाको

**एस.एल.सी. पास गरेपछि प्राथमिक शिक्षक बन्न पाइने हालको प्रावधान शिक्षकलाई निम्नतहको कारिन्दा बनाइराख्ने चाल सिवाय केही होइन। यसलाई परिवर्तन गरेर अब भर्ना गरिने हरेक प्राथमिक शिक्षक स्नातक हुनैपर्ने प्रावधान खडा गर्नुपर्छ।**

कुनै पनि शिक्षा-प्रणालीको मेरुदण्ड भनेको शिक्षण पेशामा संलग्न जनशक्ति नै हो। नेपालका औसत सामुदायिक विद्यालयमा अहिले यो मेरुदण्ड नै मक्किएको अवस्थामा भेटिन्छ। यस्ता अधिकांश विद्यालयका शिक्षकहरू उत्साहित र उत्प्रेरित भएर आफ्नो काममा लागिरहेको प्रायः भेटिँदैन। उनीहरूको तालिम, कार्यदक्षता र जवाफदेहीपन बारे समाजका विभिन्न कोणबाट प्रशस्तै प्रश्नहरू उठिरहेको पाइन्छ। सामुदायिक विद्यालयको गुणस्तर आम रूपमै खस्किएकाले 'नाफामुखी विद्यालय' फस्टाएको व्याख्या पनि प्रशस्तै भएका छन्। सामुदायिक विद्यालयले अपेक्षित स्तरीय शिक्षा प्रदान गर्न नसक्नुका पछाडि थुप्रै कारणहरू छन्। त्यसमध्ये, समकालीन नेपाली समाजमा विद्यालय-तहको शिक्षण पेशाको सामाजिक मर्यादा पनि एउटा प्रमुख सवाल हो।

## परम्परागत 'आदर्श पेशा'

हिन्दू तथा बौद्ध दुवै परम्परा अन्तर्गत हाम्रो समाजमा शिक्षणलाई 'आदर्श पेशा' र 'गुरु' लाई उच्च सामाजिक मर्यादा प्रदान गरिँदै आएको हो। गुरुकुल परम्पराका गुरुहरूले त आफ्ना शिष्यहरूबाट आमाबाबुलाई गरिने भन्दा पनि बढी सम्मान पाएका हुन्। आदर्श पेशा भएकोले समाजका ज्ञानी, गुणी र उच्च चरित्रवान् मानिनेहरू मात्र गुरु बन्ने ल्याकत राख्दथे। औपचारिक मन्तव्यहरूमा अहिले पनि शिक्षणलाई 'आदर्श पेशा' नै भन्ने गरिन्छ। तर, व्यवहारमा भने, केही अपवाद बाहेक, अन्य कुनै पनि पेशामा लाग्ने अवसर नमिलेपछि मात्र विद्यालय तहको शिक्षकको 'आदर्श पेशा' मा लाग्ने चलन थालनी भएको निकै भइसक्यो। खास गरेर प्राथमिक विद्यालय-शिक्षकलाई मूल पेशा बनाउन चाहनेहरू त औंलामा गन्न सकिने नै होलान्। त्यसमा पनि सामुदायिक विद्यालयको प्राथमिक शिक्षक र निजी तथा अङ्ग्रेजी माध्यमको स्कूलको प्राथमिक शिक्षक बीच नै सामाजिक मर्यादाको दृष्टिले भयङ्कर विभेद देखिएको छ।

यसरी, कुनै जमानाको 'आदर्श पेशा'को सामाजिक मर्यादा गिरेर अहिलेको अवस्थामा आइपुग्दा 'आधुनिक शिक्षक'हरूले मात्र होइन सिङ्गो समाजले नै ठूलो घाटा व्यहोर्नु परिरहेको छ। लोकतन्त्र, आर्थिक समृद्धि र सामाजिक न्यायको जग भनेको मुलुकको शिक्षाप्रणाली हो। र, यो प्रणालीको मेरुदण्ड भनेको विद्यालय-तहका शिक्षक हुन्। त्यसैले, मुलुकको समग्र उन्नतिको जग मजबुत तुल्याउन दक्ष एवं स्वप्रेरित जनशक्तिलाई शिक्षण पेशामा आकर्षित गर्नु जरुरी छ र त्यसका लागि शिक्षण पेशाकै सामाजिक मर्यादा उकास्नु अत्यावश्यक।

## 'ठालूमुखी' र 'पराइमुखी' अतिक्रमण

समाजमा विद्यालयतहको शिक्षण पेशा, त्यसमा पनि प्राथमिक शिक्षकको सामाजिक मर्यादा कमजोर बन्न पुग्नुमा विद्यमान राज्यनीति- सामाजिक शक्तिसम्बन्ध, अन्तर्राष्ट्रिय प्रभाव लगायत सम्बन्धित शिक्षक समुदायकै सोच तथा क्रियाकलापहरू जिम्मेवार छन्। अर्को शब्दमा भन्नुपर्दा, विद्यमान शिक्षण पेशाको सामाजिक मर्यादा हाम्रो अहिलेको शिक्षा-प्रणाली र समग्र अर्थ-राजनीतिकै कुल उपज हो। विद्यालय-तहको शिक्षण पेशालाई हेला गर्दै निम्नकोटिको पेशाको रूपमा हेरिनुमा केही आन्तरिक कारण छन् भने केही बाह्य कारण। आन्तरिक कारणमा मुलुकको ठालूमुखी अर्थ-राजनीति र संस्कृति पर्दछन् भने बाह्य कारणमा उपनिवेशवादी वा पराइमुखी अतिक्रमणका व्यवहार।

जनताको आँखाबाट हेर्दा नेपालको शिक्षाक्षेत्र ठालूमुखी

**दुई वटा ठूला जनआन्दोलन सफल भइसक्दा पनि नेपालको शिक्षा-प्रणाली २०२८ सालको खाका र संस्कारबाट मुक्त हुनसकेको छैन। विद्यालय शिक्षकलाई 'शिक्षाकर्मी' भन्दा पनि केन्द्रीय सरकारको सामाजिक कारिन्दा बनाउने मोडल अझै हावी छ।**

अतिक्रमणको पञ्जाबाट चल्मलाउन थालेको राणाशासनको पतनपछि मात्र हो । १०४ वर्षे राणातन्त्रमा आम जनताको लागि शिक्षा वर्जित क्षेत्र नै थियो । उक्त कालभरि सम्पूर्ण शिक्षाक्षेत्र नै सङ्कुचित रह्यो । निरङ्कुश शासक वर्गका कडा निगरानीमा रहेका त्यतिबेलाका शिक्षक, गुरु वा पण्डित समुदाय दासतुल्य भएर 'ठालूमुखी' उपदेश प्रचारमा लाग्न बाध्य थिए । त्यतिबेलाका शिक्षकको हैसियत भनेको सत्ताको स्तुति गर्न सिकाउने कारिन्दा मात्र थियो ।

राणाकालमा पनि आम जनतालाई साक्षर र शिक्षित तुल्याउनुपर्छ, शिक्षाले मानवताको सेवा गर्नुपर्छ भन्ने गुरु वा शिक्षकहरू नभएका होइनन्, तर उनीहरूले काम गर्ने अवसर र प्रोत्साहन कहिल्यै पाएनन् । मानववादी शिक्षा अभियानकर्ता जयपृथ्वीबहादुर सिंहले श्री ३ महाराजको ज्वाइँ भएर पनि आफ्नो प्रयासलाई निरन्तरता दिन नसकेर निर्वासित हुन बाध्य हुनुपर्‍यो । त्यही कालमा आफूलाई सत्ताको भक्त सावित गरेर 'गुरु' वा 'माष्टर' बनेकाहरू 'प्रभु महाराज' को स्तुति गायनमै सीमित रहे । परिणामत: शिक्षण पेशामा संलग्न 'गुरु वर्ग' न त आम जनताका आदरणीय बन्नसके, न त शासकवर्गले उनलाई अन्य

**सम्पूर्ण विद्यालय शिक्षकहरूले 'शिक्षण तालिम' लिनैपर्ने र त्यसको आधारमा लाइसेन्स प्राप्त भएपछि मात्र कुनै पनि विद्यालयले उनीहरूलाई नियुक्ति दिन मिल्ने कानूनी प्रावधान कडाइसाथ लागू गर्नुपर्छ ।**

चाकरीदार भन्दा माथि राखेर नै हेरे । सतही रूपमा गुरुहरूको कामलाई जतिसुकै 'आदर्श पेशा' भनिए तापनि शिक्षण पेशाको सामाजिक मर्यादा 'सत्ताको दास' को रूपमा खुम्च्याइएको त्यतिबेलादेखि नै हो । शिक्षण पेशामाथि भएको ठालूमुखी अतिक्रमणको यो ऐतिहासिक पक्षलाई राम्ररी नकेलाई शिक्षकको मर्यादा उकास्ने रणनीति निर्माण गर्न अहिले पनि सकिन्न ।

वि.सं. २००७ सालको परिवर्तनपछि नेपालको शिक्षा-क्षेत्रमा महत्त्वपूर्ण विकास भएको छ । त्यतिबेला लगभग ३०० को सङ्ख्यामा रहेका स्कूल अहिले ३०,००० को हाराहारीमा पुगेका छन् । साक्षरताको प्रतिशत पनि दुईबाट बढेर पचास नाघेको छ । शिक्षण पेशामा संलग्न जनशक्तिको आकार पनि ठूलो भएको छ । तर प्राथमिक शिक्षकको पेशागत सामाजिक मर्यादा भने कतिपय कोणबाट हेर्दा पनि तलको तल नै रहेको वा अझै गिरेको महसूस हुन्छ ।

नेपाल लगायत अधिकांश तेस्रो विश्वका मुलुकहरूको शिक्षा-क्षेत्रमा आन्तरिक 'ठालूतन्त्र' बाहेक 'पराइमुखी' उपनिवेशवादी स्वार्थले पनि अतिक्रमण गर्ने गरेको छ । भारतमा अङ्ग्रेजहरूको औपनिवेशिक शासनकालमै आधुनिक ढङ्गको स्कूल र शिक्षा-प्रणालीको जग बसेको हो । औपनिवेशिक शासनयन्त्रलाई आवश्यक 'कारिन्दा' उत्पादन गर्नु नै आफ्नो शिक्षा-व्यवस्थाको ध्येय रहेको कुरा अङ्ग्रेजहरूले कहिल्यै लुकाएनन् । भारतमा स्थापित हुने विद्यालयका शिक्षकहरूको 'तह' वा मर्यादा कस्तो हुने भन्ने बारे बेलायतको शासकमण्डलीमा समेत बहस भएको थियो । अन्तत: उनीहरूको निचोड के रह्यो भने भारतीय विद्यालयको शिक्षकको 'स्तर' औपनिवेशिक सरकारको निम्नतहको कारिन्दाको 'स्तर' भन्दा माथि हुनुहुन्न । सम्पूर्ण शिक्षक समुदायलाई सत्ताको 'चाकरीदार' बनाउने यो एउटा सचेत तथा रणनीतिक चाल थियो ।

नेपालमा पनि विद्यमान प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक र उच्चशिक्षाको शिक्षकको श्रेणी र सुविधा निर्धारण गर्दा, यो 'पराइमुखी' अतिक्रमणको मोडलको प्रभावले काम गरेको छ । खासगरेर पञ्चायती व्यवस्थाको उत्कर्षकाल वि.सं. २०२८ तिर तर्जुमा गरिएको 'नयाँ शिक्षा योजना' अन्तर्गतको शैक्षिक संयन्त्र आन्तरिक 'ठालूमुखी' संस्कार र 'पराइमुखी' स्वार्थको वर्णसङ्कर संयन्त्र थियो । दुई वटा ठूला जनआन्दोलन सफल भइसक्दा पनि नेपालको शिक्षा-प्रणाली २०२८ सालको उक्त संयन्त्रको आधारभूत खाका र संस्कारबाट मुक्त हुनसकेको छैन । विद्यालय शिक्षकलाई 'शिक्षाकर्मी' भन्दा पनि केन्द्रीय सरकारको सामाजिक कारिन्दा बनाउने मोडल अझै हावी छ र शिक्षकको सामाजिक मर्यादा निर्धारण पनि त्यसको भूमिका जस्ताको त्यस्तै रहिरहेको छ । सामुदायिक विद्यालयका शिक्षकहरूलाई शिक्षा मन्त्रालय र जिल्ला शिक्षा कार्यालयका 'हाकिम' ले मनपरी भर्ना, सरुवा, बढुवा गर्ने र जुन दलहरूले केन्द्रीय सत्तामा पहुँच राख्छन्; शिक्षकहरू तिनकै झोला बोक्न बाध्य हुनुपर्ने परिवेश पनि त्यसले नै सिर्जना गरेको हो । सामुदायिक विद्यालयका शिक्षकलाई सरकारी 'कारिन्दा' वा दलका 'कार्यकर्ता' का रूपमा हेरिने प्रचलनले गर्दा शिक्षकको सामाजिक मर्यादा विगत दशकमा अरू बढी खस्केको हो ।

## अब लिनुपर्ने बाटो

सुप्रसिद्ध स्वीस शिक्षाशास्त्री हेनरी पेस्टालजीले निकै अगाडि भनेका थिए, "शैक्षिक क्रान्तिको जगमा नै समाज तथा आम जनजीवनमा आमूल परिवर्तन ल्याउन सकिन्छ ।" नेपालमा अहिले हामी राज्यको लोकतान्त्रिक पुनर्संरचना, सामाजिक न्यायको स्थापना र मुलुकको आर्थिक उन्नतिको बाटो बनाउने बारे बहस गर्दैछौं । सम्बन्धित सबैले बुझ्नैपर्ने विषय के हो भने राजनीतिक तथा आर्थिक क्रान्तिलाई दिगो तुल्याउन शैक्षिक क्रान्ति अपरिहार्य छ । त्यस्तै, कुनै पनि प्रभावकारी एवम् प्रगतिशील शिक्षा-प्रणालीको मेरुदण्ड नै प्राथमिक शिक्षा र त्यहाँ क्रियाशील हुने शैक्षिक जनशक्ति भएकोले उनीहरूको कार्यदक्षता र सामाजिक मर्यादा नउकासी स्तरीय शिक्षा प्रदान गर्ने कल्पना पनि गर्न सकिन्न ।

विद्यालय शिक्षकको दक्षता र सामाजिक मर्यादालाई कसरी उकास्न सकिन्छ भन्ने बारे स्थानीय र राष्ट्रिय तहमै व्यावहारिक बहसको खाँचो खट्किएको छ । यही बहसलाई गहिरो तुल्याउन 'अब लिनुपर्ने बाटो' बारे केही बुँदागत छलफल गरौं ।

- जनआन्दोलनपछि बनेको अन्तरिम संविधानले प्राथमिक शिक्षा प्रत्येक नागरिकको मौलिक अधिकार हो भनेर उल्लेख गरेता पनि मौलिक अधिकार दावी गर्न सकिने अत्यावश्यक कानूनी प्रावधान र स्पष्ट प्रक्रिया स्थापित गर्न सकेको छैन । त्यसकारण अब बन्ने संविधानले 'सबै नागरिकका लागि स्तरीय प्राथमिक शिक्षा' लाई मौलिक अधिकारको रूपमा स्थापित गर्दै हरेक नागरिकले यो प्राप्त गर्ने बाटो खुलाउनुपर्छ । साथै, स्तरीय प्राथमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हो भनेर किटानी गर्नुपर्छ ।
- हरेक सामुदायिक विद्यालय प्रचलित ऐन, कानून अनुसार चल्ने स्वतन्त्र तथा स्वायत्त प्राज्ञिक संस्थाको रूपमा विकास गरिनुपर्छ । कर्मचारीतन्त्र तथा राजनीतिक दलहरूले हस्तक्षेप गर्न नसक्ने कानून र नियम अत्यावश्यक हुन्छ । यस्तो संरचना र परिपाटीमा काम गर्दा मात्र विद्यालय शिक्षकको दक्षता र सामाजिक मर्यादा पनि उकासिने हुन्छ ।
- विद्यालय शिक्षकको मर्यादा उकास्ने सबभन्दा महत्त्वपूर्ण पक्ष भनेको उनीहरूको आफ्नै योग्यता, गुण र चरित्र हो । शिक्षणलाई आदर्श पेशा बनाउन शिक्षकको योग्यता र चरित्र पनि त आदर्श नै बन्नुपर्‍यो ।

  एस.एल.सी. पास गरेपछि प्राथमिक शिक्षक बन्न पाइने हालको प्रावधान शिक्षकलाई निम्नतहको कारिन्दा बनाइराख्ने चाल सिवाय केही होइन । यसलाई परिवर्तन गरेर अब भर्ना गरिने हरेक प्राथमिक शिक्षक स्नातक हुनैपर्ने प्रावधान खडा गर्नुपर्छ । हाल कार्यरत गैर-स्नातक शिक्षकहरूलाई बिहान वा साँझको विशेष स्नातक कक्षा सञ्चालन गरेर अध्ययन गर्ने अवसर सिर्जना गर्नुपर्छ र कहिल्यै स्नातक बन्न नसक्नेलाई 'गोल्डेन ह्याण्डसेक' को थैली थमाउनुपर्छ । यसो गर्दा ढिलोमा आगामी दश वर्षमा मुलुकभरि स्नातक प्राथमिक शिक्षक तयार पार्न सकिन्छ । वर्तमान नेपालमा विद्यालय शिक्षकको सामाजिक मर्यादा उकास्न यो अत्यावश्यक पक्ष हो ।

- सम्पूर्ण विद्यालय शिक्षकहरूले 'शिक्षण तालिम' लिनैपर्ने र त्यसको आधारमा लाइसेन्स प्राप्त भएपछि मात्र कुनै पनि विद्यालयले उनीहरूलाई नियुक्ति दिन मिल्ने कानूनी प्रावधान कडाइसाथ लागू गर्नुपर्छ । यस्तो व्यवस्थाले विद्यालय शिक्षकलाई वकिल, डाक्टर वा इञ्जिनियर सरहको लाइसेन्सप्राप्त पेशेवरको रूपमा हेर्न मद्दत गर्छ ।
- प्राथमिकदेखि माध्यमिकसम्मकै प्रधानाध्यापक वा प्रिन्सिपलको हकमा भने कम्तीमा स्नातकोत्तर हुनैपर्ने र शिक्षण तालिमको अतिरिक्त संस्थागत नेतृत्व सम्बन्धी तालिम पनि लिनुपर्ने व्यवस्था अनिवार्य गर्नुपर्छ । कुनै पनि विद्यालयको अगुवा बन्नु भनेको एउटा सानो कम्पनी, सामाजिक संस्था वा निकायको प्रबन्धक भन्दा कम्ती मानिनुहुँदैन । यस्तो व्यवस्थाले दक्षता र मर्यादा दुवै बढाउँछ ।
- शिक्षकको सामाजिक मर्यादा उकास्न र दक्ष व्यक्तिहरूलाई विद्यालयको शिक्षण पेशामा आकर्षित गर्न सुधार्नुपर्ने अर्को महत्त्वपूर्ण पक्ष पारिश्रमिक र सुविधाको प्याकेज पनि हो । प्राथमिक शिक्षकको तलब, सुविधा र मर्यादाक्रम लोकसेवा आयोगबाट उत्तीर्ण भएर आउने तृतीय श्रेणीको शाखा अधिकृत सरह बनाउनुपर्छ र बनाउन पनि सकिन्छ । शिक्षक सेवा आयोगलाई पनि लोकसेवा आयोग जत्तिकै सबल र शक्तिशाली बनाउनु पनि आवश्यक छ । मुलुकको राजनीतिक नेतृत्वले चाहेमा स्रोतसाधनको समस्या ठूलो विषय बन्ने छैन ।
- शिक्षकको मर्यादा उकास्न शिक्षक सङ्गठनहरूले ट्रेड युनियनको भूमिकामा सीमित नरही एउटा जीवन्त प्राज्ञिक सङ्गठनको भूमिका निर्वाह गर्नु जरुरी छ । शिक्षक सङ्गठन कुनै खास राजनीतिक दलको भ्रातृसङ्गठन नबनी मूलतः स्तरीय शिक्षाका विविध पक्षबारे विमर्श गर्ने मञ्च बन्नुपर्छ ।
- शिक्षकको सामाजिक मर्यादा उकास्न अर्को गर्न सकिने कुरा भनेको समाजका प्रतिष्ठित लेखक, पत्रकार, कवि, डाक्टर, कलाकार वा अन्य विधाका विज्ञहरूलाई पार्टटाइम शिक्षक वा अतिथि शिक्षकको रूपमा विद्यालयमा संलग्न गराउनु हो । हरेक विद्यालयले आफ्नो क्षेत्रका यस्ता व्यक्तित्वहरू पहिचान गरी भित्र्याउने नीति अपनाउनुपर्छ । यस्ता कोटिका व्यक्तिहरूलाई भने शैक्षिक प्रमाणपत्रका आधारमा नभई उनीहरूले गरेका योगदान तथा हासिल गरेको विज्ञता तथा सामाजिक छविको आधारमा स्वागत गर्नुपर्छ ।

> **प्राथमिक शिक्षकको तलब, सुविधा र मर्यादाक्रम लोकसेवा आयोगबाट उत्तीर्ण भएर आउने तृतीय श्रेणीको शाखा अधिकृत सरह बनाउनुपर्छ र बनाउन पनि सकिन्छ ।**

- नेपाल सरकार, शिक्षा मन्त्रालय, शिक्षक सङ्गठनहरू र जागरुक नागरिक समाजका अगुवा पङ्क्तिले माथि भनिएका सबै विषयलाई नेपालको शैक्षिक विकासको लागि अत्यावश्यक छ भनेर यहाँ सघाउन चाहने अन्तर्राष्ट्रिय समुदायलाई स्पष्ट पार्न सक्नुपर्छ । उनीहरूले देखाएको बाटोमा मात्र बग्ने होइन, नेपालीको आफ्नै एजेण्डा तयार गरेर विदेशी सहयोगीले त्यसमा सघाउने क्रमको सुरुआत गर्नुपर्छ । अहिले धेरै हदमा त्यसको उल्टो भइरहेको छ ।

*(तीन वर्ष माध्यमिक शिक्षक रहेका फुयाँलले अनौपचारिक र सामुदायिक शिक्षा तथा सहभागितामूलक सिकाइ पद्धतिमा अध्ययन, अनुसन्धानका साथै दुईदशकभन्दा बढी लामो राष्ट्रिय-अन्तर्राष्ट्रिय अनुभव सँगालेका छन् ।)*

# ‘मुख्य कुरो, स्कूलमा पढ

**केदारभक्त माथेमा**
**शिक्षाविद**

**तपाईं लामो समयदेखि शिक्षा क्षेत्रलाई नजिकबाट हेरिरहनुभएको छ। नेपालका सार्वजनिक विद्यालयको अवस्था र स्तर कस्तो पाउनुभएको छ ?**


बडो दु:खका साथ भन्नुपर्छ, केही अपवादलाई छोडेर धेरैजसो स्कूलको अवस्था र स्तर साँच्चिकै दयनीय छ। परीक्षाको नतिजा स्कूलको अवस्था थाहा पाउने सबैभन्दा सजिलो सूचक हो। मैले चार वर्ष जति पहिले एसएसलीको प्रक्रिया र परिणाम अध्ययन गर्दा स्थिति एकदमै नकारात्मक पाइएको थियो। यसै वर्षको एसएलसीको नतिजा हेर्ने हो भने सार्वजनिक विद्यालयका पचास प्रतिशत विद्यार्थी अनुत्तीर्ण भएका छन्। उता निजी विद्यालयमा पढ्ने ९० प्रतिशत विद्यार्थीले एसएलसी पास गरेका छन्। एसएलसीको २० वर्षको नतिजाको विश्लेषण गरेर हेर्दा ६३ प्रतिशत विद्यार्थी फेल हुँदै आएका छन्। यसमा धेरै ठूलो हिस्सा सार्वजनिक विद्यालयको पर्छ। यो असफलता चानचुने कुरा होइन, देशको सार्वजनिक शिक्षाको ठूलो असफलता हो।

माध्यमिक शिक्षा पूरा गरेका विद्यार्थीसँग जे-जस्तो जीवनोपयोगी सीपहरू हुनुपर्ने हो त्यो पनि छैन। अहिले विद्यालयमा हामीले कोरा पाठहरू घोकाएका मात्र छौं, तिनको ज्ञानको दायरा हुनुपर्ने जति फराकिलो बनाउन सकेका छैनौं। विद्यार्थीलाई सृजनात्मक हुन हामीले खासै प्रेरित गरेका छैनौं।

**यस्तो हुनुको कारण चाहिँ के पाउनुभयो ?**

यसका धेरै कारण छन्। पहिलो कारण त सार्वजनिक विद्यालयमा पढाइ नै धेरै कम हुने गरेको छ। वर्षभरि कम्तीमा १८० दिन विद्यालय खुल्नुपर्नेमा हामीले कतिपय स्कूल त ८० दिन पनि नखुलेको थाहा पायौं। यो कुराले मेरो चित्त नै काटियो, कत्रो भयावह अवस्थाबाट हामी गुज्रिरहेका छौं। मलाई लाग्छ, संसारमा शिक्षकले एकदमै कम पढाउने ठाउँ शायद नेपाल नै हो। जति दिन विद्यालय खुल्छ, त्यो समय पनि पूरै पढाइमा लगानी हुनसकेको छैन। त्यसैले म त भन्छु, हामीले पढाउने समय अति नै कम भयो। पढाइ नै नभएपछि कसरी राम्रो नतिजा निस्कन्छ ?

अर्को कारण हो, जे-जति पढाइ हुन्छ, त्यो अनुसार विद्यार्थीलाई गृहकार्य दिने र त्यसको जाँच गर्ने काम



किरण पाण्डे

# ाइ हुनुपर्‍यो’

धेरै कम मात्र हुने गरेको छ। यसले गर्दा विद्यार्थीले सिक्ने र आफूलाई सच्याउने अवसर नै पाएनन् नि ! त्यसैगरी विद्यार्थीको सिकाइको उपलब्धि स्तर थाहा पाउन निरन्तर हुनुपर्ने मूल्याङ्कन (एसेस्मेन्ट) पनि कमै मात्र हुने गरेको छ। धेरैजसो स्कूलमा ६ महिनामा मात्र त्यस्ता परीक्षाहरू हुने गरेका छन्। त्यस्ता परीक्षाका नतिजा पनि पढाइलाई सुधार गर्न उपयोग गरेको पाइँदैन।

त्यस्तै कमजोर विद्यार्थीको पढाइलाई उकास्न मद्दत गर्ने सोचाइ र विशेष व्यवस्थाको पनि अभाव छ। सबै विद्यार्थी एकनासका हुँदैनन्। कोही गणितमा बढी जान्ने तर अङ्ग्रेजीमा कमजोर हुनसक्छन् भने कोही अङ्ग्रेजीमा राम्रो तर गणितमा कमजोर। जुन विषयमा कमजोर छन्, त्यो विषयमा उनीहरूलाई बढी मद्दत चाहिन्छ। एउटा थारू भाषी विद्यार्थी नेपाली भाषामा कमजोर हुनसक्छ, उसलाई नेपालीमा सहयोग चाहिन्छ। दुर्भाग्यवश, त्यस्तो सहयोग गर्ने काम पटक्कै भएको छैन। कतिपय राम्रा निजी विद्यालयमा यस्ता काम हुन्छन्, त्यसैले त्यहाँका धेरै विद्यार्थीहरू एसएलसीमा पास हुन्छन्।

अर्कोतिर शिक्षकले तोकिएको जति पढायो कि पढाएन भनेर हेर्ने र अनुगमन गर्ने चलन त हामीकहाँ छँदैछैन भने पनि हुन्छ। नपढाउने शिक्षक त कति छन् कति तर अनुगमन संयन्त्र यति फितलो छ कि नपढाएका कारणले सेवाबाट शिक्षकले हात धुनु परेको कुरा सुन्नमा आउँदैन।

**तपाईले पढाइ र सिकाइ एकदमै कम छ भन्नुभयो; त्यसका कारण के के हुनसक्छन् ?**

शिक्षकलाई काम लगाउन नसक्नु नै सबैभन्दा ठूलो समस्या हो। जुन स्कूलमा बलिया र कुशल नेतृत्व क्षमता भएका व्यक्ति प्रधानाध्यापक छन्, त्यो विद्यालयमा शिक्षकहरूले राम्रोसित काम गरेका छन्। जहाँ छैनन् त्यहाँ राम्रोसित काम भएको छैन। विद्यालयमा राम्रो पठनपाठनको वातावरणका लागि नेतृत्व क्षमता भएको प्रधानाध्यापक हुनु एकदमै आवश्यक छ।

**तर प्रधानाध्यापकलाई त खासै केही पनि अधिकार दिएको छैन नि !**

हो, दिइएको छैन। तर जे-जति अधिकार पाएको छ, कतिले त्यो पनि सही ढङ्गले उपयोग गर्ने गरेका छैनन्। अर्को कुरा, प्रधानाध्यापक राजनीतिक दलको कार्यकर्ता वा सदस्य हुनुहुँदैन। हाम्रोमा सबैभन्दा बिग्रिएको कुरा के हो भने शिक्षकहरू राजनीतिक दलको सदस्य भइदिए। शिक्षकहरू स्कूलमा शिक्षक भन्दा बढी राजनीतिक दलको सदस्यका रूपमा पेश हुन थाले। शिक्षकले राजनीतिक संरक्षण पाएकाले नपढाए पनि उसको जागिर जोगिइरहेको छ। उसले प्रधानाध्यापकलाई पनि थर्काएर बसेको हुन्छ।

त्यसले गर्दा विद्यालयमा पढाइको वातावरण झन् बिग्रिएर गयो। यो अवस्थामा तटस्थ प्रधानाध्यापकले के गर्न सक्छ, यो विचारणीय छ। ऊ आफैं कुनै दलसँग आबद्ध छ भने त वातावरण झन् बिग्रिन्छ। अर्थात् स्कूलको पढाइ सप्रन नसक्नुको एउटा मुख्य कारण शिक्षकहरू दलीय राजनीतिमा संलग्न हुनु नै हो। बहुदल आएपछिको दुई चार वर्ष त स्कूलमा राजनीति अचाक्ली नै भयो। तर राजनीति गर्दा विद्यालय त बिग्रने रहेछ भन्ने कुरा विस्तारै सबैले महसूस गर्न थालेका छन्।

विद्यालयहरु अहिले पनि विभिन्न पार्टीहरूको राजनीतिक दाउपेच र हानथाप गर्ने थलो हुनबाट जोगिन सकेका छैनन्। मैले सुनेको छु, तराईका कतिपय विद्यालयको व्यवस्थापन समितिको चुनाव संसद्को निर्वाचन जस्तो हुन्छ। योग्यता होइन, पार्टीगत आधारमा अभिभावकहरूले व्यवस्थापन समितिको अध्यक्ष छान्नुपर्ने बाध्यता सिर्जना गरिएको छ। यो साह्रै नराम्रो अभ्यास हो। व्यवस्थापन समितिको छनोट गर्दा दलीय राजनीति गर्नुहुन्न। म त भन्छु, त्यहाँ दलीय राजनीति मिसाउनै हुन्न।

यो अवस्थाका निम्ति शिक्षक समुदायलाई मात्र दोष दिनु बेकार छ। शिक्षकको जागिर खान र त्यसमा टिकिरहन पनि प्रभावशाली राजनीतिक दलको ओत लाग्नै पर्ने बाध्यताको सृजना सरकार र राजनीतिक दलहरूले खडा गरेका हुन्; शिक्षकले होइन। त्यसैले शिक्षण पेशालाई दलीय राजनीतिको चपेटाबाट मुक्त राख्ने र विशुद्ध शिक्षक बनाउने मूलभूत दायित्व सरकार र राजनीतिक दलहरूकै हो।

> **जहाँको प्रधानाध्यापकले सही नेतृत्व दिनसकेको छ, त्यो स्कूल सप्रिएको छ, जहाँ सकेन त्यहाँ बिग्रेको छ। एसएलसीको अध्ययनले पनि यही कुरालाई देखाएको छ। त्यसैले प्रधानाध्यापकलाई राम्रो शिक्षकलाई पुरस्कृत र खराब शिक्षकलाई निलम्बन गर्ने सम्मको अधिकार दिनुपर्छ।**

किरण पाण्डे



**शिक्षकको कार्य प्रभावकारितामा आधारित मूल्याङ्कन प्रणाली नभएकाले पनि शिक्षकले जति काम गर्नुपर्ने हो, त्यति काम गर्न नसकेको हैन र ?**

हो, यो रोग त नेपालको गाउँदेखि केन्द्रसम्म जताततै छ। शिक्षण पेशामा त मूल्याङ्कनको चलन छँदैछैन भने पनि हुन्छ। नेपालमा कुशलताको त मतलबै छैन। हाम्रो देश यति धेरै पछाडिपर्नुको कारण यही हो। कमाइ-धमाइ र व्यक्तिगत सुख-सुविधालाई समेत तिलाञ्जली दिएर विद्यालयमै समर्पित हुने शिक्षक पनि नभएका होइनन् तर तिनीहरूलाई पुरस्कृत गर्ने परम्परा भएन। त्यो ज्यादै नै दु:खलाग्दो कुरा हो। त्यति मात्र होइन, शिक्षककै मर्यादा घटाउने काममा संलग्न शिक्षकलाई पनि कुनै कारबाही भएन। कतिपय ठाउँमा तिनीहरूले उल्टै संरक्षण पाए, राजनीतिक आवरणमा। अत: राम्रो गर्ने र नराम्रो गर्ने बीच खासै भेद भएन। राम्रो गर्ने शिक्षक अपमानित हुनु परेको छ। मूल्याङ्कन

प्रणालीले सही किसिमले काम गर्न नसक्दा शिक्षकहरू पनि शुद्ध जागिरे भए, शिक्षक भएनन्। जे गर्दा तलब पाक्छ, उनीहरू त्यही गर्न बाध्य भए।

तर आजसम्म जे भयो, भयो। अब यसबाट हामीले पाठ सिक्नुपर्छ र त्यो गल्तीलाई सुधार्नै पर्छ। किनकि विद्यालयको पठनपाठन राम्रो भयो भने मात्र विद्यार्थीको भविष्य राम्रो हुन्छ र अन्ततः देशकै भविष्य उज्ज्वल हुन्छ। शिक्षा राम्रो नभएसम्म न आर्थिक उन्नति हुन्छ, न त देशको विकास हुन्छ। यो यथार्थलाई शिक्षक, अभिभावक, राजनीतिक दल र सरकार सबैले गहिरोसँग आत्मसात गर्नु जरुरी छ। राजनीतिक दलमा समाज र देशप्रति

किरण पाण्डे



**शिक्षकहरूको समस्याका बारेमा उचित सुनुवाई नहुनुमा सरकार र उच्च माध्यमिक शिक्षा परिषद् जति जिम्मेवार छन्, कम पैसामा बढी काम लगाउने उच्च माविहरू पनि उत्तिकै उत्तरदायी देखिन्छन्।**

अलिकति पनि जिम्मेवारी बोध छ भने उनीहरूले आजैदेखि शिक्षालाई दलीय राजनीतिको खेलमैदान बनाउन छोड्नुपर्छ। अहिले पनि राजनीतिक दलहरू विद्यालयदेखि विश्व विद्यालयसम्म राम्रो र योग्य मानिस हैन, आफ्नो मानिस भर्ती गर्दैछन्। यसले देशलाई भड्खालोमा पुऱ्याउँछ। हामीले उन्नति गर्न नसकेको कारण पनि यही हो। अतः शिक्षक, अभिभावक, शिक्षाकर्मीलगायत हामी सबैले राजनीतिक नेता-कार्यकर्तालाई यसनिम्ति निरन्तर घचघच्याई रहनुपर्छ।

**सार्वजनिक विद्यालयको स्तर सुधार्न अरू के-कस्ता काम गर्नुपर्ने देख्नुभएको छ ?**

विद्यालयको समग्र व्यवस्थापनलाई सपार्नु आवश्यक छ। स्कूलको व्यवस्थापन के हो र यो कसरी गर्नुपर्छ भन्ने बारेमा अभिभावक, व्यवस्थापन समिति र शिक्षक समेतलाई अभिमुखीकरण गर्नु जरुरी छ। प्रधानाध्यापकको नियुक्ति प्रक्रियालाई पनि अदलबदल गर्नु जरुरी छ। उसलाई बढी अधिकार एवं उत्तरदायित्व सुम्पिनुपर्छ। जिल्ला शिक्षा अधिकारीले प्रधानाध्यापक छान्ने साविकको व्यवस्थालाई परिवर्तन गरेर पारदर्शी प्रक्रिया अन्तर्गत व्यवस्थापन समितिले नेतृत्व क्षमता भएको व्यक्तिलाई प्रधानाध्यापक बनाउनुपर्छ। विद्यालयको स्तर र प्रधानाध्यापकको क्षमता बीच एकदमै घनिष्ठ सम्बन्ध छ। जहाँको प्रधानाध्यापकले सही नेतृत्व दिनसकेको छ, त्यो स्कूल सप्रिएको छ; जहाँ सकेन त्यहाँ बिग्रेको छ। एसएलसीको अध्ययनले पनि यही कुरालाई देखाएको छ। त्यसैले प्रधानाध्यापकलाई राम्रो शिक्षकलाई पुरस्कृत र खराब शिक्षकलाई निलम्बन गर्नेसम्मको अधिकार दिनुपर्छ। बरु प्रधानाध्यापकले अधिकारको दुरुपयोग गर्ने संभावनालाई कम गर्न ती सबै प्रक्रियाहरू पारदर्शी बनाइनुपर्छ। कसैले अधिकारको दुरुपयोग गऱ्यो भने त्यसको पुनरावलोकन गर्ने निष्पक्ष तथा स्वतन्त्र संयन्त्र बनाउनुपर्छ। प्रत्येक वर्ष वा दुई वर्षमा प्रधानाध्यापकको मूल्याङ्कन हुनुपर्छ, राम्रो गरेको भए पुरस्कृत गर्ने र बिगार्ने काम गरेको भए पदबाट हटाउने सम्मको काम गर्नुपर्छ। कक्षा दैनिक रूपमा सञ्चालन हुने व्यवस्था महिला, दलित, जनजातिका केटाकेटीको भर्ना सङ्ख्या वृद्धि, विद्यार्थीको नियमित रूपमा जाँच लिने व्यवस्था, विद्यार्थीलाई नियमित गृहकार्य दिने व्यवस्था, कमजोर विद्यार्थीलाई सहयोग कक्षाको व्यवस्था आदि पक्षहरूमा प्रगति भयो वा भएन भन्ने आधारमा प्रधानाध्यापकको मूल्याङ्कन हुनुपर्छ। त्यस्तै खुद भर्ना, कक्षा चढाइ, कक्षा छाड्ने दर, सिकाइको उपलब्धि, विद्यालयमा पठनपाठनको वातावरण, पढाइको अवधि, गृहकार्य, बालसुलभ सिकाइ वातावरण, शैक्षिक सामग्रीको प्रयोग आदि पक्षहरूमा प्रगति भयो वा भएन भन्ने कुरालाई पनि आधार बनाएर प्रधानाध्यापकको मूल्याङ्कन गर्न सकिन्छ।

दोस्रो, स्कूलको अनुगमन पद्धतिलाई प्रभावकारी बनाउनुपर्छ। धेरै पहिला सरकारले त्यस्ता अनुगमनकर्ता पठाएर स्कूलमा के भइरहेको छ भन्ने बुझ्थ्यो। आजकाल त्यो काम बन्द भएको छ। पुरानै शैलीमा त अब अनुगमन सम्भव र आवश्यक नहोला। आजकल व्यवस्थापन समितिलाई बढी अधिकारसम्पन्न बनाउन खोजिएको छ। स्कूलमा राम्रो पढाइ भइरहेको छ भने ठीकै छ। जहाँ राम्रो भएको छैन, त्यहाँ किन त्यस्तो भइरहेको छ भनेर गएको अनुगमनकर्ताले पत्ता लगाउनुपर्छ। उसले पत्ता लगाएका कुरा शिक्षक, व्यवस्थापन समिति र अभिभावकहरूको भेलामा बताइदिन सक्छ। त्यसो भएमा हाम्रो स्कूलमा यस्तो यस्तो भएको रहेछ, यस कारण पो प्रगति गर्न नसकिएको रहेछ, अब यसो गरे हुनेरहेछ भनेर अभिभावकहरू नै जाग्न सक्छन्।

तेस्रो, अहिले के भइरहेको छ भने शिक्षक विद्यालयमा जान्छ, पढाउँछ, फर्केर घर वा डेरा जान्छ। अभिभावकसँग उसको भेट भए बाटाघाटामा हुन्छ, नत्र अभिभावक भेलामा होला वर्षमा एकपटक। कतिपयको त त्यो बेला पनि भेट नहोला। यथार्थमा विद्यार्थीको पढाइको अवस्था कस्तो छ, के गरेमा उसले प्रगति गर्न सक्छ भन्ने बारेमा शिक्षक र अभिभावकबीच निरन्तर छलफल र अन्तरक्रिया हुनुपर्छ। त्यसैगरी बालबालिकाको सामाजिकीकरण कसरी भइरहेको छ भन्ने बारेमा पनि उनीहरूबीच निरन्तर संवाद हुनुपर्छ। त्यसले बालबालिकाको पढाइ अरु राम्रो बनाउन र सामाजिकीकरणलाई सही ढङ्गले अगाडि बढाउन मद्दत गर्छ।

चौथो, मैले माथि भने जस्तै विद्यालयलाई दलीय राजनीतिबाट बाहिर राख्नुपऱ्यो। पाँचौं, विद्यालयमा पर्याप्त शिक्षकको व्यवस्था गर्नुपर्छ। शिक्षक हाहाकार भएको अहिलेको अवस्था जतिसक्दो छिटो अन्त्य हुनुपर्छ। पर्याप्त शिक्षक नभई स्तरीय शिक्षा सम्भव छैन। छैठौं, विद्यालयमा शैक्षिक सामग्रीको बढीभन्दा बढी प्रयोग हुनुपऱ्यो। किनभने शैक्षिक सामग्रीको अधिकतम प्रयोग बिना

स्तरीय शिक्षा हासिल हुनसक्दैन। सातौं शिक्षकहरूको ज्ञान र क्षमताको अभिवृद्धि गर्न र उनीहरूको मनोबल बढाउन विभिन्न कार्यक्रमहरू निरन्तर रूपमा सञ्चालन गर्नुपर्छ।

**हालको परीक्षा प्रणालीमा चाहिं परिवर्तन आवश्यक छ कि छैन ?**

छ नि किन नहुनु। विद्यालयस्तरमा मात्र नभई उच्च शिक्षाको तहमा पनि हामीले जाँच्ने भनेको ज्ञान हो। सृजनशीलता, समस्या समाधान, आफ्नो धारणा र अभिव्यक्ति गर्ने जस्ता कुराहरूको जाँच गर्ने खालको प्रश्नपत्र नै हामी बनाउँदैनौं। उदाहरणको लागि सामाजिक शिक्षामा पृथ्वीनारायण शाहले नेपालको एकीकरण कहिले गरे भन्ने प्रश्नको सट्टा पृथ्वीनारायण शाहले नेपाल एकीकरण किन गरे, यसो गर्नु ठीक थियो कि बेठीक भनेर प्रश्न बनाउनुपर्छ। यो प्रश्नको उत्तरमा विद्यार्थीले आफूले बुझेको कुरा लेख्छ। आफ्नो सोचाइ आफ्नै शैलीमा लेख्छ। यस प्रकारका वस्तुगत प्रश्नहरू बनाउने हो भने अहिलेको चिट चोर्ने समस्या नै रहँदैन। त्यसैले अब हामीले विद्यार्थीहरूको सम्झनाशक्तिको जाँच भन्दा उनीहरूको विषयवस्तुलाई वस्तुगत र व्यावहारिक ढङ्गले विश्लेषण गर्न सक्ने तथा नयाँ सोच राख्न सक्ने क्षमताको परीक्षण गर्न थाल्नुपर्छ।

**शिक्षकहरूलाई कसरी उत्प्रेरित गर्न सकिन्छ ?**

वास्तवमा हामीले शिक्षकलाई चाहिने जति सहयोग गरेकै छैनौं। पहाडको कुनाकन्दरामा शिक्षकले अरू कसैको साथ नपाए पनि विद्यालयमा पढाएर बसेका छन्। एकदमै निम्छरो अवस्थामा बसेका छन् गाउँघरमा शिक्षकहरू। उनीहरूले नजानेको कुरा सोध्नुपर्‍यो भने कुनै व्यक्ति, ठाउँ र माध्यम समेत छैन। विषयगत ज्ञान र सूचनाहरू अद्यावधिक गराउने कुनै संयन्त्र छैन। उदाहरणका लागि, विज्ञानमा दिनानुदिन नयाँ-नयाँ आविष्कारहरू भएका छन् तर त्यसका बारेमा सुसङ्गत र पर्याप्त जानकारी विज्ञान शिक्षकले पाउने कुनै उपाय छैन। शिक्षकहरूको पेशागत सीप तथा दक्षता बढाउने र उनीहरूको ज्ञानको दायरा फराकिलो पार्ने ध्येयका साथ *शिक्षक* मासिकको प्रकाशन भएको छ। यो ज्यादै राम्रो कुरा हो। अब विषयगत रूपमै यस्ता प्रकाशन शुरु हुनुपर्छ र त्यस्ता प्रकाशन शिक्षकसम्म पुग्नुपर्छ। तिनमा यो विषयको यो पाठ यो यो तरिकाले पढाउन सकिन्छ भनेर उपायहरू पनि हुनुपर्छ। अनि बेला-बेलामा आफ्ना अनुभव, सफलताका कथा र परेका समस्याहरूबारे छलफल गर्ने फोरम पनि हुनुपर्छ।

**शिक्षक स्वयंको प्रतिबद्धताले कत्तिको अर्थ राख्छ ?**

एकदम धेरै। शिक्षक बनिसकेपछि यो पेशाको मर्यादा राख्न शिक्षकले जान्नुपर्छ र सक्नुपर्छ। शिक्षक बन्नु चानचुने कुरा होइन। राम्रो शिक्षकलाई विद्यार्थीले जीवनभरि आदर र सम्मान गरिरहन्छ। अर्को कुरा, शिक्षकले समाजबाट मैले के लिएँ भन्दा बढी मैले के दिएँ भन्ने कुरा महत्त्वपूर्ण हो। यो कुरालाई मनन् गर्ने हो भने शिक्षकले पेशाबाट निराशा हैन सन्तुष्टि नै प्राप्त गर्दछ। आफूले आफ्नो क्षेत्रमा कति इमान्दारीपूर्वक र सफलताका साथ काम सम्पन्न गर्न सकियो भन्ने कुरा सबैभन्दा महत्त्वपूर्ण हो। सन्तुष्टि पाउने पनि यसैबाट हो। राम्रो काम गर्दा पनि पुरस्कार पाइएन भनेर शिक्षकले निराश हुनुपर्दैन। अरूले सम्झेनन् भने पनि उसका विद्यार्थीले उसलाई कहिल्यै पनि बिर्सन सक्दैनन्।

**प्रस्तुतिः सुदर्शन घिमिरे**





**शिक्षक** मासिक **विज्ञापन दर**

| स्थान | आकार (चौ×ल) सेन्टीमिटर | रङ्ग | रकम (रू) (भ्याटबाहेक) |
|---|---|---|---|
| अन्तिम आवरण | १९.५×२६ सेमी | रङ्गीन | ३०,०००/- |
| अन्तिम भित्री आवरण | १९.५×२६ सेमी | रङ्गीन | २५,०००/- |
| भित्री आवरण | १९.५×२६ सेमी | रङ्गीन | २५,०००/- |
| भित्री पहिलो पाना | १९.५×२६ सेमी | रङ्गीन | २५,०००/- |
| पूरा पाना | १९.५×२६ सेमी | रङ्गीन | २०,०००/- |
| आधा पाना | १६.५×११ सेमी | रङ्गीन | १२,०००/- |
| तिहाई पाना | १६.५×८.५ सेमी | रङ्गीन | ८,०००/- |
| चौथाई पाना | १६.५×५.५ सेमी | रङ्गीन | ६,०००/- |

# बैंक छाडेर स्कूल !

धेरैजसोको जागिर आकर्षणभित्र विद्यालय हैन, बैंक र गैरसरकारी संघ-संस्था पर्छन् । तर, नेपालगञ्जकी नूतन पौडेल भिन्न देखिएकी छन् । उनी बैंक र गैरसरकारी संस्थाको आकर्षक जागिर छाडेर शिक्षक बनेकी छन् । किन त ? "तलब र सुविधा अरूमा धेरै भएपनि शिक्षक हुनुमा जस्तो सन्तुष्टि मैले पाएकी छैन" ४४ वर्षीया नूतनले भनिन् । ग्रामीण विकास बैंकको स्थायी जागिर छाडेर उनले चक र डस्टर बोक्न लागेको भर्खर पाँच वर्ष पुगेको छ । तर, विद्यार्थी र अभिभावकबाट उनी जति रुचाइएकी अरू शिक्षक जिल्लाभरि छैनन् । जिल्ला शिक्षा कार्यालयका अधिकृत डबल बीसी भन्छन्, "उहाँ जिल्लाकै उदाहरणीय शिक्षक हुनुहुन्छ ।"



तस्बिरहरू: जनक नेपाल

उनी खजुरास्थित ज्ञानोदय उच्चमाविमा नेपाली विषय पढाउँछिन् । संस्कृत पृष्ठभूमि भएका शिक्षकले पठाइरहेको विषय एकजना महिलाको जिम्मा लगाउँदा एसएलसीमा नेपालीको रिजल्ट बिग्रन्छ कि भन्ने चिन्ता स्कूलका अन्य शिक्षक र अभिभावकले समेत प्रकट गरेका थिए । तर, छोटो समयभित्रै नूतन विद्यार्थीसँग घुलमिल गर्न मात्र सफल भइनन्, एसएलसीमा विद्यार्थीहरुले नेपाली विषयमा थप राम्रो अङ्क ल्याए । कैयौं विद्यार्थीसँगै उनी पनि सफल भइन् । उनको शिक्षण कला प्रभावकारी र उत्कृष्ट रहेको प्रमाणित भयो ।

नूतनको पढाउने शैली अरूको भन्दा फरक छ । उनी सधैं नियमित हुन्छिन् र शिक्षण-तयारी गरेर विद्यालय जान्छिन् । उनी हरेक विद्यार्थीको सबल र कमजोर पक्ष तथा रुचि पहिल्याउने प्रयास गर्छिन् र त्यही अनुसार घुलमिल भएर पढाउँछिन् । कमजोर विद्यार्थीले नबुझ्दासम्म उनी दोहोऱ्याउँछिन्-तेहेऱ्याउँछिन् । "विद्यार्थीलाई तनावमा पारेर सिकाउन सकिन्न" नूतन भन्छिन्, "शिक्षकले आवश्यकता अनुसार विद्यार्थीको अभिभावक र साथी दुवैको भूमिका निभाउनु पर्छ ।" 'नूतन मिस' सधैं हँसिलो अनुहारमा कक्षाकोठामा प्रवेश गर्ने गरेको विद्यार्थीहरुको अनुभव छ । "मेडम रिसाएको कहिल्यै देखेनौं"- प्लस टु पढ्दै गरेकी पुष्पा आचार्य भन्छिन्, "उहाँलाई सबैले मन पराउँछन् ।"

ज्ञानोदय उच्चमाविमा नेपालीभाषी बाहेक अवधी, थारू र मगर मातृभाषाका विद्यार्थी उल्लेख्य छन् । उनीहरूलाई नेपाली बुझाउन सजिलो हुँदैन । विगतमा नेपाली विषयमा अनुत्तीर्ण हुनेहरूमध्ये धेरैजसो गैर नेपाली मातृभाषी विद्यार्थी नै हुन्थे । तर, चारवर्षयता एसएलसीमा त्यो विषयमा कोही अनुत्तीर्ण भएका छैनन् । "एसएलसीमै सबै पास हुन्छन् । त्यसलाई मैले सफलता ठानेकी छु" नूतन आफ्नो सफलताप्रति सन्तोष व्यक्त गर्छिन् । नूतनले नेपालीमा ८० भन्दा धेरै नम्बर ल्याउने विद्यार्थीलाई पाँच सय रुपैयाँ व्यक्तिगत पुरस्कृत घोषणा गरेकी छन् । गत वर्ष अवधी मातृभाषाका भेषराज बर्माले ८० नम्बर ल्याएर सो पुरस्कार हात पारेका थिए । अघिल्लो वर्ष कमला सापकोटाले ८१ नम्बर ल्याएकी थिइन् । सानो पुरस्कारले विद्यार्थीमा उत्साह थपेको नूतनको अनुभव छ ।

उनले विभिन्न भाषा-भाषीका बालबालिकालाई एकअर्काको रीतिरिवाज, संस्कृति बुझ्न-बुझाउन र लेखन सीप विकास गर्न सिर्जनात्मक तरिकाहरु अपनाउने गरेकी छिन् । विद्यालयमा हिन्दू, मुस्लिम, बौद्ध सबै धर्म मान्नेहरू हुन्छन् । त्यसैले उनले दशैं वा तिहार हैन, सबै चाडबाडबारे निबन्ध लेख्न लगाउँछिन् । एक समुदायकाले

अर्काको बारे कति बुझेको छ भनेर हिन्दूलाई इद र मुस्लिमलाई दशैंबारे लेख्न लगाउँछिन्। त्यसले सबै विद्यार्थीमा सद्भाव र निकटताको भावना अभिवृद्धि भएको उनको अनुभव छ।

समुदायसँग काम गरेको अनुभवले पनि उनलाई सजिलो भएको छ। नारी विकास केन्द्रमार्फत् कानूनी प्रशिक्षणलगायतका कार्यक्रमको संयोजन गर्न उनी गाउँ-गाउँ घुमेकी छन्। जनजाति, दलित र मधेशी समुदायका महिलासँग घुलमिल गरेर काम गरेको अनुभवले तिनै समुदायबाट आएका किशोर-किशोरीको मनोविज्ञान बुझ्न सजिलो भएको उनको कथन छ।

उक्त उच्च माविमा माध्यमिक तहमा पढाउने नूतन पहिलो महिला शिक्षक हुन्। नौ र दश कक्षामा नेपाली पढाउने नूतन अर्थशास्त्रमा स्नातकोत्तरसमेत रहेकीले १२ कक्षालाई जनसङ्ख्या शिक्षा पढाउँछिन्। ०५२ सालमा दिएको शिक्षकको परीक्षाको नतिजा सार्वजनिक भएपछि उनले सात वर्षदेखि गर्दै आएको ग्रामीण विकास बैंकको स्थायी जागिर छाडेर शिक्षण पेशा अपनाएकी हुन्।

नूतनले पढाउन थालेपछि छात्राहरू उत्साहित र नियमित भएको विद्यालयको भनाइ छ। त्यसो भए छात्रालाई आकर्षित गर्न कन्या विद्यालयहरू खोल्नु राम्रो होला त ? 'म त्यो मान्दिनँ' नेपालगन्जको सरस्वती कन्या माविबाट एसएलसी उत्तीर्ण गरेकी नूतनले भनिन्, "छुट्याएर राख्नोस् वा पढाउनोस्। त्यसले महिलालाई अघि बढाउन सघाउँदैन। पछाडि पार्छ।" लैङ्गिक समानताका लागि विभेद हैन, सहज वातावरण बनाउनुपर्ने उनको धारणा छ। कन्या माविमा पढेर पछि सह-शिक्षा भएको क्याम्पस जाँदा आफूलाई केटाहरूसँग बोल्न र एउटै बेञ्चमा बस्न असजिलो लागेको उनको आफ्नै अनुभव छ।

स्तरीय शिक्षाका लागि राम्रो शिक्षक र शिक्षण बाहेक पाठ्यक्रम पनि व्यावहारिक र सबै वर्ग-समुदायलाई समेटिएका उदाहरण राखेर तयार गर्नुपर्ने उनको सुझाव छ। भौतिक संरचना र व्यवस्थापन पनि राम्रो हुनुपर्नेमा नूतनको जोड छ। एउटा कोठामा ६० भन्दा धेरै विद्यार्थी कोचेर पढाउनु पर्दा शिक्षकहरुले गुणस्तरमा सम्झौता गर्नुपर्ने स्थिति आउने उनको आकलन छ। 'विद्यार्थी बेञ्चमा कोचिएर बस्छन्। शिक्षकले घुमेर पढाउन समेत मिल्दैन'- उनी भन्छिन्- 'यो स्थितिमा मात्रै सुधार ल्याउन सकियो भने पनि शैक्षिक स्तरमा फरक आउँछ।'

सडकमा टायर बाल्ने होस् वा ढुङ्गामुढा गर्ने भीड; त्यहाँ विद्यार्थी अनुहार नै धेरै हुन्छन्। राजनीतिक दलका बन्द, सभा र जुलुसमा स्कुल ड्रेस लगाएरै पुगेका भेटिन्छन्। राजनीति नबुझेरै कलिला बालबालिका कसैको हतियार भइदिन्छन्। विद्यालय र शिक्षक निरीह भएर विद्यालय बन्द गर्छन्। यस्ता गतिविधि शिक्षक नूतनलाई कस्तो लाग्छ ? 'पटक्कै मन पर्दैन'- शैक्षिक क्षेत्रमा राजनीतिक हस्तक्षेप बढेको दाबी गर्दै उनले भनिन्-'राजनीति भन्दै विद्यार्थी र विद्यालय प्रयोग गर्नु ठीक होइन। त्यसले शैक्षिक वातावरणमा नकारात्मक प्रभाव पारिरहेको छ।' माध्यमिकस्तरसम्म राजनीतिक दलका भ्रातृ सङ्गठन गठन गर्न नहुने उनको विचार छ।

विद्यार्थीमा अनुशासनहीनता बढ्दै गएकोमा उनी चिन्तित छिन्। तर, विद्यालयमा अनुशासित नै उत्कृष्ट हुने गरेको छ। शिक्षकलाई नटेर्नेले घरमा बुबाआमालाई पनि टेर्दैनन्। 'अनुशासनको दायरा नाँघ्दै विद्यार्थी बिग्रिने गरेका छन्। ढुङ्गामुढा र तोडफोड तिनैले गर्छन्'- उनी भन्छिन्- 'त्यसैले शिक्षा दिएर मात्र पुग्दैन। आफ्नो छोराछोरी कता जाँदैछ भनेर अभिभावकले पनि चासो दिनुपर्छ।'

उनलाई शिक्षण पेशामा लागेपछि चित्त नै काटिने गरी दुःख अनुभव भएको छैन। बरु, आफूले पढाएको विद्यार्थी सुनिल बिकले इन्जिनियरिङ क्याम्पसमा नाम निकालेर आफूलाई खबर पठाएकोमा निक्कै खुशी लागेको उनी बताउँछिन्। 'मलाई त्यो क्षण निक्कै खुशी लाग्यो,' एकछिन रोकिएर उनले भनिन्, "अभिभावक र विद्यार्थीको एउटै पनि गुनासो नआउँदा सन्तुष्टि मिल्छ।"

**नूतनको पढाउने शैली अरूको भन्दा फरक छ। उनी सधैं नियमित हुन्छिन् र हरेक विद्यार्थीको सबल र कमजोर पक्ष तथा रुचि पहिल्याउने प्रयास गर्छिन् र त्यही अनुसार घुलमिल भएर पढाउँछिन्।**



शिक्षणबाहेक उनी समाजसेवाप्रति आकर्षित छिन्। आर्थिक कारणले पढ्न नपाएका बालबालिकालाई सघाउने योजना बनाएकी छन् उनले। केही त्यस्ता विद्यार्थीलाई आउँदो शैक्षिक सत्रमा भर्ना गराउँदै छिन्। यी उत्कृष्ट शिक्षकले एउटा सपना देखेकी छन्- प्रधानाध्यापक भएर विद्यालयको नेतृत्व गर्ने। 'विद्यालय व्यवस्थापनको नेतृत्व हाँक्न सक्छु भन्ने आँट छ'- उनले भनिन्।

नूतन नेपालगञ्जमा आमासित बस्छिन्। उनका पति राजाराम पोखरेल बर्दियास्थित कोष तथा लेखा नियन्त्रण कार्यालयमा प्रमुख छन्। छोरा प्रणक अमेरिकामा कम्प्युटर इन्जिनियर पढ्दैछन्। त्यसैले उनले उत्तिसारो घरधन्दामा अल्झिनुपर्दैन। तैपनि, हरेक दिन व्यस्त। 'फुर्सद भेट्न शनिबार पर्खिनुपर्छ'- उनी आफ्नो दिनचर्या सुनाउँछिन्।

उनको दैनिकी हरेक बिहान ५ बजे शुरु हुन्छ। साढे ६ बजेतिर उनी स्कुटर लिएर घरबाट निस्किन्छन्। नौ किलोमिटर परको ज्ञानोदय उच्चमावि पुगेर प्लस टु कक्षा पढाउँछिन्। घर फर्केर खानपिन गर्न भ्याउँदिनन्। त्यसैले खजुराकै होटेलमा खाना खान्छिन्। दिनभर माविस्तरमा पढाएर घर फर्किंदा साँझ परिसकेको हुन्छ।

**कुमार श्रेष्ठ**/नेपालगञ्ज

सुदर्शन घिमिरे

श्रवण देउवा



स्कूल व्यवस्थापन समुदायलाई दिने नीतिको विरोधमा निस्केका अनेरास्ववियु (छैठौं) का कार्यकर्ता कैलालीका जिल्ला शिक्षा अधिकारीको कुर्सी जलाएर रमाउँदै।

# समुदायमा विद्यालय व्यवस्थापन हस्तान्तरण
# आकर्षण र आपत्ति

**सरकारले सामुदायिक स्कूलको व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्न थालेका पाँच वर्षमा ४ हजार ४ सयभन्दा बढी स्कूलको व्यवस्थापन समुदायले गर्न थालेको छ। तर हस्तान्तरणको काम यसका राम्रा र नराम्रा पक्षको विवादमा अल्झिएको छ।**

- मोरङ कर्सियाको शारदा प्राथमिक विद्यालयको व्यवस्थापन २०५८ साल असोज ६ गते समुदायलाई हस्तान्तरण गरियो। त्यतिखेर कर्सियाका ६० प्रतिशत बालबालिका मात्र स्कूल भर्ना हुने गर्थे। अहिले भर्ना दर बढेर ८६ प्रतिशत पुगेको छ। उतिखेर २० प्रतिशत विद्यार्थीले पढाइ नसकिकन विद्यालय छाड्थे भने अहिले ५ प्रतिशतले मात्र त्यसो गर्छन्। पहिले वर्षमा एकपटक अभिभावक भेला बस्न पनि मुश्किल पर्थ्यो, अहिले अभिभावक भेला वर्षको तीनपटक हुन्छ।

- कास्की, सल्यानको शितला निम्नमाध्यमिक विद्यालयको व्यवस्थापन समितिका पदाधिकारीहरू स्कूलका गतिविधि अनुगमन गर्न साताको एकपटक विद्यालय पुग्छन्। समितिको बैठक हरेक महिना बस्छ। विद्यालयमा पढाइ कस्तो भइरहेको छ र पढाइमा के–कस्ता समस्या आइपरेका छन्; अनि ती समस्या समाधानका लागि गरिएका काम बारेमा बैठकमा समीक्षा हुन्छ। "विद्यालयमा पठनपाठनको वातावरण साँच्चिकै रहर लाग्दो छ", व्यवस्थापन समितिका अध्यक्ष प्रेम पौडेल भन्छन्।

# विद्यालय हस्तान्तरण र महिला शिक्षक



"विद्यालय हस्तान्तरण तुरुन्त रोकिनुपर्छ। समुदायलाई हस्तान्तरण गरियो भने 'क' पनि नजान्ने अध्यक्षले हामीलाई धम्क्याउँछ।"

**यशोदा कोइराला, सिन्धुली**



"विद्यालय हस्तान्तरण– यो सोच्नै नहुने कुरा हो। शिक्षकका राम्रा कुरा गर्न, प्रशंसा गर्न अभिभावक कहिल्यै स्कूल आउँदैनन्। सानो कमजोरी पाए भने उछित्तो काढ्न र गुनासो गर्न रक्सी खाएर समेत स्कूल आउँछन्। राजनीतिक आस्थाका कारण राम्रो शिक्षकलाई लघार्छन्।"

**भवानी तिमिल्सिना, धादिङ**



"विद्यालय समुदायमा हस्तान्तरण गर्दा हाम्रो सेवा, सुविधा सुरक्षित हुन्छ कि हुँदैन ? हुँदैन भने हस्तान्तरण नहोस्।"

**नर्मदा नेपाली, चितवन**



"विद्यालय हस्तान्तरण भनेको के हो ? के को हस्तान्तरण– व्यवस्थापनको ? आर्थिक दायित्वको ? शिक्षा प्रशासनको ? यो सबै कति अभिभावकले बुझेका छन् ?"

**नर्वदा पोखरेल, काठमाडौं**

(एलाइन्स फर सोसल डाइलग (एएसडी) ले ८ माघ २०६४ मा चितवनमा आयोजना गरेको 'महिला शिक्षक अन्तरक्रिया' कार्यक्रममा बोल्दै सहभागीहरू।)

पाँच वर्षयता सरकारले आफूले चलाइरहेका ४४०० भन्दा बढी स्कूल चलाउने जिम्मा स्थानीय समुदायलाई सुम्पिएको छ। व्यवस्थापन हस्तान्तरण भएका र नभएका स्कूलहरूबीच केही टड्कारा भिन्नताहरू देखिन थालेका छन्।

व्यवस्थापन आफ्नो जिम्मा लिएका स्कूलका अभिभावकहरूले "आफ्नो जिम्मेवारी बोध गर्न थालेका छन्", मोरङको शारदा प्राविका प्रधानाध्यापक रवि राजवंशी भन्छन्। "अभिभावक र शिक्षक दुवै स्कूललाई बढी माया गर्न थालेका छन्।" कास्कीको शितला देवी निमाविको व्यवस्थापन समितिका अध्यक्ष प्रेम पौडेल भन्छन्, "व्यवस्थापन हस्तान्तरण भएपछि मात्र समुदायले स्कूल चलाउने अधिकार पायौं भन्ने अनुभव गरेका छन्।"

अर्को भिन्नता मौलिक पूर्वाधारमा अनुभव गरिएको छ। व्यवस्थापन हस्तान्तरण भएका कैयन स्कूलको भौतिक पूर्वाधार सुध्रिएको छ। यस्ता स्कूलको स्थलगत अध्ययन गरेका शिक्षा विभागका ओम शर्माका अनुसार, मोरङको शारदा प्रावि, कञ्चनपुरको जेसिस मावि, बाँकेको सरस्वती प्रावि, चितवनको दिव्यज्योति प्रावि र इलामको बरबोटे प्रावि भौतिक पूर्वाधारमा समेत प्रगति गरेका केही स्कूल हुन्।

शिक्षकहरू नियमित रूपमा स्कूल आउन थाल्नु– हस्तान्तरित विद्यालयहरूको साझा उपलब्धिका रूपमा देखिएको छ। पहिले शिक्षक कैयन दिन गयल भए पनि अभिभावकले चासो राख्दैनथे तर अहिले दुई-तीन दिन मात्र शिक्षक गयल भए भने पनि अभिभावकले सोधपुछ गर्छन्। शारदा प्राविका प्रधानाध्यापक राजवंशी भन्छन्, "यस्तो परिवर्तन आउला भनेर मैले त चिताएको पनि थिइनँ।"

जुन समुदायले स्कूल आफ्नो हो र स्कूल राम्रो बनाउने काम आफैँले गर्नुपर्छ भन्ने बुझ्यो त्यहाँ धेरै उत्साहजनक उपलब्धि देखिएको छ। शिक्षा विभागका महानिर्देशक महाश्रम शर्मा भन्छन्, "सबै स्कूलमा केही न केही प्रगति भएको छ किनभने समुदाय त्यसै बसेको छैन।"

हस्तान्तरण भएका प्रायः सबैजसो स्कूलको पठन-पाठनमा सुधार आएको छ। कञ्चनपुर, महेन्द्रनगरको जेसिस माध्यमिक विद्यालय यसको एउटा उदाहरण हो। यसको पढाइ सुध्रेपछि निजी स्कूलमा पढ्दै गरेका करिब १०० बालबालिका यो स्कूलमा भर्ना हुन आएका छन्।

स्कूल चलाउने जिम्मा समुदायलाई दिने हो भने पढाइ सुध्रन्छ भन्ने यस्ता दृष्टान्त पर्याप्त भेटिए पनि आम नेपालीका छोराछोरीले पढ्ने सम्पूर्ण स्कूलको पढाइ सुध्रिने

# उकालो लाग्यो



दीपक ज्ञवाली

पाँच वटा स्कूल भवन छन् । खानेपानी छ । ट्वाइलेट छ । बगैँचा छ । चाहिने जति डेक्स-बेन्च छन् । छात्रावास छ । शिक्षक आवास छ । बीस वटा कम्प्युटर छन् । पाँच कक्षादेखि कम्प्युटरका आधारभूत कुरादेखि इमेल इन्टरनेटसम्मको अभ्यास गराइन्छ । विद्यार्थीले परीक्षा शुल्क तिर्नुपर्छ । पढाइ शुल्क तिर्नुपर्दैन । आउँदो शैक्षिक-सत्रदेखि अङ्ग्रेजी माध्यमबाट पढाउने योजना छ ।

यो निजी क्षेत्रबाट चलेको स्कूल होइन । यो त समुदायले चलाएको बुटवलको नवीन औद्योगिक माध्यमिक विद्यालय हो । २०६० सालमा स्कूल व्यवस्थापन समुदायले लिनुअघि यस स्कूलको अवस्था अरू सरकारी स्कूलकै जस्तो थियो । २०३३ सालमा स्थापित भएयता धेरै पटक बन्द हुन आँटेको थियो । तर स्कूलको अवस्था सुधार्न सकिन्छ भनेर त्यसको व्यवस्थापनको जिम्मा लिएको कुरा व्यवस्थापन समितिका अध्यक्ष रुद्रबहादुर रायमाझीले बताए ।

समुदायले व्यवस्थापनको जिम्मा लिएपछि विद्यालयले माध्यमिक कक्षा सञ्चालन गर्न अनुमति लियो । यस वर्ष सो विद्यालयबाट विद्यार्थीहरूले पहिलो पटक एसएलसीको जाँच दिँदैछन् । पहिलो सत्रकै विद्यार्थीले जाँच राम्रो गर्ने आशा स्कूलले लिएको छ ।

यस स्कूलमा करिब नौसय विद्यार्थी पढ्दैछन् ।

विद्यार्थीको पढाइ सुधार्न यस विद्यालयमा अरु विद्यालयमा भन्दा एक घण्टा बढी पढाइन्छ । यसबापत शिक्षकले दिनको रु.१० खाजा-भत्ता पाउँछन् ।

२०६१ सालमा यस विद्यालयलाई सामुदायिक विद्यालयमध्ये उत्कृष्ट ठहऱ्याई सामुदायिक विद्यालय प्रथम पुरस्कार दिइएको थियो । यसका प्रधानाध्यपक र व्यवस्थापन समितिका अध्यक्षले दुई-दुई पटक राष्ट्रिय शिक्षा पुरस्कार पाएका छन् ।

यस विद्यालयको अढाइ विघा जमिन छ । त्यही जमिनमा बनाएका २० वटा कोठाको भाडाबाट पनि विद्यालयलाई थप आम्दानी हुन्छ ।

**दीपक ज्ञवाली,** बुटवल

अवस्था भने अझै बन्न सकेको छैन । स्कूलको व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्ने कि नगर्ने भन्ने विवादको टुङ्गो पाँच वर्ष बितिसक्दा पनि लाग्न सकेको छैन । यही विवादका कारण, २०६४ साउनसम्ममा ८ हजार स्कूलको व्यवस्थापन समुदायलाई सुम्पिने सरकारी लक्ष्य आधा जति मात्र पूरा हुनसकेको छ ।

## शुरुदेखि नै विरोध

स्कूलको व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्ने नीतिका बारेमा धेरैले शङ्का उठाएका छन् । तर सबैभन्दा चर्को विरोध चाहिँ शिक्षक सङ्गठनहरूले गरेका छन् । सरकारले यो नीति ल्याउनुअघि आफूहरूसँग छलफल नगरेको भनेर शिक्षक सङ्गठनहरूले शुरुदेखि नै यसको विरोध गर्दै आएका छन् ।

शिक्षकको प्रमुख आपत्तिको बुँदा चाहिँ स्कूल जति समुदायलाई हस्तान्तरण गरेर सरकार आधारभूत शिक्षाको दायित्वबाट भाग्न खोज्दैछ भन्ने हो । स्कूल समुदायलाई हस्तान्तरण गर्न थाल्दा अर्थात् पाँच वर्षअघि नेपालका सार्वजनिक स्कूलका लागि २७ हजार शिक्षक दरबन्दी थप्नु आवश्यक थियो । तर दरबन्दी थप्नुको सट्टा सरकारले स्कूल हस्तान्तरण गर्न थालेपछि शिक्षकका सङ्गठनहरू सशङ्कित भए । नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका तत्कालीन अध्यक्ष माधवप्रसाद अधिकारीले त्यतिबेलाको राजाको सरकारले शिक्षामा लगानी बढाउन छाडेर सुरक्षा खर्च बढाइरहेकोतिर लक्षित गर्दै भनेका थिए, "सरकारले स्कूलमा दरबन्दी थप्नुको सट्टा हातहतियार किन्न खोज्दैछ । त्यसैले हामी स्कूल हस्तान्तरण गर्ने नीतिको जमेर विरोध गर्छौं ।"

तर कुरा दरबन्दीको मात्रै होइन । यदि यही नै प्रमुख मुद्दा हुन्थ्यो त स्कूल हस्तान्तरण गर्ने कुराको 'जमेर' विरोध गर्नुको सट्टा शिक्षक सङ्गठनहरूले दरबन्दी बढाउन माग गर्ने थिए । यथार्थमा शिक्षकहरूको मुख्य चासो पेशागत सुरक्षा अर्थात् जागिर, तलब र अन्य सुविधा नै देखिएको छ । समुदायमा हस्तान्तरण भएका स्कूलमा पढाउने शिक्षकहरूले नपढाएमा उनीहरूलाई जिल्ला शिक्षा कार्यालयले स्कूल व्यवस्थापनको सिफारिसमा अन्यत्र सरुवा गर्न सक्छ । त्यस्तो चरित्रका शिक्षकहरूको निम्ति यो निकै कडा चुनौती हो ।

"उनीहरूले सबैभन्दा बढी खतरा यही कुरामा देखेका हुन्", लामो समयदेखि शिक्षा क्षेत्रमा काम गर्दै आएका, सामुदायिक प्रवर्तन केन्द्रका अध्यक्ष प्रकाशसिंह अधिकारी भन्छन् । "राम्रोसँग नपढाए पनि, स्कूलमा नियमित हाजिर नभए पनि जागिर पकाउन पाएका शिक्षकहरूलाई व्यवस्थापनले अवकाश दिन सक्ने प्रस्ट अवस्था देखिएकाले उनीहरूले विरोध गरेका हुन् ।"

शिक्षकहरूले विरोध गर्नुका पछाडि राजनीतिक कारण पनि रहेको छ । हस्तान्तरणसम्बन्धी नीति कार्यान्वयन गर्ने समयमा देशको राजनीति अस्थिर थियो । पहिले राजाले प्रधानमन्त्री बर्खास्त गरे, आफूखुशी प्रधानमन्त्री भर्ना गरे भने पछि कार्यकारी अधिकार आफैँले लिए । कुनै न कुनै राजनीतिक दलका निकट रहेका शिक्षक र तिनका सङ्गठनले यस्ता बेलामा राजनीतिक उद्देश्य पूर्तिका लागि पनि सो अवधारणाको विरोध गर्नु अनौठो कुरा थिएन ।

शुरुका वर्षहरूमा नीतिगत विरोध गर्दै आएको शिक्षक युनियन अहिले आएर कार्यान्वयन तहमै ओलिएर अवरोध सृजना गर्न थालेको छ । कास्कीको लुम्ले गाविसको ज्ञानोदय प्राथमिक विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्न अनुरोध गर्न जिल्ला शिक्षा कार्यालय

# ओरालो लाग्यो

शिक्षक कम भए भनौं भने, २०३ जना विद्यार्थीलाई पढाउन १० जना शिक्षक छन्। पढ्ने ठाउँ छैन भनौं भने विद्यालय भवन राम्रै छ। तैपनि इलाम बजारको आदर्श निमावि उकालो लाग्न सकेको छैन।

"हो, हाम्रो स्कुलले खासै प्रगति गर्न सकेन", प्रधानाध्यापक रुमा काफ्ले स्वीकार गर्छिन्। तर उनी यसका लागि आफू र शिक्षकहरू भन्दा अभिभावकहरू बढी जिम्मेवार भएको ठान्छिन्। भन्छिन्, "यहाँ पढ्ने धेरै विद्यार्थी चियाबगान र अन्त काम गर्ने मजदुरका छोराछोरी भएकाले विद्यार्थीहरूले घरमा पढ्ने समय पाउँदैनन्। त्यसैले बालबालिकाको पढाइ भने जति राम्रो हुनसकेको छैन्।"

विद्यालयको प्रगति नाप्ने सबैभन्दा सजिलो सूचक भनेको कक्षा चढाइको दर हो। यसका आधारमा हेर्दा यो स्कूल उकालो हैन ओरालो लागिरहेको छ। विद्यालयका अनुसार, २०५८ सालमा ५० प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए भने गत वर्ष करिब ३७ प्रतिशत मात्र।



विजयशेखर भट्टराई

सरकारले स्कूल व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्ने कार्यक्रम थालेको अढाई महिनामै यस विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण भएको हो।

"अभिभावकहरूमा थोरै चासो बढेको छ तर उल्लेख गर्न लायकको परिवर्तन भएको छैन," शिक्षक शेखर सिंह भन्छन्।

"व्यवस्थापन समितिको बैठकमा बोलाएको बेलामा भ्याए गइन्छ, नभ्याए गइँदैन। विद्यालय चलाउने काम व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकको हो," विद्यालय व्यवस्थापन समितिका सदस्य हरि सुवेदी भन्छन्।

**विजयशेखर भट्टराई, इलाम**

गएका शिक्षक र अभिभावकलाई शिक्षक संघ/सङ्गठनका जिल्ला नेताहरूले स्कूल व्यवस्थापनको जिम्मा लिए आफूले कहिल्यै साथ नदिने धम्की दिए। परिणामस्वरुप त्यो विद्यालयको व्यवस्थापन अहिले पनि समुदायमा हस्तान्तरण हुन पाएको छैन। युनियनको कालीकोट शाखाले हालै मात्रै जिल्लाभरिका सरकारी तथा गैरसरकारी संस्थाका कार्यालयहरूलाई पत्र लेखेर समुदायमा हस्तान्तरणमा गएका विद्यालयहरूलाई कुनै सहयोग नगर्न अनुरोध गरेको छ।

सामुदायिक व्यवस्थापनको विरोध गर्ने मामलामा शिक्षकका केन्द्रीयभन्दा जिल्ला तहका नेताहरू बढी उग्र देखिएका छन्। शिक्षक युनियन लमजुङले २०६४ पुस ६ गते यो नीतिको विरोधमा जिल्लाभरका सार्वजनिक स्कूलको पठनपाठन ठप्प पार्‍यो। शिक्षकहरूको केन्द्रीय नेतृत्वले भने कुनै कुराको विरोध गर्नका लागि विद्यालयको पठनपाठन बन्द नगर्ने नीति लिएको छ।

स्कूल व्यवस्थापनको विरोधमा शिक्षक सङ्गठनहरू जति चर्को कुरा गर्छन्; व्यक्तिगत रूपमा शिक्षकहरू त्योभन्दा चर्को कुरा गर्छन्। 'क,ख पढ्न नजान्नेहरूले स्कूल व्यवस्थापन गर्ने?' भनी उनीहरू अभिभावकहरूको योग्यताप्रति व्यङ्ग्य गर्छन् *(हे. सँगैको बक्स)*। तर एउटा यथार्थ के हो भने अहिलेका धेरैजसो शिक्षकहरू हिजो निरक्षर अभिभावकले खोलेका र चलाएका स्कूलमै पढेर शिक्षक बन्न योग्य भएका हुन्।


समुदाय अथवा जनतालाई स्कूल चलाउन दिने कार्यक्रमको विरोध गर्ने र त्यसको कार्यान्वयनमा बाधा पुर्‍याउने काममा माओवादीहरू पनि कम छैनन्। शान्ति प्रक्रियामा आउनुअघि माओवादीले आफ्नो हिंसात्मक राजनीति अगाडि बढाउने क्रममा शिक्षा क्षेत्रमा पनि सङ्कट बढाउने र सरकारलाई असफल पार्ने रणनीति नै बनाएको थियो। एउटा तीरबाट दुई शिकार भने झैं शिक्षकहरूको सहानुभूति पनि बटुल्न पाइने, सरकारलाई पनि अक्षम सावित गर्न सकिने देखेर माओवादीले विरोध र व्यवधानको उपक्रम अगाडि बढाएको बुझ्न कठिन छैन। यसका लागि उसले पार्टी बाहेक आफ्ना शिक्षक र विद्यार्थी सङ्गठनलाई समेत परिचालन गर्ने गरेको छ। उनीहरूले पाल्पा, गुल्मी, मोरङलगायतका केही जिल्लामा हस्तान्तरण भइसकेका विद्यालयको व्यवस्थापन पुन: जिल्ला शिक्षा कार्यालयमा फिर्ता गर्न निवेदन दिन बाध्य पारेका थिए।

अरू त अरू, सरकारको आफ्नै संयन्त्रले पनि यस नीतिको कार्यान्वयनलाई राम्रोसँग आत्मसात गर्न सकेको छैन। व्यवस्थापन हस्तान्तरण भएका स्कूलले कुनै शिक्षकलाई सरुवा गरिदिन यथोचित कारणसहित अनुरोध गरेमा त्यस्ता शिक्षकलाई जिल्ला शिक्षा कार्यालयले सरुवा गर्नुपर्ने हो। तर शिक्षा कार्यालयले यसो नगरेको गुनासो व्यवस्थापन समितिहरूले गर्ने गरेका छन्। सामुदायिक विद्यालय राष्ट्रिय नेटवर्कका अध्यक्ष महेन्द्रविलास जोशी भन्छन्, "समुदायले मन नपराएको शिक्षकलाई सरुवा गर्ने काम जिल्ला शिक्षा कार्यालयले गरेकै छैन भने पनि हुन्छ। रिक्त दरबन्दीमा शिक्षक नियुक्ति गर्ने अधिकार पनि निर्बाध रूपले प्रयोग गर्न पाएका छैनौं।"

जिल्लाभरिका स्कूलमा अस्थायी शिक्षक नियुक्ति गर्ने अधिकार सदाका लागि गुम्छ भनेर धेरैजसो जिल्ला शिक्षा अधिकारीहरू यस कार्यक्रमलाई असफल बनाउन चाहन्छन् भन्ने आरोप एकथरीले लगाउँदै आएका छन्। यस सम्बन्धमा अध्यक्ष जोशीको कथन छ, "अधिकांश जिल्ला शिक्षा अधिकारी कुनै न कुनै निहुँ बनाएर व्यवस्थापन हस्तान्तरणमा भएका स्कूललाई असहयोग गर्दछन्।" राहत शिक्षक दिने कुरामा पनि सरकारले व्यवस्थापन हस्तान्तरण भएका स्कूललाई

# ‘आर्थिक दायित्व त सरकारकै हो’

डा. राजेन्द्रध्वज जोशी
**विश्व ब्याङ्कको नेपाल कार्यालयका शिक्षा विशेषज्ञ**



**सरकारलाई विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्न बैंकले अलि बढी नै दबाब दिइरहेको छ भनिन्छ नि ?**

कुरा त्यसो होइन। व्यवस्थापन समिति अभिभावकबाट नै छानिएर आउने व्यवस्था हुनु शिक्षा ऐन सातौं संशोधन (२०५८) ले गरेको सबैभन्दा ठूलो र महत्त्वपूर्ण परिवर्तन हो। ‘समुदायमा हस्तान्तरण’ नलेखिए पनि त्यो ऐनको मर्म चाहिँ समुदायले विद्यालयको व्यवस्थापन गर्ने भन्ने नै हो।

**हाम्रा विद्यालय समुदायले नै बनाएका हुन्। व्यवस्थापन समिति पनि त्यहीबाट बनाउने भएपछि फेरि ‘समुदायलाई हस्तान्तरण’ भनेर किन भन्नु परेको त ?**

सैद्धान्तिक रूपमा सातौं संशोधनले नै विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गऱ्यो। तर नियममा सोहीबमोजिम समुदायलाई अधिकार दिइएन। ऐनको मर्म अनुसार सरकारले शिक्षा नियमावली बनाएन। जिल्ला शिक्षा कार्यालयले पठाएका शिक्षक जे-जस्तो भए पनि व्यवस्थापन समितिले हाजिर गराउनै पर्ने भयो। सातौं संशोधनको मर्म अनुरुप काम नभएकोमा विश्व बैंकले सरकारको ध्यानाकर्षण गरायो। पछि सरकारले यस कुरालाई मनन गरेर निर्देशिका बनाएर समुदायलाई अधिकार हस्तान्तरण गर्न थाल्यो।

**पाँच वर्षमा यो क्षेत्रमा कत्तिको उपलब्धि भयो त ?**

अपहरण, तालाबन्दी जस्ता ठूलो बाधा र अवरोधका बीच पनि विद्यालयको व्यवस्थापन जिम्मा लिन समुदाय अग्रसर भए। दोस्रो, समुदायले विद्यालय हाम्रो हो भन्ने अनुभूति गर्न थालेका छन्। यसलाई राम्रोसँग चलाउने अभिभारा पनि हाम्रै हो भन्ने भावना

पहिलो प्राथमिकता दिएको छ। तर पनि त्यस्ता स्कूलहरू विद्यार्थी सङ्ख्याको अनुपातमा पाउनुपर्ने जति शिक्षक नपाएको गुनासो गरिरहेका छन्। जोशी भन्छन्, “हामीले सरकारसँग लगातार मागिरहेका छौं तर पाएका छैनौं।”

## दोषी सरकार पनि

२०५८ सालमा संसदले शिक्षा ऐनमा सातौं संशोधन गरेपछि शिक्षा क्षेत्रमा यस्तो सुधार प्रक्रियाको थालनी भएको हो। ऐनको यो संशोधनले सार्वजनिक स्कूलको व्यवस्थापन समिति अभिभावकबाटै छानिने प्रावधान राखेको थियो। साविकका सार्वजनिक स्कूललाई ‘सामुदायिक विद्यालय’ भनी नामकरण पनि यही ऐनले गरेको हो। यो संशोधनपछि २०२८ सालमा सरकारी बनाइएका नेपालभरका सामुदायिक स्कूललाई फेरि सामुदायिक बनाउन बाटो खुल्यो। यस कदमलाई कैयन शिक्षाविद् र शिक्षाकर्मीहरूले तीस वर्ष पुरानो गल्ती सच्याउने दिशामा भएको महत्त्वपूर्ण कदम भनी टिप्पणी गरेका थिए।

तर त्यो ऐनले व्यवस्थापन हस्तान्तरण गर्ने भनी किटानीको साथ व्यवस्था गरेको भने थिएन। सरकारको मूल नीतिगत दस्तावेज दशौं योजनाले विद्यालय व्यवस्थापनमा स्थानीय निकाय र समुदायको सहभागितालाई जोड दिँदै शिक्षकको छनौट र भर्ना स्थानीय तहबाट गर्ने मात्र भनेको थियो। अस्थायी शिक्षकको हकमा यो अधिकार दशौं योजना लागू हुनुअगाडि नै लागू भएको सातौं संशोधनले नै विद्यालय व्यवस्थापन समितिलाई दिइसकेको थियो। तर सरकारले आवश्यक नीतिगत स्पष्टता बिना नै २०५९/६० को बजेट वक्तव्यमा प्राथमिक स्कूल समुदायलाई हस्तान्तरण गर्ने घोषणा गऱ्यो। यस्ता स्कूललाई सरकारले साविक पाइआएको अनुदान माथि पहिलो वर्ष रु.१० हजार र दोस्रो वर्ष रु.१५ हजार अनुदान र शिक्षक भर्ना गर्ने अनुमति दियो। त्यस वर्ष एक सय वटा स्कूल हस्तान्तरण गर्ने लक्ष्य राखेकोमा ८३ वटा हस्तान्तरण भए। त्यसपछि सरकारले यस कार्यक्रमलाई आकर्षक बनाउन विश्व बैंकसँग तीन वर्षका लागि रु.४० करोड ४० लाख ऋण लियो। हस्तान्तरण भएका स्कूललाई रु.१ लाख अनुदान दिन थालियो।

उनीहरूमा आएको छ। उनीहरू पहिलेभन्दा बढी नै सक्रियताका साथ विद्यालय राम्रो बनाउन लागिपरेका छन्। तेस्रो, विद्यालयमा पठनपाठनको वातावरण पहिलेभन्दा राम्रो छ। शिक्षक पहिलेभन्दा धेरै नियमित, लगनशील र उत्तरदायी भएका छन्। चौथो, पठनपाठन राम्रो भएको देखेर अभिभावकहरूले निजी विद्यालयबाट आफ्ना बालबालिका झिकेर सामुदायिक विद्यालयमा भर्ना गर्न थालेका छन्। यो चानचुने उपलब्धि होइन।

**हस्तान्तरण भएका सबै विद्यालयमा प्रगति भएको छ भन्न सक्नुहुन्छ ? झन् बिग्रेका पनि होलान् नि !**

सबै विद्यालयले ठूलो फड्को मारे भन्ने दाबी गर्दिनँ। मैले घुम्ने अवसर पाएका सबै विद्यालयमा एकनासको प्रगति भएको छैन। कहीँ धेरै राम्रो छ, कहीँ कम छ। जहाँसम्म विद्यालयहरू झन् बिग्रे कि भन्ने सवाल छ, त्यस्तो जानकारी अहिलेसम्म कतैबाट आएको छैन। बिग्रने ठाउँ भएको भए पो बिग्रनु? समुदायमा गएको कारणबाट एउटा पनि विद्यालय बिग्रेको छैन।

**हस्तान्तरण गरिएका विद्यालयलाई पनि अवधारणा अनुसारको अधिकार त दिइएको छैन नि !**

वास्तवमा सामुदायिक विद्यालयको अवधारणा अनुसार त केही पनि अधिकार दिइएकै छैन भने पनि हुन्छ। यस सन्दर्भमा हाललाई तीनवटा अधिकार महत्त्वपूर्ण छन्। पहिलो, शिक्षक नियुक्ति गर्ने, स्थायी गर्ने, बढुवा गर्ने र आवश्यक पर्दा अवकाश दिने अधिकार। दोस्रो, प्रधानाध्यापक नियुक्ति गर्ने अधिकार। तेस्रो, सरकारी शिक्षकले सन्तोषजनक काम नगरेमा उसलाई त्यहाँबाट फिर्ता पठाउने अधिकार। पहिलो र तेस्रो अधिकार दिइएकै छैन। बल्लतल्ल प्रधानाध्यापक नियुक्ति गर्ने अधिकार दिइएको छ त्यो पनि केही विद्यालयलाई मात्र। अहिले समुदायले माथि भनिएका तीन वटा अधिकार मात्रै समुदायले अभ्यास गर्न पाए भने स्कूलको अतुलनीय प्रगति हुन्छ।

**सबै विद्यालय समुदायमा हस्तान्तरण गरेपछि विद्यालय शिक्षामा सरकारको दायित्व चाहिँ के हुन्छ ?**

व्यवस्थापनको जिम्मा समुदायलाई दिँदैमा सरकारको भूमिका कसरी घट्छ र? आर्थिक दायित्व त सरकारकै हो नि ! तर सरकारको साधन स्रोत पर्याप्त नभएकाले समुदायसँग साझेदारी गर्नै पर्ने बाध्यता आइलागेको हो। साधन स्रोतको यथेष्ट व्यवस्था गर्न सकेका दिन सरकारले पूरै आर्थिक दायित्व बोके पनि भयो। अहिले अभ्यास गर्न लागिएको सामुदायिक विद्यालयको अवधारणा भनेको सरकार र समुदायको साझेदारीमा विद्यालय चलाउने भन्ने हो, जहाँ आर्थिक स्रोत जुटाउने मूल दायित्व सरकारको हुन्छ र नपुग समुदायले जुटाउँछ।

यसैगरी, व्यवस्थापन समिति र समुदायलाई विद्यालयको व्यवस्थापन उत्कृष्ट तरिकाले गर्न आवश्यक ज्ञान तथा सीप निरन्तर रूपमा उपलब्ध गराउने काम पनि सरकारकै हो। शिक्षाको स्तर निर्धारण गर्ने, स्तर अभिवृद्धिका लागि आवश्यक काम गर्ने उत्तरदायित्व पनि सरकारकै हो।

**शिक्षकको हाहाकार भइसक्यो तर सरकारले ९ वर्षदेखि शिक्षक दरबन्दी थपेको छैन। त्यसले गर्दा विद्यालय समुदायमा हस्तान्तरण गरेर सरकार दायित्वबाट पन्छिन खोजिरहेको छ भन्ने आशङ्का उब्जिएको छ नि ?**

पर्याप्त सङ्ख्यामा शिक्षकको व्यवस्था गर्ने जिम्मेवारी सरकारकै हो। अर्थात् शिक्षकका लागि चाहिने आर्थिक स्रोत व्यवस्था गर्ने काम सरकारको हो। त्यो स्रोतमा शिक्षक राख्ने काम समुदायले गर्न पाउनुपर्छ। मेरा विचारमा, अब सामुदायिक शिक्षकको अवधारणा पनि अगाडि ल्याउनुपर्छ। अब समुदायले नै शिक्षक नियुक्त गर्नुपर्छ। शिक्षक सेवा आयोगबाट अध्यापन अनुमतिपत्र लिएका मान्छेबाट विद्यालयले छान्ने प्रक्रिया हुनुपर्छ। तिनीहरूको तलब सुविधा हालका सरकारी शिक्षकले पाएभन्दा कम हुनुहुन्न। तिनको पेशागत सुरक्षाको ग्यारेन्टी पनि गरिनुपर्छ।

**सरकारले हस्तान्तरण भएका विद्यालयमा जति पैसा पठाएको छ त्यो पर्याप्त छ ?**

पटक्कै छैन। प्रोत्साहन अनुदानबापत रु.१ लाख दिइएको छ। अरू केही सहयोग गरेको छ जुन उल्लेखनीय छैन। सरकारले शिक्षकको तलब-भत्ता मात्र दिएको छ, त्यो पनि पर्याप्त छैन। स्तरीय शिक्षा दिनका लागि विद्यालयलाई चाहिने न्यूनतम खर्च पनि दिएको छैन।

यसपछि सरकारले निम्न तथा माध्यमिक विद्यालय पनि समुदायलाई दिन थाल्यो। समुदायमा हस्तान्तरण हुने माध्यमिक विद्यालयले रु.३ लाख, निमाविले रु.२ लाख पाउन थाले। व्यवस्थापन हस्तान्तरण भएका एकहजार पाँच सयमध्ये विद्यार्थी भर्ना लगायतका विभिन्न मापदण्ड पूरा गर्ने २५० स्कूलले थप अनुदान पनि पाएका छन्।

यस मामलामा सरकारले शुरुदेखि नै उल्टो कदम चालेको छ। सामान्यतया कुनै पनि नीति कार्यान्वयन गर्न पहिले कानून, त्यसपछि नियम र त्यसपछि निर्देशिका बनाउने गरिन्छ। तर यो कार्यक्रम लागू गर्दा सबैभन्दा पहिले (साउन २०५९ मा) निर्देशिका बन्यो, त्यसपछि २०६० मा मात्र नियमावली बन्यो। र, यसलाई २०६१ सालमा अध्यादेशबाट शिक्षा ऐन संशोधन गरी कानूनी मान्यता दिलाइयो।

सातौँ संशोधनले जति अधिकार विद्यालयको व्यवस्थापन समितिलाई दिएको छ र हस्तान्तरणमा नगएका विद्यालयहरूले अधिकार पाएका छन्, हस्तान्तरणमा गएका विद्यालयले पनि त्योभन्दा बढी अधिकार पाएका छैनन्।

## समुदायकरणको विकल्प छैन

शिक्षाविद् डा. पूर्णकान्त अधिकारीको विचारमा हाल नेपालको शिक्षा क्षेत्रमा देखिएको वर्गीय भेदभाव हटाउन र स्कूले शिक्षाको स्तर उकास्न स्कूललाई सामुदायिक नबनाई हुँदैहुँदैन। त्यसका लागि अहिले जस्तो नाममात्रको अधिकार दिएर पुग्दैन। "शुल्क उठाउनेदेखि राम्रो काम नगर्ने सरकारी शिक्षकलाई हटाउनेसम्मको अधिकारबाट यिनलाई सम्पन्न नगराएसम्म वास्तविक सामुदायिक विद्यालय बन्न सक्दैन।" डा. अधिकारी थप्छन्, "केशरमहलले चलाएर विद्यालय राम्रो हुँदैन भन्ने कुरा आत्मसात गरेर जति छिटो समुदायलाई अधिकार दिइन्छ, त्यति छिटो विद्यालयको स्तर उकासिन्छ।"

शिक्षा ऐनको सातौं संशोधन क्रियान्वयनमा आएको ६ वर्षपछि विद्यालयको हालतमा सुस्तरी सुधार आउन लागेको अनुभव गर्न थालिएको छ। यसै बीच अधिकार केही नदिइकन शुरु भएको "समुदायलाई विद्यालयको व्यवस्थापन हस्तान्तरण कार्यक्रम" ले समुदायमा विद्यालयप्रतिको अपनत्वको भावनाको मात्र विकास गराएन,

उनीहरूलाई विद्यालय सुधार्न पनि प्रेरित गरेको छ। अभिभावकहरूलाई गर्न दिइयो भने के कस्तो उपलब्धि हुनसक्दोरहेछ भन्ने कुरा हस्तान्तरणमा गएका विद्यालयहरूको पठनपाठनदेखि विद्यालयको भौतिक पूर्वाधारमा समेत उल्लेखनीय सुधार भएबाट छर्लङ्ग हुन्छ। शिक्षा विभागका अनुसार अर्को वर्षको असोजदेखि विश्व बैंकको 'प्रोजेक्ट'को रूपमा आएको हस्तान्तरण कार्यक्रम सकिँदैछ। तर त्यसअघि नै 'सबैका लागि शिक्षा' (२००४-९) को पञ्चवर्षीय कार्यक्रममा यसलाई समाविष्ट गरेर सरकारले यसलाई मूल कार्यक्रम बनाइसकेको छ। यस सन्दर्भमा, हस्तान्तरण कार्यक्रमको पाँच वर्षका अनुभवबाट पाठ सिकेर अगाडि बढ्नु नै संभवत: सबैभन्दा बुद्धिमानी ठहर्छ।

सरकारले ९ वर्षदेखि शिक्षक दरबन्दी थपेको छैन। त्यसको बदलामा अस्थायी रूपमा राहत अनुदान दिन थालेको छ। त्यसले गर्दा विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गरेर सरकार त्यो आर्थिक भार वहन गर्नबाट पन्छिन खोजिरहेको छ कि भन्ने आशङ्का गहिरिन पाएको छ। त्यसैले सरकार विद्यालयको आर्थिक दायित्व वहन गर्न टाढा भागिरहेको छैन भन्ने विश्वास दिलाउन सरकारले तत्काल ठोस पहल गर्नुपर्ने स्पष्ट देखिएको छ। यही मेसोमा, सरकारले प्रति विद्यार्थी लागत अनुदानको नयाँ नीति अगाडि सार्न लागेको छ। शिक्षा सचिव बालानन्द पौडेलका अनुसार, सरकारले दरबन्दी दिने पुरानो चलनको बदलामा प्रति विद्यार्थी लागत हिसाब गरेर विद्यालयलाई विद्यार्थी सङ्ख्याको आधारमा अनुदान दिने नीति अख्तियार गर्न लागेको छ। तर जे-जस्तो सूत्र र सिद्धान्त अपनाएर भए पनि सरकारले पर्याप्त शिक्षकको व्यवस्था गर्न भने ढिलाइ गर्न नमिल्ने भइसकेको छ।

> “राहत अनुदान बन्द गरेर शिक्षकको तलब, भत्तालगायतको सम्पूर्ण कुराको ग्यारेन्टी सरकारले लिन्छ भने समुदायमा व्यवस्थापनको अधिकार दिने कुराको विरोध गर्दैनौं।”
> ■ गुणराज लोहनी



दीपक ज्ञवाली

समुदायलाई व्यवस्थापनको सबै अधिकार हस्तान्तरण गरेपछि शिक्षकको पेशागत सुरक्षा- खासगरी शिक्षक स्थायी गर्न र तिनको निवृत्तिभरण तथा उपदानको प्रत्याभूति- भएमा शिक्षक युनियन र माओवादी निकट शिक्षक संघको विरोध विस्तारै मत्थर हुने धेरैको अनुमान छ। समुदायमा व्यवस्थापनको अधिकार दिने कुराको सिद्धान्तत: विरोधी नभएको कुरा शुरुदेखि नै बताउँदै आएका युनियनका पदाधिकारीहरू शिक्षकको पेशागत सुरक्षा र सुविधाको जिम्मा सरकारले लिन्छ भने आफूहरू विरोधमा नलाग्ने बताउँछन्। माओवादी निकट शिक्षक अखिल नेपाल शिक्षक संघका अध्यक्ष गुणराज लोहनी भन्छन्, “शिक्षकको नाममा राहत अनुदान बन्द गरेर शिक्षकको तलब, भत्तालगायतको सम्पूर्ण कुराको ग्यारेन्टी सरकारले लिन्छ भने हामी पनि समुदायमा व्यवस्थापनको अधिकार दिने कुराको विरोध गर्दैनौं।”

अहिलेसम्म जो बालबालिका स्कूल जान्छन्, तिनकै अभिभावकलाई मात्र समुदाय मानिने साविकको बुझाइ आफैंमा खोटरहित छैन। खास निश्चित भौगोलिक सीमाभित्र बसोवास गर्ने सबै मानिसहरूलाई समुदायको सदस्यका रूपमा प्रतिष्ठापित गर्ने गरी समुदाय परिभाषित हुनु जरुरी छ। त्यसो भएपछि मात्र कुनै खास समुदायमा बसोवास गर्ने सबैले छिमेकमा रहेको विद्यालयलाई आफ्नो समुदायको विद्यालय ठान्छन्।

सातौं संशोधनले विद्यालयको व्यवस्थापनमा अभिभावकको उपस्थितिको ग्यारेन्टी गरे पनि व्यवस्थापन समिति र समुदायलाई खासै अधिकार फर्काएको छैन। डा. अधिकारीले भने झैं, शिक्षक नियुक्तिदेखि बढुवा र अवकाशसम्मका सबै अधिकार व्यवस्थापन समिति र समुदायमा नै दिनुपर्छ। त्यसो नगरेसम्म सही अर्थमा सामुदायिक विद्यालय बन्न सक्दैन। बरु शिक्षकमाथि राजनीतिक आस्था वा व्यक्तिगत अहंका आधारमा हुनसक्ने सम्भावित भेदभावलाई रोक्न त्यस सम्बन्धी सबै प्रक्रियाहरू पारदर्शी हुनुपर्छ र त्यहाँ व्यवस्थापन समितिको अधिकारको उपयोग सही र प्रक्रियासम्मत ढङ्गले भयो कि भएन भनेर अनुगमन गर्ने काम जिल्ला शिक्षा कार्यालयले गर्नुपर्छ। व्यवस्थापन समितिलाई सो अधिकारको अभ्यास गर्न समर्थ बनाउनुपर्छ र उनीहरूलाई सधैं ज्ञान तथा सीपको विकासमा निरन्तर सहयोग गर्ने एउटा संयन्त्र नै बनाउनुपर्छ।

कार्यरत तर अक्षम र नक्कली शैक्षिक योग्यता पेश गरेर शिक्षक बनेका मानिसहरूलाई शिक्षण पेशाबाट बिदा गर्ने र दक्ष र योग्य मानिसहरूलाई शिक्षण पेशामा ल्याएर शिक्षकको मर्यादा उकास्ने ध्येयका साथ आएको शिक्षक अध्यापन अनुमति पत्रको व्यवस्थालाई त्यसको मर्म अनुसार व्यवहारमा उतार्नु आवश्यक भएको कुरामा शायदै दुईमत होला। जो पायो त्यहीले पनि अनुमतिपत्र पाउने अहिलेको परिपाटीमा सुधार गरी प्रयोगात्मक परीक्षामा समेत खरो रूपमा उत्रिएका मानिसहरूले मात्र अध्यापन अनुमतिपत्र प्राप्त गर्ने अवस्थाको सृजना हुनुपर्ने देखिन्छ। बरु त्यसनिम्ति शिक्षक सेवा आयोगलाई पूर्ण स्वायत्त र विश्वसनीय संस्थाका रूपमा रुपान्तरित गर्न आवश्यक कानूनी व्यवस्थादेखि व्यावहारिक उपायहरूको खोजी गरिनुपर्छ।

यस्तो नीतिगत निर्णय गर्नेदेखि अन्य प्रक्रियामा समेत शिक्षाका सबै सरोकारवालाहरूको सही अर्थमा सहभागिता सुनिश्चित गरिनु आवश्यक छ। शिक्षा प्रदान गर्ने प्रमुख माध्यम शिक्षक नै हुन् र उनीहरूलाई विश्वासमा नलिइकन गरिने कुनै पनि नीतिगत निर्णय व्यवहारमा सफलताका साथ अनुवाद गर्न सम्भव हुँदैन।

# यसरी आयो विश्व बैंक

**आमोदप्रसाद उपाध्याय**
पूर्व शिक्षामन्त्री

म शिक्षामन्त्री त्यस्तो बेलामा भएको थिएँ, जतिबेला देशको सार्वजनिक शिक्षाको स्तर निक्कै खस्कँदै गएको थियो। त्यो अवस्थामा सुधारका केही न केही उपाय खोज्नै पर्ने थियो। शिक्षा मन्त्रालयमा बसेर काम गर्दाको छोटो अनुभव, साथीहरूको सल्लाह र विद्यालयको शिक्षाको स्तर उकास्ने मेरो आफ्नै समझदारीका आधारमा शिक्षा ऐनमा सातौं संशोधन गर्न अग्रसर भएँ। क्याबिनेटबाट विधेयक पास गराएर संसदमा लगेँ। संसदमा लामो छलफल र बहस भयो, संशोधन र परिमार्जन गरेर काङ्ग्रेस, एमाले र अन्य दलको सहमति र समर्थनमा शिक्षा सातौं संशोधन विधेयक संसदबाट पारित भयो।

सातौं संशोधनले विद्यालय व्यवस्थापन समितिको अध्यक्षसहित बहुमत सदस्य अभिभावकबाट छानिने व्यवस्था गर्‍यो। व्यवस्थापनमा उनीहरूको भूमिकालाई पुनः जगाउने प्रयास गरेको थियो। अभिभावकले विद्यालयलाई आफ्नो ठाने।

सातौं संशोधनले निम्नमाध्यमिक तहदेखि पुनः शुल्क उठाउन पाउने बाटो पनि खोलिदिएको थियो। यसअघि चुनावमा मत बटुल्न र सस्तो लोकप्रियताका लागि तँछाडमछाड गरी माध्यमिक तहसम्म निःशुल्क शिक्षाको नारालाई उचालेका यिनै पार्टीले आफू सरकारमा रहँदा माध्यमिक तहसम्म शुल्क नलिने निर्णय यसअघि नै गरिसकेका थिए। तर त्यसले गर्दा सार्वजनिक विद्यालयको स्तर झन् गिर्दै गएको र निजी विद्यालयसँग झन्-झन् दूरी बढ्दै गएको देखेपछि सार्वजनिक शिक्षालाई बचाउने अन्तिम अस्त्रका रूपमा काङ्ग्रेस-एमालेको प्रचण्ड बहुमत रहेको संसदले कक्षा ६ देखि पुनः शुल्क उठाउन पाइने प्रावधान ऐनमा राख्न सहमति जनाएको थियो। यो व्यवस्थामा साझा मत बनाउन मैले निकै कसरत गर्नु परेको थियो।

" सार्वजनिक शिक्षालाई बचाउने अन्तिम अस्त्रका रूपमा काङ्ग्रेस-एमालेको प्रचण्ड बहुमत रहेको संसदले कक्षा ६ देखि पुनः शुल्क उठाउन पाइने प्रावधान ऐनमा राख्न सहमति जनाएको थियो। "

सँगसँगै विद्यालय व्यवस्थापन समितिलाई खुला प्रतिस्पर्धाका आधारमा अस्थायी शिक्षक नियुक्ति गर्न पाउने अधिकार पनि ऐनले दियो। जिल्ला शिक्षा कार्यालयले योग्यता र दक्षता भन्दा दलीय प्रभाव र पहुँचका आधारमा शिक्षक नियुक्ति गर्ने गर्दथ्यो। दलीय राजनीतिको त्यो अस्वस्थ खेललाई विद्यालयबाट बाहिर राख्नु र शिक्षण पेशालाई पुनः मर्यादित बनाउनु आवश्यक थियो। शिक्षक बन्न शिक्षक सेवा आयोगबाट लिखित तथा प्रयोगात्मक परीक्षामार्फत शिक्षक अध्यापन अनुमतिपत्रको व्यवस्था पनि सातौं संशोधनमा गरियो।

निजी र सार्वजनिक विद्यालयबीचको बढ्दो खाडलले समाजमा हुने-खाने र हुँदा खानेका लागि दुईथरीको शिक्षा भएको र माओवादी विद्रोह अकल्पनीय रूपमा राष्ट्रिय रूपमा फैलिनुमा कहीँ न कहीँ यही वर्गीय शिक्षाको हात पनि भएको महसूस हामी सबैलाई भयो र संसदले सार्वजनिक शिक्षालाई धरासायी हुनबाट जोगाउन र शिक्षाको स्तर उकास्न तत्कालको आवश्यकतामा आधारित रहेर उल्लिखित नीतिहरू अवलम्बन गरिएको थियो।

म यसलाई सफलतापूर्वक कार्यान्वयन गर्न यसको पक्षमा जनमत बनाउन लागिपरेको थिएँ। त्यस्तैमा एकदिन मलाई भेट्न विश्व बैंकका नेपाल प्रतिनिधि केन ओहासी शिक्षा मन्त्रालय आए। उनले भने, विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने नयाँ नीति ल्याउनुपर्‍यो, विश्व बैंक सबै खालको सहयोग गर्न तयार छ। मैले सरकारले सामुदायिक विद्यालयको सुधारका लागि शिक्षा ऐनको सातौं संशोधन हालै मात्र भएको र त्यसका विशेषता र आवश्यकता बारे उल्लिखित कुराहरू उनलाई पनि बताएँ। मैले भनेँ, बरु सामुदायिक विद्यालयको सुधार र सशक्तिकरणका लागि बैंकले आर्थिक सहयोग गरोस्, त्यो चाहिँ राम्रो र आवश्यक छ। तर ओहासीले मेरो प्रस्तावमा सहमति जनाएनन्। उनले भने "बैंकको सहयोग पाउन त व्यवस्थापन हस्तान्तरण गर्नै पर्छ।" मैले समुदायकै विद्यालय पुनः समुदायमा दिने भन्नुको के तुक छ भनी उनलाई जवाफ दिएँ। उनले गएर तत्कालीन अर्थमन्त्री डा. रामशरण महतलाई भेटेर मैले उनको प्रस्ताव अस्वीकार गरेको जानकारी दिएछन्।

त्यसको केही दिनपछि अर्थमन्त्री महतले मलाई विश्व बैंकको प्रस्ताव स्वीकार गरिदिन अनुरोध गरे। भने, "दाइले केन ओहासीको कुरा मानिदिनुपर्ने थियो। माओवादी हिंसाले देश आक्रान्त भएको परिस्थितिमा सुरक्षा बजेट बढिरहेको छ। विदेशीसँग पैसा नलिइकन देश चलाउनसक्ने अवस्था छैन।" मैले उनलाई पनि त्यही कुरा भनेँ, जुन कुरा केन ओहासीलाई भनेको थिएँ। यस्तैमा प्रधानमन्त्री देउवाले हामी मन्त्रीहरूलाई समेत थाहा नदिई संसद विघटन गरिदिए र मैले मन्त्रीपदबाट राजिनामा दिएँ। मसँगै रामशरण महत पनि बाहिरिए। त्यसपछि आएको बजेट वक्तव्यमार्फत सरकारले विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्ने कार्यक्रम ल्याएछ। पछि विश्व बैंकले सरकारलाई त्यो कार्यक्रमका लागि पैसा पनि दिएछ। सामुदायिक विद्यालयको व्यवस्थापन समिति समुदायले नै छान्छ र विद्यालयको व्यवस्थापन गर्ने जिम्मेवारी पनि उसैको हो, त्यो विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण भनेर के भन्न खोजेको हो मैले अझै बुझेको छैन।

*(पूर्व शिक्षामन्त्री आमोदप्रसाद उपाध्यायसँगको कुराकानीमा आधारित)*

केशवप्रसाद भट्टराई



# पहिला सहमति अनि हस्तान्तरण

**सार्थक परामर्शबाट अभिभावक, शिक्षक, विद्यार्थी र सरकारी प्रतिनिधिहरूको सन्तुलित प्रतिनिधित्व रहने गरी विद्यालय व्यवस्थापन समितिको गठन गरिनुपर्छ । त्यस्तो सहमतिमा नपुगुन्जेल विद्यालयको व्यवस्थापन हस्तान्तरण गर्ने कार्य स्थगित गरिनुपर्दछ ।**

शिक्षा ऐनको सातौं संशोधन (२०५८) र शिक्षा नियमावली (२०५९) ले निर्वाचनद्वारा विद्यालय व्यवस्थापन समिति गठनको प्रयोग अघि बढायो । यो कार्यक्रमलाई तीब्रता दिन सरकारले विश्व बैंकबाट ऋण प्राप्त गऱ्यो र २०५९ को बजेट वक्तव्यमार्फत विद्यालयलाई 'समुदायमा हस्तान्तरण गर्ने कार्यक्रम' अघि साऱ्यो । २०५९ को भदौमा शिक्षा मन्त्रालयले हस्तान्तरण प्रक्रियासम्बन्धी निर्देशिका बनाएर विद्यालयहरू समुदायमा हस्तान्तरण गर्ने कार्य प्रारम्भ गऱ्यो । हालसम्म झण्डै ४४०० विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण भइसकेको छ ।

> **समुदाय वा समुदायहरूको हित र अपेक्षाहरूको प्रभावकारी प्रतिनिधित्व गर्न समर्थ विद्यालय अनि विद्यालयका सामाजिक, आर्थिक र नैतिक आवश्यकताहरूको परिपूर्ति गर्न सक्षम समुदाय आजको आवश्यकता हो ।**

स्कूल हस्तान्तरण गर्ने कार्यक्रमलाई सरकारले विद्यालयमा आधारित व्यवस्थापन नीति, विकेन्द्रीकरणको उद्देश्य अनुरुप अभिभावकहरूको अधिकार स्थापना, शैक्षिक गुणस्तरमा सुधार, विद्यालयहरूमा भवन, फर्निचर, थप शिक्षक र शैक्षिक सामग्रीहरूको व्यवस्थामा स्थानीय साधन-स्रोत परिचालनको सम्भावना तथा शिक्षकलाई अभिभावक र स्थानीय समुदायप्रति उत्तरदायी बनाउने समेतका उद्देश्यलाई ध्यानमा राखेर ल्याइएको भन्ने गरेको छ । विद्यालय शिक्षाका सबै समस्याको एउटै 'अचूक समाधान'को रूपमा सरकारले चित्रित गर्ने गरेको यो कार्यक्रमले समुदायमा हस्तान्तरण भएका विद्यालयका प्र.अ., अध्यक्ष र सम्बद्ध जि.शि.अ.हरूलाई आकर्षक सुविधासहित देश-विदेशको भ्रमणलगायतका अवसरहरू दिने गरेको पाइएको छ । परिणामत: केही टाठा-बाठा प्र.अ., अध्यक्ष र जि.शि.अ., मन्त्रालय र विभागका वरिष्ठ अधिकारी एवं सरकारी तथा दातृ संस्थाको रासनपानीमा खडा भएका गैरसरकारी संस्थाका पदाधिकारीहरूलाई यो कार्यक्रम लैनो-गाई बन्न पुगेको छ ।

तर विडम्बना के छ भने सारा स्कूलको व्यवस्थापन समुदायलाई सुम्पिने यत्रो नीतिगत व्यवस्था र कार्यक्रम अघि सारिँदा सरकारले शिक्षकहरूसँग संस्थागत रूपमा एकपटक पनि परामर्श गरेन । शिक्षकहरूमाथि लागू गरिने कुनै पनि व्यवस्था उनीहरूसँग छलफल नगरी ल्याइनु आफैँमा अप्रजातान्त्रिक भएकोले शुरुदेखि नै यसको पक्षमा शिक्षकहरूले मत जाहेर गरेनन् । झन् सरकारका मन्त्री र ठूला-साना हाकिमहरूले 'शिक्षकलाई तह लगाउन' यो व्यवस्था ल्याइएको भनी सार्वजनिक रूपमा नै भाषण गर्न थाले । समुदायमा जान तत्पर विद्यालयले कक्षाकोठा, फर्निचर र शिक्षक अनुदानलगायतका सुविधाहरू प्राप्त गर्ने अनि अन्य विद्यालयहरूले सरकारी ताडना र तिरस्कार भोग्नुपर्ने परिस्थिति सिर्जना गरियो । यस्तो व्यवहारले शिक्षकहरूलाई झन्-झन् हस्तान्तरणको विपक्षमा उभ्यायो ।

२०५६ सालदेखि सरकारले एउटा पनि शिक्षक दरबन्दी थपेको छैन । यस अवधिमा विद्यार्थी सङ्ख्या झण्डै दोब्बर वृद्धि भएको छ । सरकारले शिक्षकहरूको स्थायी दरबन्दी सङ्ख्यामा भने ४० हजारले कट्टा गरिसकेको छ । स्थायी पद सङ्ख्या घटाउँदै त्यसको सट्टा कुनै निश्चित तलबमान

र अन्य कुनै सुविधा नभएका हजारौं 'राहत शिक्षक'को पद सिर्जना गरिएको छ । एउटा राहत शिक्षकको अनुदान रकमबाट अन्य दुई, तीन, चार जनासम्म शिक्षक नियुक्त गर्न सकिने बाटो समेत सरकारले खोलिदिएको छ । त्यस्तो राहत कोटा पनि सरकारद्वारा नै गठित जिल्ला शिक्षा समितिमार्फत नदिई मन्त्रीस्तरीय राजनीतिक निर्णयबाट वितरण गर्ने गरिएको छ । यसैगरी मन्त्रालय शिक्षकहरूको नियुक्ति र बर्खास्ती सम्बन्धी अधिकार विद्यालय व्यवस्थापन समितिलाई सुम्पने र शिक्षक सेवा आयोगलाई शिक्षण अनुमतिपत्र दिने संस्थाको रूपमा मात्र सीमित गर्नेतर्फ अग्रसर छ ।

सरकारले अहिले तय गरेको नीति र प्रक्रिया अनुरुप स्कूलहरु समुदायमा हस्तान्तरण भइसकेपछि शिक्षकहरूको तलब, सञ्चयकोष, पेन्सन, उपदान, उपचार खर्चलगायतका व्यवस्थाहरूमा सरकारको प्रत्यक्ष दायित्व रहने छैन । विद्यालयले पाउने एकमुष्ट अनुदानबाट नपुग रकम आफैंले व्यहोर्ने गरी विद्यालयले शिक्षकहरूको तलबलगायतका सुविधाहरूको बन्दोवस्त गर्नुपर्ने हुन्छ । विद्यालयलाई दिइने एकमुष्ट अनुदान 'प्रति विद्यार्थी लागत' (पर क्यापिट फण्डिङ) को सिद्धान्त अनुसार दिने नीति पनि सरकारले अवलम्वन गर्न थालिसकेको छ ।

यसरी सरकारले शिक्षाको आर्थिक भार क्रमशः समुदायको जिम्मामा पन्छाउनु भनेको राज्यले बहन गर्नुपर्ने बालबालिकाको शिक्षासम्बन्धी आधारभूत दायित्वलाई अस्वीकार गर्नु हो । अझ संवेदनशील पक्ष त के छ भने नेपाली शिक्षकहरूलाई 'राजनीतिक दलका झोले कार्यकर्ता'को रूपमा स्वाद लिई-लिई चित्रण गर्न नथाक्ने सरकारका मन्त्री, प्रशासक र नेताहरू शिक्षणलाई स्वतन्त्र र मर्यादित पेशाको रूपमा विकास हुन नदिन कम्मर कसेर लागेका छन् । त्यसैले उनीहरू शिक्षक सेवा आयोगलाई स्वतन्त्र संवैधानिक हैसियत प्रदान गर्ने कुराको विरोध गर्छन् । साथै, शिक्षकहरूको नियुक्ति र बढुवाको लागि स्वतन्त्र र प्राज्ञिक निकाय स्थापित गरी योग्य व्यक्तिहरूलाई शिक्षण पेशामा आकर्षण गर्नुको साटो स्थानीय राजनीतिक कार्यकर्ताहरूले भरिएको र वास्तविक अभिभावकहरूलाई पाखा लगाइएको व्यवस्थापन समितिमार्फत शिक्षकहरूको नियुक्ति हुने व्यवस्था गरी शिक्षकहरूलाई स्थानीय राजनीतिक अंशवण्डाको वस्तु बनाएर शिक्षकहरूको पेशागत मनोबल र आत्मविश्वासको हुर्मत लिने नीति र पद्धति अख्तियार गर्नमा सरकार लागिपरेको देखिन्छ ।

हरेक विद्यालयको आफ्नै भूगोल, समाज र संस्कृति हुन्छ । त्यसैले हरेक विद्यालय आफैंमा एउटा समुदाय र समुदायहरूको पनि समुदाय हो । यसरी समुदाय वा समुदायहरूको हित र अपेक्षाहरूको प्रभावकारी प्रतिनिधित्व गर्न समर्थ विद्यालय अनि विद्यालयका सामाजिक, आर्थिक र नैतिक आवश्यकताहरूको परिपूर्ति गर्न सक्षम समुदाय आजको आवश्यकता हो । विद्यालयमा विभिन्न समुदायहरूको स्वतः उपस्थिति रहने र ती समुदायका फरक रुचि, हित र सरोकारहरूको परस्पर स्वीकृति र सम्मानले नै विद्यालयहरूलाई आफ्नो अधिकार र प्रभाव दिइरहेको हुन्छ । यस्तो उपस्थितिले परस्पर ज्ञान, सूचना र अनुभवहरूको

सुरज कुवँर



'समुदायमा हस्तान्तरण गर्ने कार्यक्रम' ले केही टाठा-बाठा प्र.अ., अध्यक्ष र जि.शि.अ., मन्त्रालय र विभागका वरिष्ठ अधिकारी एवं सरकारी तथा दातृ संस्थाको रासनपानीमा खडा भएका गैरसरकारी संस्थाका पदाधिकारीहरूलाई यो कार्यक्रम लैनो-गाई बन्न पुगेको छ ।

आदान-प्रदान, विद्यालयका लागि पर्याप्त स्थानीय समर्थन र सहयोगका साथै विद्यालय-समुदाय सहकार्यद्वारा शिक्षामा सबैको पहुँच सुनिश्चित र अधिकार निर्माणमा योगदान पुर्‍याइरहेको हुन्छ । त्यसैगरी यसले शैक्षिक निर्णय प्रक्रिया तथा कार्यक्रमहरूको सशक्त अनुगमन र मूल्याङ्कन गरी यसको निरन्तरतालाई सुनिश्चित गराउँछ । साथै विद्यालयमा समुदायको यस्तो उपस्थितिबाट पर्याप्त राष्ट्रिय र अन्तर्राष्ट्रिय स्वीकृति, सम्मान र शिक्षामा सुधारका लागि थप अभिप्रेरणा प्राप्त हुन्छ ।

माथि नै भनिसकियो नेपालमा सन्तोषजनक शैक्षिक उपलब्धि निर्माण हुन नसक्नुमा एउटा त देशको राजनीतिक र शैक्षिक नेतृत्वमा रहेको इच्छाशक्तिको अभाव, आग्रह र अनुत्तरदायी राजनीतिक र शैक्षिक संरचनाहरू हुन् । अर्को कारण, शैक्षिक निर्णय र कार्यान्वयनका सबै चरणहरूमा सरोकार समूहहरूको सार्थक उपस्थिति र अधिकार निर्माण नहुनु हो । यसले गर्दा विद्यालय र नीतिनिर्माण तहमा वास्तविक सरोकार समूहका हित, आवश्यकता र अपेक्षाहरू बुझ्न र स्थापना गर्न सकिएको छैन । यसरी सफल शिक्षामार्फत् राष्ट्रिय उपलब्धि हासिल

गर्ने हाम्रा अपेक्षाहरू सधैँ उपेक्षित रहेका छन् ।

विद्यालयमा समुदायको संलग्नता सत्ताधारीहरूको रणनीति हैन, निश्चित सिद्धान्त, दर्शन र लक्ष्यमा आधारित हुनुपर्दछ । तर अहिले त्यसको विपरीत भइरहेको छ । समुदायका नाममा गैर प्रतिनिधिमूलक र अपारदर्शी सामाजिक संस्थाहरू, सत्ता राजनीतिका स्थानीय स्वार्थ समूहहरू र अक्षम प्रशासनिक संरचनाहरूमा लगानी गरेर सरकार आफ्नो हात माथि पार्ने र नेपाली अभिभावकहरूको अपमान गर्ने कार्य गरिरहेको छ । समुदायको नाममा गैरजिम्मेवार, अक्षम र राजनीतिक समूहहरूमाथि राज्यको साधन-स्रोत र वैदेशिक ऋण प्रवाह गर्नु प्रकारान्तरले नेपाली नागरिकहरूको शोषण पनि हो ।

विद्यालयको व्यवस्थापनमा समुदायको भूमिकाबारे विश्वस्तरमै व्यापक बहस चलिरहेको छ । समुदायलाई विद्यालय हस्तान्तरण गर्ने सम्बन्धमा विश्व बैंकले अन्तर्राष्ट्रिय रूपमा निर्माण गरेको दबाब र प्रभावहरूको परिणामस्वरुप विभिन्न नाउँ र स्वरुपमा संसारभरि नै

> **समुदाय वा समुदायहरूको हित र अपेक्षाहरूको प्रभावकारी प्रतिनिधित्व गर्न समर्थ विद्यालय अनि विद्यालयका सामाजिक, आर्थिक र नैतिक आवश्यकताहरूको परिपूर्ति गर्न सक्षम समुदाय आजको आवश्यकता हो ।**

यसको अभ्यास भइरहेको छ । तर यस्तो अभ्यासले सन्तोषजनक परिणाम दिन नसकेको कुरा स्वयं विश्व बैंकले गराएका एकदर्जन अध्ययन-प्रतिवेदनहरूले देखाएका छन् ।

यथार्थमा, संसारमा भएका स्वतन्त्र अध्ययनहरूले- शिक्षकको छनौट प्रक्रिया; विश्वविद्यालयका उत्कृष्ट प्रतिभाहरूमध्येबाट हुने शिक्षक नियुक्ति, विद्यार्थीहरूको पारिवारिक वातावरण, हरेक विद्यार्थीको दैनिक शैक्षिक उपलब्धिको अनुगमन र उपचारात्मक शिक्षण सुविधा; निर्णय प्रक्रियामा शिक्षकहरूको सार्थक सहभागिता तथा शिक्षकहरूलाई पर्याप्त अभिप्रेरणा र वृत्तिविकासको अवसर- राम्रो शैक्षिक उपलब्धि हासिल गर्ने ठोस आधारहरू हुन् भन्ने देखाएका छन् । प्रस्ट छ; यी कुराहरूप्रति ध्यान नदिएर व्यवस्थापन नीति/पद्धतिमा ल्याइने परिवर्तनले मात्रै कुनै परिणाम दिन सक्दैनन् ।

## समाधानको बाटो

- योग्य र असल शिक्षक सधैँको विद्यार्थी हो । ऊ आफ्ना विद्यार्थीहरूसँग हरदम सिकिरहेको हुन्छ । विद्यार्थीलाई पढिरहेको हुन्छ । हरेक विद्यार्थीलाई निरन्तर अभिप्रेरित गर्नु प्रत्येक शिक्षकको कर्तव्य हुन्छ । शिक्षकलाई यो कार्यमा सघाउनु शैक्षिक व्यवस्थापनसम्बन्धी सबै अङ्ग, पक्ष र संरचनाहरूको जिम्मेवारी हुनुपर्छ । मुलुकको मूल शैक्षिक नीति, योजना र कार्यक्रमहरू यही दिशामा लक्षित हुनुपर्दछ ।
- स्वतन्त्र, मर्यादित र सुरक्षित पेशा हरेक शिक्षकको चाहना हुन्छ । तसर्थ शिक्षकको नियुक्ति एउटा स्वतन्त्र र स्वायत्त संवैधानिक आयोगबाट हुने र त्यो आयोगले विश्वविद्यालयका श्रेष्ठ उत्पादनहरूमध्येबाट शिक्षकको छनौट, नियुक्ति र बढुवा गर्ने तथा मुलुकका सबै सामुदायिक विद्यालयमा एक वर्षभन्दा बढी अवधिको लागि हुने सबै नियुक्तिहरूमा त्यस्तो शिक्षक सेवा आयोगको सिफारिस अनिवार्य लागू हुने व्यवस्था गराइनुपर्दछ । त्यसैगरी संस्थागत विद्यालयहरूको शिक्षक नियुक्तिमा पनि शिक्षक सेवा आयोगको संलग्नता बाध्यात्मक हुने व्यवस्था गरिनुपर्दछ ।
- स्थायी पदाधिकार रहेको, आवधिक रूपमा बढुवा हुने र कुनै पनि अर्को सङ्गठित क्षेत्रको राष्ट्रसेवकको भन्दा कम नहुने गरी राज्यको दायित्व अन्तर्गत तलब, भत्ता, वार्षिक वृद्धि, सञ्चयकोष, उपदान, पेन्सन, उपचार खर्च र बीमा सुविधा निश्चित भएको पदमा हरेक शिक्षकको अधिकार स्थापित गरिनुपर्दछ । तलबलगायत कुनै पनि सुविधा निश्चित नभएको र स्थायी पदाधिकार समेत नरहेको राहत अनुदान तथा विद्यालयको निजी स्रोतबाट एवं कुनै क्लब, गुठी, संघसंस्थाहरूबाट हुने शिक्षकहरूको जथाभावी नियुक्ति माथि तत्काल रोक लगाइनुपर्दछ ।
- शिक्षकहरूलाई आफ्नो पेशामा पूर्ण रूपमा समर्पित तुल्याउन उनीहरूलाई नियमित रूपमा पेशागत प्रशिक्षण तथा ज्ञान र अनुभव प्राप्त गर्ने अवसर उपलब्ध गराइनुपर्दछ ।
- कठिन भौगोलिक र सामाजिक परिवेशमा काम गरिरहेका शिक्षकहरूलाई निश्चित अवधिपछि रोजेको सुविधाजनक स्थानमा स्थानान्तरणको सुविधासहित शिक्षा प्रशासनमा प्रवेशको बाटो खुला गरिनुपर्छ । त्यस्तै, विद्यालयहरूको शैक्षिक उपलब्धिहरूको अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण, सहजीकरण र शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कन वरिष्ठ शिक्षकहरूबाट गराउने व्यवस्था हुनुपर्दछ ।
- सबै सरोकार समूहको प्रतिनिधिमूलक, उत्तरदायी र पारदर्शी सङ्गठनहरूसँगको सार्थक परामर्शबाट अभिभावक, शिक्षक, विद्यार्थी र सरकारी प्रतिनिधिहरूको सन्तुलित प्रतिनिधित्व रहने गरी विद्यालय व्यवस्थापन समितिको गठन गरिनुपर्छ । त्यस्तो सहमतिमा नपुगुन्जेल विद्यालयको व्यवस्थापन हस्तान्तरण गर्ने कार्य स्थगित गरिनुपर्दछ ।

विद्यालयहरूको व्यवस्थापन नीतिले बृहत्तर राष्ट्रिय शैक्षिक लक्ष्यहरूको प्राप्तिमा हरेक विद्यार्थी, अभिभावक र शिक्षकहरूको सामुहिक शक्ति, सामर्थ्य र विवेक लगानी हुन पाउने आधार उपलब्ध गराउन सक्नुपर्छ । साथै राज्यसँग साझेदारी गर्न पाउने शिक्षा-क्षेत्रको नैसर्गिक अधिकारलाई पनि त्यसले सुरक्षित र सम्मानित गरेको हुनुपर्दछ । यो नै नेपालको आजको प्रमुख शैक्षिक चुनौती हो ।

*(भट्टराई नेपाल शिक्षक युनियनका अध्यक्ष हुनुहुन्छ ।)*

चिन्तन

जे. कृष्णमूर्ति



# सम्बन्ध आमाबाबु र छोराछोरी शिक्षक र विद्यार्थी



सही शिक्षा आमाबाबु र शिक्षकबाट शुरु हुन्छ। त्यसैले शिक्षाका समस्याको समाधान पनि केटाकेटीमा होइन तिनका बाबुआमा र शिक्षकहरूमा खोज्नुपर्छ।

आमाबाबु र शिक्षकले आफूलाई र केटाकेटीसँगको आफ्नो सम्बन्धलाई मौलिक रूपले बुझ्नु एकदमै आवश्यक छ। यदि उनीहरू बालबालिकाको मस्तिष्कमा जानकारी थोपर्ने र परीक्षा उत्तीर्ण गराउने धुनमै मात्र लागिरहन्छन् भने नयाँ ढङ्को शिक्षा कल्पना मात्र हुन्छ। विद्यार्थीलाई सही मार्गदर्शन र मद्दतको खाँचो हुन्छ। तर मार्गदर्शक नै भ्रान्त, सङ्कीर्ण, अन्धराष्ट्रवादी र मतान्ध छ भने उसको शिष्य पनि त्यस्तै हुनु स्वाभाविक हुन्छ। त्यस्तो अवस्थामा शिक्षा अरू ठूलो भ्रान्ति र कलहको कारण बन्न सक्छ।

यस कुराको गम्भीरता बुझ्ने व्यक्तिले भने पहिला आफैंलाई उचित प्रकारले शिक्षित तुल्याउनु आवश्यक छ भन्ने कुराको अनुभूति गरेको हुन्छ। वास्तवमा आमाबाबु र शिक्षकले केटाकेटीको भविष्यको भलाइ र सुरक्षाको चिन्ता गर्नुभन्दा आफैंलाई कसरी नयाँ किसिमले शिक्षित तुल्याउने भन्ने चिन्ता गर्नु बढी जरुरी छ।

शिक्षकलाई शिक्षित गर्नु- अर्थात् उसलाई आफैंलाई नयाँ किसिमले बुझ्न तयार पार्नु सबभन्दा कठिन काम हो। किनभने धेरै मानिसहरू कुनै विचार-प्रणालीको ढाँचामा पहिले नै ढालिइसकेका हुन्छन्। आफूलाई पहिले नै कुनै विचारधारा वा कुनै धर्म वा आचार-व्यवहारप्रति समर्पित गरेका व्यक्तिले केटाकेटीलाई कसरी सोच्ने होइन, के सोच्ने भनेर सिकाउनु अस्वाभाविक होइन।

यसबाहेक धेरैजसो आमाबाबु र शिक्षक आ-आफ्नै कलह र चिन्तामा व्यस्त रहन्छन्। धनी होऊन् वा गरिब अधिकांश आमाबाबु आफ्ना व्यक्तिगत चिन्ता र समस्यामा अल्झिरहेका हुन्छन्। उनीहरूलाई सामाजिक तथा नैतिक समस्याहरूका बारेमा कुनै गम्भीर चिन्ता हुँदैन। उनीहरूलाई आफ्ना छोराछोरीको भविष्य सुरक्षित र सफल होला कि नहोला भन्ने चिन्ता मात्र हुन्छ। धेरैजसो आमाबाबुको अभिरुचि आफ्ना छोराछोरीले गतिलो शिक्षा पाउन्, उनीहरूको बिहावारी राम्ररी होस् र उनीहरूको भविष्य सुरक्षित होस् भन्ने कुरामा मात्र हुन्छ।

"शिक्षकलाई शिक्षित गर्नु- अर्थात् उसलाई आफैंलाई नयाँ किसिमले बुझ्न तयार पार्नु सबभन्दा कठिन काम हो। किनभने धेरै मानिसहरू कुनै विचार-प्रणालीको ढाँचामा पहिले नै ढालिइसकेका हुन्छन्। आफूलाई पहिले नै कुनै विचारधारा वा कुनै धर्म वा आचार-व्यवहारप्रति समर्पित गरेका व्यक्तिले केटाकेटीलाई कसरी सोच्ने होइन, के सोच्ने भनेर सिकाउनु अस्वाभाविक होइन।"

सबै आमाबाबुले आफ्ना छोराछोरीलाई माया गर्छन् भन्ने आम धारणा रहेको हुन्छ। तर यथार्थ भने त्यसको विपरीत हुन्छ। अधिकांश आमाबाबु आफ्ना छोराछोरीलाई माया गर्दैनन्। उनीहरू सन्तानलाई माया गर्छौं भनेर थाक्दैनन्। तर विचार गर्नुपर्ने कुरा धेरै छन्। आफूलाई सन्तान किन चाहिएको हो भनेर आमाबाबुले कहिल्यै आफूसँग प्रश्न गरेका छन्? उनीहरूले आफ्नो नाम टिकाइराख्नका लागि वा आफ्नो सम्पत्ति सुरक्षित गर्नका लागि त सन्तान चाहेका होइनन्? उनीहरूले आफ्नै आनन्द र भावनात्मक आवश्यकताहरू पूर्ति गर्नका लागि पो सन्तान चाहेका हुन् कि? यदि यस्तै हो भने त केटाकेटी भनेका आमाबाबुका इच्छा र आशङ्काहरूका प्रक्षेपण मात्र हुन्।

आमाबाबु आफ्ना छोराछोरीहरूलाई माया गर्छौं भनेर

**कुनै डिग्री नभएका व्यक्ति राम्रो शिक्षक बन्न सक्छन् किनभने उनीहरू प्रयोगको निम्ति तयार रहन्छन्। विशेषज्ञ नभएकाले उनीहरू सिक्नमा, जीवनलाई बुझ्नमा रुचि राख्दछन्। एउटा साँचो शिक्षकको लागि अध्यापन भनेको प्रविधि होइन, उसको जीवनपद्धति हो, एउटा साँचो कलाकारजस्तै ऊ आफ्नो सिर्जनशील कामलाई छोड्नुभन्दा बरु भोकै मर्न बढी रुचाउँछ।**

दाबी त गर्छन् तर उनीहरू दोषपूर्ण शिक्षा दिएर आफ्ना छोराछोरीहरूमा द्वेष, वैरभाव तथा महत्त्वाकाङ्क्षा भरिरहेका हुन्छन्। तर यो कस्तो माया हो जसले राष्ट्रिय र जातीय सङ्घर्ष उत्पन्न गर्छ, जसबाट युद्ध, विनाश र अपार कष्टहरू पैदा हुन्छन्, जसले धर्म र विचारधाराहरूको नाममा मानिसलाई मानिसको विरोधमा उभ्याइदिन्छ?

जबसम्म हामी हाम्रा केटाकेटी शक्तिशाली बनून्, ठूलो र राम्रो पद प्राप्त गरून्, धेरै सफल होऊन् भन्ने चाहन्छौं तबसम्म हाम्रो हृदयमा केटाकेटीप्रति प्रेम छैन भन्ने बुझिन्छ। किनभने सफलताको पूजाले द्वन्द्व र कष्टलाई प्रोत्साहित गर्छ। आफ्ना केटाकेटीलाई साँचो प्रेम गर्नुको अर्थ उनीहरूसँग पूर्ण खुलस्त हुनु हो र उनीहरूलाई संवेदनशील, प्रज्ञावान र समन्वित बनाउन सहायक हुने शिक्षा प्राप्त भइरहेको छ कि छैन भन्ने हेर्नु हो।

आफ्नै समस्याहरूमै व्यस्त रहने बाध्यताका कारण धेरै आमाबाबु आफ्ना केटाकेटीको भविष्य निर्माणको दायित्व शिक्षकलाई सुम्पिदिन्छन्। त्यतिखेर शिक्षकले त्यस्ता आमाबाबुलाई शिक्षित तुल्याउन सघाउनुपर्छ।

शिक्षकले आमाबाबुलाई उनीहरू आफ्ना केटाकेटीका निम्ति के गर्ने प्रयास गरिरहेका छन् र आफ्नो काम कसरी प्रारम्भ गर्दैछन् भन्ने कुरा बताउनुपर्दछ। उसले अज्ञानी जनसाधारणसँग व्यवहार गर्ने विशेषज्ञको खोल ओढेर होइन, बरु केटाकेटीको स्वभाव, तिनका कठिनाइ, प्रवृत्ति आदि विषयमा कुराकानी गरेर आमाबाबुको विश्वास जगाउनुपर्दछ। शिक्षकले प्रत्येक बालबालिकालाई एउटा स्वतन्त्र व्यक्तिको रूपमा हेरेर उनीहरूमा वास्तविक रुचि लिएमा आमाबाबुलाई उसमाथि विश्वास हुन्छ। प्रबुद्ध शिक्षकले केटाकेटीको सर्वाङ्गीण विकास कसरी गर्ने भन्ने कुरामा विचार पुऱ्याउनुपर्दछ।

कुनै व्यक्तिले शिक्षक हुने विचार गर्छ भने सबभन्दा पहिला उसले अध्यापनको वास्तविक अर्थ बुझ्ने प्रयत्न गर्नुपर्छ। ऊ केटाकेटीलाई सामाजिक यन्त्रको एउटा पुर्जा बनाउनका निम्ति संस्कारबद्ध गर्न चाहन्छ कि एउटा समन्वित, सिर्जनशील मानिस बनाउन, मिथ्या मूल्यहरू विरुद्ध उभ्याउन, केटाकेटीको सहयोगी हुन चाहन्छ? यदि ऊ वास्तवमै बालबालिकालाई मद्दत गर्न चाहन्छ भने ऊ आफैं पनि ती मूल्यहरूप्रति जागरुक हुनु आवश्यक छ। पहिला शिक्षक स्वयंले बुझ्न थाल्नुपर्छ। उसले निरन्तर सतर्क रहनुपर्छ आफ्नै विचार र भावनाहरूप्रति अत्यन्त सजग हुनुपर्छ। उसले आफू संस्कारबद्ध रहेका तरिका, आफ्ना क्रिया र प्रतिक्रियाहरूप्रति जागरुक हुनुपर्दछ। यही सजगताबाट प्रज्ञा आउँछ र यसैबाट अन्य व्यक्ति र वस्तुहरूसँग उसको सम्बन्धमा मौलिक परिवर्तन हुन्छ।

परीक्षामा उत्तीर्ण हुनुसँग प्रज्ञाको कुनै सम्बन्ध छैन। प्रज्ञा भनेको एउटा सहज प्रत्यक्ष दर्शन हो जसले मानिसलाई शक्तिशाली र स्वतन्त्र बनाउँछ। केटाकेटीमा यदि यस्तो प्रज्ञा जगाउनु छ भने शिक्षक स्वयंले पनि प्रज्ञा के हो भन्ने कुरा बुझ्नुपर्छ। आफैंभित्र प्रज्ञाको अभाव छ भने हामी केटाकेटीलाई प्रज्ञावान, विवेकपूर्ण हुनुपर्छ भनेर कसरी भन्न सक्छौं? केटाकेटीलाई प्रज्ञावान बन्न मद्दत गर्नका लागि हामीले आफूलाई सुस्त र विचारहीन बनाउने सबै किसिमका बाधाहरू भत्काउनुपर्छ।

जब हामी नै व्यक्तिगत सुरक्षाको खोजीमा लाग्छौं भने त्यसको खोज नगर भनेर हामीले केटाकेटीलाई चाहिँ कसरी भन्न सक्छौं? यदि हामी आमाबाबु र शिक्षकहरू नै जीवनप्रति पूर्ण रूपले खुलस्त छैनौं र आफ्नो चारैतिर सुरक्षात्मक पर्खालहरू उभ्याउँछौं भने कसरी केटाकेटीलाई आँटिला बनाउन सक्छौं? हामीले ती सबै मूल्यहरूका विषयमा प्रश्न उठाउन शुरु गर्नुपर्छ जुन मूल्यहरूले हामीलाई चारैतिरबाट घेरिरहेका छन्।

निकै कम मानिसहरू मात्र आफ्ना विचार र भावनाहरूको निरीक्षण गर्दछन्। यदि हामीलाई कुनै कुरा मन पर्दैनन् भने हामी तिनको तात्पर्य बुझ्ने प्रयत्न गर्दैनौं। हामी कि त तिनलाई रोक्ने प्रयत्न गर्छौं कि तिनको उपेक्षा गरिदिन्छौं। हामीमा आफूप्रति गहिरो सजगता छैन। हाम्रा विचार र भावनाहरू निकम्मा र यन्त्रवत छन्। हामी केही विषय सिक्छौं, केही जानकारी बटुल्छौं र तिनै कुराहरू केटाकेटीसम्म पुऱ्याउँछौं।

केटाकेटीलाई भयमुक्त गराउनु छ भने शिक्षक पनि निडर हुनु आवश्यक छ। तर कठिनाई के छ भने कुनै पनि प्रकारको भयको शिकार नभएको शिक्षक फेला पार्न सजिलो छैन। भयले विचारलाई सङ्कीर्ण पारिदिन्छ र नयाँ कुरा गर्ने प्रवृत्तिलाई सीमित गरिदिन्छ। एउटा

भयभीत शिक्षक भयमुक्तिको अवस्थाको गहिरो अभिप्रायलाई बुझ्न सक्दैन। राम्रो काम-कुरा जस्तै भय पनि सङ्क्रामक हुन्छ। यदि शिक्षक आफैं पनि भित्रभित्रै भयभीत छ भने उसले त्यस भयलाई आफ्ना विद्यार्थीमा सम्प्रेषित गरिदिन्छ। विद्यार्थीमा त्यसको प्रभाव तुरुन्त नदेखिन सक्छ तर त्यसले उनीहरूको विचारलाई भने सङ्क्रमित गरिरहेको हुन्छ।

कुनै पनि प्रकारको आधिपत्य वा बाध्यता- स्वतन्त्रता र प्रज्ञाको लागि बाधा हो र सही शिक्षाको अर्थ सबै प्रकारको आधिपत्यबाट मुक्ति हो। शिक्षकको होस् वा परिवार र समाजको, केटाकेटीहरू आधिपत्यबाट मुक्त भएपछि मात्र प्रेम र सद्‌गुणहरूले समृद्ध व्यक्तिका रूपमा विकसित हुनसक्छन्। यसरी विद्यार्थीलाई स्वतन्त्रतातिर अघि बढ्न सघाएर शिक्षकले आफ्ना जीवन-मूल्यहरूलाई पनि परिवर्तन गरिरहेको हुन्छ। ऊ पनि 'म' र 'मेरो'बाट मुक्ति पाउन थालिरहेको हुन्छ। ऊ पनि प्रेम र सद्‌गुणहरूमा फक्रिइरहेको हुन्छ। तर आफूलाई पङ्गु बनाउने आधिकारिकता र सत्ताबाट शिक्षकले आफूलाई मुक्त गर्नै पर्छ। बुझ्नुपर्ने कुरा के हो भने सत्ता निर्माणको प्रक्रिया चेतन स्तरमा मात्रै चल्दैन, अचेतन स्तरमा पनि जारी रहन्छ।

विद्यार्थी अनिश्‍चयमा छ, ऊ अँध्यारोमा छामछाम छुमछुम गरिरहेको छ, शिक्षक आफ्नो ज्ञानमा निश्‍चित छ र आफ्नो अनुभवमा दृढ छ। विद्यार्थी आफ्ना शिक्षकको दृढता र निश्‍चिततामा आश्‍वस्त रहन चाहन्छ तर यस्तो आश्‍वासन न त स्थायी हुन्छ न सत्य नै। चेतन वा अचेतन रूपले अरूमाथि आश्रित हुनलाई प्रोत्साहित गर्ने शिक्षक आफ्ना विद्यार्थीको निम्ति कहिल्यै पनि धेरै सहायकसिद्ध हुनसक्दैन। ऊ आफ्नो ज्ञानबाट विद्यार्थीलाई चमत्कृत पार्न सक्दछ, आफ्नो व्यक्तित्वद्वारा ऊ उनीहरूलाई मोहित पार्न सक्दछ, तर ऊ एउटा साँचो शिक्षक होइन। किनभने उसको ज्ञान र अनुभव उसको एउटा व्यसन हो, उसको सुरक्षा हो, उसको बन्दीगृह हो। र, जबसम्म उसले ती सबैबाट आफूलाई मुक्त गर्दैन तबसम्म ऊ समन्वित मानिस बन्नका लागि आफ्ना विद्यार्थीलाई मद्दत गर्न सक्दैन।

एउटा साँचो शिक्षक बन्नका लागि शिक्षकले पुस्तक र प्रयोगशालाहरूबाट आफूलाई निरन्तर मुक्त गर्न सक्नुपर्छ। विद्यार्थीले आफूलाई उदाहरण, आदर्श, प्रमाण नबनाउन् भन्ने कुरामा ऊ सावधान भइरहनुपर्छ। अधिकांश शिक्षक विद्यार्थीलाई भागीदार बनाउनुको साटो आफ्नो उच्च ओहोदाबाट आदेश दिन्छन्। यस्तो असमान सम्बन्धको कारण के हो? के आफ्नो वास्तविकता बाहिर प्रकट होला भनेर शिक्षक भयभीत छ? के शिक्षक आफ्नो निम्छरोपन र वास्तविक हैसियत लुकाउनका निम्ति एउटा सम्मानजनक दूरी कायम राख्न चाहन्छ?

साँचो शिक्षक पूर्णतया व्यक्तिको स्वतन्त्रता तथा समन्वयको लागि समर्पित हुन्छ, त्यसैले गहिरो अर्थमा ऊ साँचो धार्मिक व्यक्ति हो। ऊ कुनै सम्प्रदायको हुँदैन। ऊ विश्‍वासहरू र कर्मकाण्डबाट मुक्त हुन्छ। ऊ स्थापित विश्‍वास र कर्मकाण्डहरू- भ्रम, कल्पना र अन्धविश्‍वास तथा तिनलाई स्थापित गर्नेका कामनाहरूका प्रक्षेपण मात्र हो भन्ने जान्दछ। जतिखेर आत्मबोध हुन्छ र त्यसको फलस्वरूप मुक्ति हुन्छ, त्यतिखेर नै यथार्थ वा ईश्‍वर प्रकट हुन्छ भन्ने ऊ जान्दछ।

कुनै डिग्री नभएका व्यक्ति राम्रो शिक्षक बन्न सक्छन् किनभने उनीहरू प्रयोगको निम्ति तयार रहन्छन्। विशेषज्ञ नभएकाले उनीहरू सिक्नमा, जीवनलाई बुझ्नमा रुचि राख्दछन्। एउटा साँचो शिक्षकको लागि अध्यापन भनेको प्रविधि होइन, उसको जीवनपद्धति हो, एउटा साँचो कलाकारजस्तै ऊ आफ्नो सिर्जनशील कामलाई छोड्नुभन्दा बरु भोकै मर्न बढी रुचाउँछ। व्यक्तिमा अध्यापन गर्ने यस्तो ज्वलन्त अभिलासा नभएसम्म उसले शिक्षक बन्नुहुँदैन। आफूभित्र यस्तो ज्वलन्त अभिलासा छ कि छैन भन्ने पत्ता लगाउनु व्यक्तिको लागि सर्वाधिक

> **सही शिक्षक बन्नका लागि समर्पित भएपछि घर र स्कूलको जीवनको बीचमा पर्खाल बाँकी रहँदैन। ऊ धनी तथा गरिब सबैका केटाकेटीलाई समान देख्छ र प्रत्येक केटाकेटीलाई आफ्नै स्वभाव, आफ्नै विरासत र महत्त्वाकाङ्क्षाहरू भएको एउटा व्यक्ति मान्छ। उसको सम्बन्ध कुनै वर्गसँग हुँदैन, न त शक्तिशालीसँग हुन्छ न कमजोरसँग। उसको सम्बन्ध केवल व्यक्तिको स्वतन्त्रता तथा अखण्डतासँग हुन्छ।**

महत्त्वपूर्ण हो, केवल जीविकोपार्जनको निम्ति अध्यापनमा लाग्नु उचित होइन।

जबसम्म अध्यापन एउटा व्यवसाय हुन्छ, जीविकोपार्जनको एउटा साधन हुन्छ, तबसम्म शिक्षक र बाँकी संसारको बीचमा एउटा गहिरो खाडल बनिरहन्छ। शिक्षकको घरायसी जीवन र काम एकअर्काबाट पृथक् एवं विशिष्ट बनिरहन्छ। जबसम्म शिक्षण अरू जागिरजस्तै एउटा जागिर मात्र हुन्छ, तबसम्म व्यक्तिहरू र अनेक किसिमले विभाजित समाजमा सङ्घर्ष र शत्रुता, प्रतिस्पर्धा र व्यक्तिगत महत्त्वाकाङ्क्षाले निर्ममतापूर्वक पछ्याउने स्थिति तथा राष्ट्रिय र जातीय विद्वेष एवं विखण्डन जारी रहनेछ, प्रतिद्वन्द्विता एवं अन्त्यहीन युद्धहरूको सिलसिला कायम हुनेछ।

सही शिक्षक बन्नका लागि समर्पित भएपछि घर र स्कूलको जीवनको बीचमा पर्खाल बाँकी रहँदैन। किनभने सबैतिर उसको सम्बन्ध स्वतन्त्रता र प्रज्ञासँग हुन्छ। ऊ धनी तथा गरिब सबैका केटाकेटीलाई समान देख्छ र प्रत्येक केटाकेटीलाई आफ्नै स्वभाव, आफ्नै विरासत र महत्त्वाकाङ्क्षाहरू भएको एउटा व्यक्ति मान्छ। उसको सम्बन्ध कुनै वर्गसँग हुँदैन, न त शक्तिशालीसँग हुन्छ न कमजोरसँग। उसको सम्बन्ध केवल व्यक्तिको स्वतन्त्रता तथा अखण्डतासँग हुन्छ।

*'शिक्षा एवं जीवनका तात्पर्य' बाट नेपाली रूपान्तरण: गोविन्द वर्तमान*



# लेख्न सिकाउन सकिन्छ

कोही भन्छन्, जो पायो उही लेखक बन्न सक्दैन; कुशल लेखक हुनलाई प्रतिभा चाहिन्छ। अर्काथरी भन्छन्, मेहनत गरेमा जो पनि सिपालु लेखक हुनसक्छ।

यो नटुङ्गिने विवाद हो। तर विवादरहित कुरा के हो भने अभ्यास नभएमा जस्तै प्रतिभाशाली व्यक्ति पनि राम्रो लेखक हुन सक्दैन। अनि अभ्यास र प्रयास गर्ने हो भने जसले पनि आफ्नो लेखाइ सुधार्न सक्छ। लेखक हुनका लागि सबभन्दा पहिले चाहिने कुरा हो लेख्ने रहर र लेख्न सक्छु भन्ने आत्मविश्वास। शिक्षकहरूले आफ्ना विद्यार्थीमा यो रहर र आत्मविश्वास भरिदिन सक्छन्।

## किन सिक्नुपर्‍यो त लेखन–कला ?

कतिपय मानिसहरू धेरै कुरा जान्दछन् तर ती कुरा राम्रोसँग अभिव्यक्त गर्न सक्दैनन्। कोही चाहिँ एकदम मीठो गरी बोल्न सक्छन्, त्यही कुरा लेखेर व्यक्त गर्न सक्दैनन्। आफ्नो मनका कुरा राम्ररी व्यक्त गर्न सक्ने मानिसहरू धेरै कुरामा अघि पर्न सक्छन्। लेख्न जान्ने मान्छेले कुनै घटना, स्थान वा दृश्यको राम्रो वर्णन गर्न सक्छ। राम्रो निबन्ध लेख्न सक्छ। पढेको वा आफूले जानेका कुरा परीक्षामा राम्रोसँग लेखे मात्र राम्रो अङ्क आउँछ; राम्रो चिठीले धेरै वटा बिग्रेका कुरा पनि सपार्न सक्छ। त्यसैले भविष्यमा लेखक, साहित्यकार, पत्रकार

बन्न चाहनेले मात्र लेख्न सिक्नुपर्छ अथवा तिनले मात्रै लेख्न जाने हुन्छ भन्ने सोचाइ अत्यन्त गलत हो। हरेक शिक्षित व्यक्तिलाई लेखन-कला उत्तिकै जरूरी हुन्छ। विद्यार्थीहरूसँग त यो सीप नभई हुँदैन। आफूले पढेको, देखेको, सुनेको वा अनुभव गरेको कुरा सही ढङ्गबाट लेख्न सक्ने विद्यार्थी नै जाँचमा र जीवनमा अरूभन्दा बढी सफल हुन्छन्। तसर्थ शिक्षकले विद्यार्थीलाई कसरी लेख्ने, लेख्नका लागि कसरी सोच्ने, कसरी खाका तयार पार्ने, कसरी वर्णन गर्ने भन्ने कुरा सिकाउनु जरूरी हुन्छ। लेखन-कलालाई सिकाइको अभिन्न अङ्ग बनाउनका लागि यस लेखले मद्दत गर्न सक्छ।

### कहिलेदेखि सिकाउने ?

लेखन-कला प्राथमिक कक्षादेखि नै सिकाउन सकिन्छ। तर विद्यार्थीहरू एउटा निश्चित ढाँचा वा फर्मूलामा मात्र बसेर लेख्ने नहोउन् भनेर शिक्षकले शुरुदेखि नै ध्यान दिनुपर्ने हुन्छ। यसका लागि विद्यार्थीसित एकदम अन्तरङ्ग भएर र उनीहरूको भावनासित खेल्दै लेख्न सिकाउनु एकदमै आवश्यक छ।

लेखनका विधा अनेक हुन्छन्। अनेक शैलीमा लेख्न सकिन्छ। तर प्रारम्भमा निजी अनुभवमा आधारित रहेर लेख्न सिकाउनु नै बेस हुन्छ। यो लेख त्यस्तै 'आत्मपरक लेखाइ' सिकाउनमा केन्द्रित छ। एकदमै सरल वाक्य मात्र लेख्न सक्ने विद्यार्थीले पनि उमेर अनुसारका 'आत्मपरक लेख' लेख्न सक्छन्।

लेखाइको थालनीका लागि आत्मपरक लेख र संस्मरण सबभन्दा सजिलो विधा हो। किनभने यसमा आफ्ना सम्झना र अनुभवहरू मात्र लेखे पुग्छ। यस्ता 'लेख' लेख्दै गएमा उनीहरूको कल्पनाशक्ति मौलाउँदै जान्छ। परिणामतः शब्दसित खेल्ने रहर सँगै उनीहरूको अभिव्यक्ति क्षमता र आत्मविश्वास बढ्न थाल्छ।

## केही सूत्रहरू

- लेख्न थाल्दै गरेका विद्यार्थीलाई अनुभव पोख्न र कल्पनाशील हुन प्रेरित गर्नुहोस्। व्याकरण वा हिज्जे नमिलेको कुरालाई शुरुमा त्यति वास्ता नगर्नुहोस्।
- आफूलाई मन परेका कथा, कविता, निबन्ध वा लेखहरू पढेर विद्यार्थीलाई सुनाउने गर्नुहोस्।
- लेख्न सिकाउनु भनेको साना-साना नानीहरूलाई हिँड्न सिकाउनु जस्तै हो। उनीहरूलाई उभ्याउनुहोस्, ताती गराउनुहोस्, केही कुरा समातेर हिँड्न सिकाउनुहोस् र हिँडेकोमा स्याब्बासी दिनुहोस्। अनि हेर्नुहोस्, उनीहरू तपाईंलाई नै रमाइलो लाग्ने गरी हिँड्न थाल्छन्। शुरुमा तपाईंले पनि विद्यार्थीको कलमलाई ताती गराउनुपर्छ। तर पछि ऊ साँच्चै राम्रोसँग लेख्न सक्ने हुन्छ।

लेखन-कला सिकाउनका लागि विद्यार्थीको भाषिक क्षमतालाई चार तहमा बाँडेर उनीहरूको क्षमता अनुसारको सीप सिकाउन सकिन्छ। कुन कक्षाका विद्यार्थीलाई कुन तहमा राख्दा हुन्छ भन्ने कुरा सम्बन्धित शिक्षकले आफैं नै विचार गर्नुपर्ने हुन्छ। नेपालको सन्दर्भमा पहिलो तहमा कक्षा एकदेखि तीनसम्म, दोस्रो तहमा दुईदेखि चारसम्म र तेस्रोमा तीनदेखि पाँचसम्मका विद्यार्थीलाई राखेर यस किसिमको लेखनको अभ्यास गराउन सकिन्छ।

जुन कुनै विषयमा पनि लेख रचना लेख्न सकिन्छ। मनमा आएका विषयहरूलाई 'विचारको कन्तुर'( आइडिया बक्स) मा राखिराख्यो भने त्यसले एक त विषयवस्तु बिर्सिन दिँदैन र अचानक लेख्नु परेका बेला पनि धेरै सजिलो हुन्छ।

## तह र भाषिक क्षमता

**पहिलो**
पाँच सात वटा सरल वाक्यको एउटा अनुच्छेद लेख्न सक्ने

**दोस्रो**
सरल वाक्यमा छोटा-छोटा तीन अनुच्छेद लेख्न सक्ने

**तेस्रो**
सरल र संयुक्त वाक्यमा पाँच अनुच्छेद लेख्न सक्ने

**चौथो**
सरल र संयुक्त वाक्यमा पाँच अनुच्छेदभन्दा बढी लेख्न सक्ने

## विचारको कन्तुर




**केही नमुना विषयहरू**

- नौला पाहुना
- कसैको विवाह
- मेरो बहादुरी
- शैक्षिक भ्रमण
- दुःख लागेको कुरा
- हाट गएको अनुभव
- नामी मान्छेलाई भेट्दाको अनुभव
- .....
- छुट्टीको रमाइलो
- विभिन्न चाडबाड
- मितेरी साइनु
- मेला पर्व
- एउटा रमाइलो दिन
- वनभोज
- .....

### कुन तहका विद्यार्थीलाई के लेख्न लगाउने ?

विद्यार्थीले कस्तो लेख्छन् भन्ने कुरा उनीहरूको भाषिक स्तर, शिक्षकको मेहनत र अभ्यासमा भर पर्छ। यसका केही उदाहरण हामीले तल दिएका छौं। लामो छोटो जत्रो लेखे पनि सबै लेखमा तीन वटा अङ्ग हुन्छन्, ती हुन्, सुरुआत, मध्य र अन्त्य। तलका चार वटा उदाहरणमा सुरुआत, मध्य र अन्त्यका विभिन्न तहका उदाहरणहरू देख्न सकिन्छ।

# पहिलो तहमा के–के लेख्न लगाउने ?

### पाँच सात वटा सरल वाक्यको एउटा अनुच्छेद

**थालनीः** (परिचय)-के भयो ? (घटना); कहिले भयो (समय) ? कोसित भयो ? (पात्र); कहाँ भयो ? (स्थान) भनेर बताउने ।
**मध्यः** (विकास)- दुई वटा घटना बताउने र प्रत्येक घटनाको एउटा वर्णन गर्ने ।
**अन्त्यः** (समापन)- आफ्नो धारणासहित बिट मार्ने ।

### पहिलो तहको लेखको नमुना

माघे सङ्क्रान्तिमा म बाबा-आमासित देवघाट गएँ। हामीले नदीको दोभानमा गएर नुहायौं। मलाई पानी एकदम चिसो लाग्यो। अनि हामी मेला घुम्यौं। त्यहाँ धेरै भीड थियो। मलाई देवघाटको मेला रमाइलो लाग्यो।

### यस लेखका अङ्गहरू

**थालनीः (परिचय)**
- के भयो ? (घटना) = म देवघाट गएँ
- कहिले भयो ? (समय) = माघे सङ्क्रान्तिमा
- कोसित भयो ? (पात्र) = बाबा-आमासित
- कहाँ भयो ? (स्थान) = देवघाट

**मध्यः (विकास)**

**घटना १ः** (के भयो ?)
- हामीले नदीको दोभानमा गएर नुहायौं ।

**वर्णनः** (अनि ? त्यसपछि ? के भयो ? कस्तो भयो ?)
- मलाई पानी एकदम चिसो लाग्यो ।

**घटना २ः** (के भयो ?)
- अनि हामी मेला घुम्यौं ।

**वर्णनः** (अनि ? त्यसपछि ? के भयो ? कस्तो भयो ?)
- त्यहाँ धेरै भीड थियो ।

**अन्त्यः (समापन)**
- मलाई देवघाटको मेला रमाइलो लाग्यो ।

### आत्मपरक लेखनको मूल सूत्र

आत्मपरक लेखनमा लेखकको उपस्थिति अनिवार्य हुन्छ । विद्यार्थीलाई म, मैले, मेरो जस्ता प्रथम पुरुष एकवचन सोही अनुसारका क्रियापदहरूको सुहाउँदिलो प्रयोग गर्न प्रेरित गर्नुहोस् ।

**उदाहरणः** माघे सङ्क्रान्तिमा **म** बाबाआमासित देवघाट **गएँ** । हामीले नदीको दोभानमा गएर नुहायौं । **मलाई** पानी एकदम चिसो लाग्यो । अनि हामी मेला घुम्यौं । त्यहाँ धेरै भीड थियो । **मलाई** देवघाटको मेला रमाइलो लाग्यो ।

*(यस कुरामा माथिल्लो तहका लेखनमा पनि यसरी नै ध्यान दिनुपर्दछ ।)*

### दोहोऱ्याएर हेर्दा

माथिको 'लेख' मा आत्मपरक लेखका अङ्ग पुगेका छन् त ?
- शुरु (परिचय) ले विषयवस्तुको जानकारी दिएको छ ।
- मध्यः (विकास) खण्डमा दुईवटा घटना छन् ।
- प्रत्येक घटनाको एउटा वर्णन छ ।
- प्रत्येक वाक्यको अर्थ लाग्छ ।
- म र मलाई जस्ता शब्दहरूको प्रयोग भएको छ ।
- अन्त्यः (समापन) मा लेखकलाई लागेको कुरा आएको छ ।

एउटा सानो कक्षाको विद्यार्थीले लेखेको लेखमा यति अङ्ग पुगेका भए राम्रो मान्नुपर्दछ ।

# दोस्रो तहमा के–के लेख्न लगाउने ?

### सरल वाक्यमा छोटा–छोटा तीन अनुच्छेद

**थालनीः** (परिचय)- के भयो ? (घटना); कोसित भयो ? (पात्र); कहाँ भयो ? (स्थान) भनेर बताउने ।
**मध्यः** (विकास)- तीनवटा छोटा अनुच्छेदमा तीनवटा घटना बताउने र प्रत्येक घटनाको एउटा वर्णन गर्ने ।
**अन्त्यः** (समापन)- आफ्नो धारणा र समाधानसहित बिट मार्ने ।

### दोस्रो तहको लेखको नमुना

माघे सङ्क्रान्तिमा म आमा, बाबा, दिदी र हजुरआमासित देवघाट गएँ। हामीले नदीको दोभानमा गएर नुहायौं। मलाई पानी एकदम चिसो लाग्यो। त्यस्तो चिसो पानीमा पनि धेरै मान्छे नुहाइरहेका थिए। अनि हामी मेला घुम्न थाल्यौं। त्यहाँ धेरै भीड थियो। भीडमा हराएका मान्छेहरूलाई माइकबाट बोलाइरहेका थिए।
मलाई देवघाटको मेला रमाइलो लाग्यो। तर अरु हराएको देखेर म पनि छुट्छु कि भनेर डर लाग्यो।

### यस लेखका अङ्गहरू

**थालनीः (परिचय)**
- के भयो ? (घटना)- म देवघाट गएँ
- कहिले भयो (समय)- माघे सङ्क्रान्तिमा
- कोसित भयो ? (पात्र)- आमा, बाबा, दिदी र हजुरआमासित
- कहाँ भयो ? (स्थान)- देवघाट

**मध्यः (विकास)**

**घटना १ः (के भयो ?)**
- हामीले नदीको दोभानमा गएर नुहायौं ।

**वर्णनः** (अनि ? त्यसपछि ? के भयो ? कस्तो भयो ?)
- मलाई पानी एकदम चिसो लाग्यो । त्यस्तो चिसो पानीमा पनि धेरै मान्छे नुहाइरहेका थिए ।

**घटना २ः (के भयो ?)**
- हामीले नदीको दोभानमा गएर नुहायौं ।

**वर्णनः** (अनि ? त्यसपछि ? के भयो ? कस्तो भयो ?)

- मलाई पानी एकदम चिसो लाग्यो।

**घटना ३:** (के भयो ?)


- अनि हामी मेला घुम्यौँ।

**वर्णन:** (अनि ? त्यसपछि ? के भयो ? कस्तो भयो ?)

- त्यहाँ धेरै भीड थियो। भीडमा हराएका मान्छेहरूलाई माइकबाट बोलाइरहेका थिए।

**अन्त्य: (समापन): (धारणा वा समाधान)**

- मलाई देवघाटको मेला रमाइलो लाग्यो। तर अरू हराएको देखेर म पनि छुट्छु कि भनेर डर लाग्यो।



**दोहोऱ्याएर हेर्दा:**

यस 'लेख' मा आत्मपरक लेखका अङ्ग पुगेका छन् त ?

- शुरु (परिचय) ले विषयवस्तुको जानकारी दिएको छ
- मध्य: (विकास) खण्डमा तीनवटा घटना छन्
- प्रत्येक घटनाको एउटा वर्णन छ
- प्रत्येक वाक्यको अर्थ लाग्छ
- म र मलाई जस्ता शब्दहरूको प्रयोग भएको छ।
- अन्त्य: (समापन)मा लेखकको धारणा आएको छ।

# तेस्रो तहमा के-के लेख्न लगाउने ?

**सरल र संयुक्त वाक्यमा पाँच अनुच्छेद**

**थालनी:** (परिचय) - के भयो ? (घटना); कोसित भयो (पात्र); कहाँ भयो ? (स्थान) र यो घटना किन महत्त्वपूर्ण भयो ? (महत्त्व) भन्ने कुरा बताउने।

**मध्य:** (विकास)- तीनवटा अनुच्छेदमा तीनवटा घटना बताउने र प्रत्येक घटनाको दुईवटा वर्णन गर्ने। निरन्तरता र अनुच्छेद जोड्नका लागि बीच-बीचमा केही कुरा थप्ने

**अन्त्य:** (समापन)- आफ्नो धारणासहित बिट मार्ने।

## ध्यान दिनुहोस्

एउटा अनुच्छेदमा एउटा प्रसङ्ग मात्र लेख्न सिकाउनुहोस्। दुईवटा अनुच्छेदमा लेखिएका कुराको सिलसिला जोड्नका लागि अनि, त्यसपछि, केहीबेर घुमिसकेर जस्ता संयोजकहरूको आवश्यकता हुन्छ।

## तेस्रो तहको लेखको नमुना

माघे सङ्क्रान्तिमा म आमा, बाबा, दिदी र हजुरआमासित देवघाट गएँ। हजुरआमासित धेरैपछि भेट भएकाले मलाई एकदम रमाइलो लागेको थियो।

देवघाटमा पुल पनि छ र त्यहाँ डुंगा पनि चल्छ। हामी नुहाउनका लागि पुल तरेर नदीको दोभानतिर गयौं। दोभानमा धेरै भीड भएकाले हामीले दोभानभन्दा अलि तल एउटा ठाउँ छान्यौं। बाबा सबैका लुगा रुँगेर बस्नुभयो। मलाई पाखुरामा समातेर आमाले नुहाइदिनुभयो। मलाई पानी एकदम चिसो लाग्यो। हामीले नुहाइसकेपछि बाबाले पनि नुहाउनुभयो।

अनि हामीले डुंगा चढेर नदी तऱ्यौं। बीचमा पुग्दा हजुरआमाले दोभानको पानी लिन खोज्नुभयो। डुंगा हल्लियो र मलाई एकदमै डर लाग्यो। मलाई रिंगटा लाग्यो। आमाले रिंगटा लाग्यो भने टाढा हेर्नुपर्छ भनेर सिकाउनुभयो। अनि मैले परको जंगलतिर हेरें।

त्यसपछि हामी मेला घुम्न थाल्यौं। त्यहाँ धेरै भीड थियो। भीडमा हराएका मान्छेहरूलाई माइकबाट बोलाइरहेका थिए। मलाई पनि छुट्छु कि भनेर डर लाग्यो र दिदीको हात समातेर हिँड्न थालें। मेरो जुत्ताभित्र बालुवा पस्यो।

मेलामा गीत, नाचगान, भजन, पसल सबै एकै ठाउँमा हुँदोरहेछ। मलाई देवघाटको मेला रमाइलो लाग्यो। तर म पनि हराउँछु कि भनेर डर पनि लाग्यो। म छुटें र माइकबाट मलाई पनि बोलाउनुपऱ्यो भने त दिदीले सधैं जिस्क्याउनुहुन्छ बा !

**यस लेखका अङ्गहरू**

**थालनी: (परिचय)**

- के भयो ? (घटना) = म देवघाट गएँ
- कहिले भयो (समय) = माघे सङ्क्रान्तिमा
- कोसित भयो ? (पात्र) = आमा, बाबा, दिदी र हजुरआमासित
- कहाँ भयो ? (स्थान) = देवघाट
- यो घटना किन महत्त्वपूर्ण छ ? = हजुरआमासित धेरैपछि भेट भएकाले ।

**मध्य: (विकास)**

**घटना १:** (के भयो ?)

- देवघाटमा पुल पनि छ र त्यहाँ डुङ्गा पनि चल्छ । (वर्णन)
- हामी नुहाउन नदीको दोभानतिर गयौँ ।

**वर्णन:** (अनि ? त्यसपछि ? के भयो ? कस्तो भयो ?)

- दोभानमा धेरै भीड भएकाले हामीले दोभानभन्दा अलि तल एउटा ठाउँ छान्यौँ । बाबा सबैका लुगा रुँगेर बस्नुभयो । (हामीले नुहाइसकेपछि बाबाले पनि नुहाउनुभयो ।)
- मलाई पाखुरामा समातेर आमाले नुहाइदिनुभयो । मलाई पानी एकदम चिसो लाग्यो ।

**घटना २:** (के भयो ?)

- हामीले डुङ्गा चढेर नदी तऱ्यौँ ।

**वर्णन:** (अनि ? त्यसपछि ? के भयो ? कस्तो भयो ?)

- बीचमा पुग्दा हजुरआमाले दोभानको पानी लिन खोज्नुभयो । डुङ्गा हल्लियो र मलाई एकदमै डर लाग्यो । मलाई रिँगटा लाग्यो ।
- आमाले रिँगटा लाग्यो भने टाढा हेर्नुपर्छ भनेर सिकाउनुभयो । अनि मैले परको जङ्गलतिर हेरेँ ।

**घटना ३:** (के भयो ?)

- हामी मेला घुम्न थाल्यौँ ।

**वर्णन:** (अनि ? त्यसपछि ? के भयो ? कस्तो भयो ?)

- त्यहाँ धेरै भीड थियो । भीडमा हराएका मान्छेलाई माइकबाट बोलाइरहेका थिए । मलाई पनि डर लाग्यो र दिदीको हात समातेर हिँड्न थालेँ ।
- मेरो जुत्ताभित्र बालुवा पस्यो ।

**अन्त्य: (समापन): (धारणा वा समाधान)**

- मेलामा गीत, नाचगान, भजन, पसल सबै एकैठाउँमा हुँदोरहेछ ।
- मलाई देवघाटको मेला रमाइलो लाग्यो । तर म पनि छुट्छु कि भनेर डर पनि लाग्यो । म छुटेँ र माइकबाट मलाई पनि बोलाउनुपऱ्यो भने त दिदीले सधैँ जिस्क्याउनुहुन्छ बा !



**राम्रो लेखनमा दुइटा कुरा हुन्छन् । पहिलो हो, भन्ने कुरा अर्थात् विषयवस्तु । दोस्रो हो, भन्ने तरिका अर्थात् प्रस्तुतिकरण । प्रस्तुतिकरणलाई लेखाइको ढाँचा वा संगठन पनि भन्न सकिन्छ ।**

**दोहोऱ्याएर हेर्दा**

माथिको ‘लेख’ मा आत्मपरक लेखका अङ्ग पुगेका छन् त ?

- शुरु (परिचय) ले विषयवस्तुको जानकारी दिएको छ र त्यो किन महत्त्वपूर्ण छ भन्ने जानकारी समेत दिएको छ ।
- मध्य: (विकास) खण्डमा तीनवटा घटना छन् ।
- प्रत्येक घटनाका दुईवटा वर्णन छन् ।
- प्रत्येक वाक्यको अर्थ लाग्छ ।
- सरल वाक्य र सजिला संयुक्त वाक्यहरूको प्रयोग भएको छ ।
- म, मलाई, मेरो, मैले जस्ता शब्दहरूको प्रयोग भएको छ ।
- अन्त्य: (समापन) मा लेखकलाई लागेको कुरा र त्यो घटना किन महत्त्वपूर्ण भयो भन्ने कुरा आएको छ ।

# चौथो तहमा के-के लेख्न लगाउने ?


**सरल र संयुक्त वाक्यमा पाँच अनुच्छेदभन्दा बढी**

**थालनी:** (परिचय)- के भयो ? (घटना); कोसित भयो ? (पात्र); कहाँ भयो ? (स्थान) र यो घटना किन महत्त्वपूर्ण भयो ? (महत्त्व) भनेर बताउने ।

**मध्य:** (विकास)- पाँचवटा अनुच्छेदमा कम्तीमा तीनवटा घटना बताउने र प्रत्येक घटनाको तीनवटा वर्णन गर्ने । निरन्तरता र अनुच्छेद जोड्नका लागि बीच-बीचमा केही कुरा थप्ने ।

**अन्त्य:** (समापन)- आफ्नो धारणासहित बिट मार्ने ।

## चौथो तहको लेखको नमुना



माघे सङ्क्रान्तिमा म आमा, बाबा, दिदी र हजुरआमासित देवघाट गएँ। हजुरआमासित धेरैपछि भेट भएकाले मलाई एकदम रमाइलो लागेको थियो। 'बल्ल-बल्ल देवघाटमा मकर नुहाउन पाएको' भन्दै हजुरआमा पनि खुसी हुनुभएको थियो।

हामी नुहाउनका लागि पुल तरेर नदीको दोभानतिर गयौं। त्यहाँ धेरै भीड थियो। भीडमा बूढाबूढीदेखि स-साना केटाकेटीसम्म थिए। माघे सङ्क्रान्तिमा नदीको दोभानमा नुहाउँदा धर्म हुन्छ भन्ने धेरै नेपालीहरुको विश्वास भएकाले नै त्यस्तो भीड भएको हो। दोभानमा धेरै भीड भएकाले हामीले दोभानभन्दा अलि तल एउटा ठाउँ छान्यौं। बाबा सबैका लुगा रुँगेर बस्नुभयो। मलाई नदीमा चोपलिन डर लाग्यो। अनि पाखुरामा समातेर आमाले नुहाइदिनुभयो। मलाई पानी एकदम चिसो लाग्यो। हामीले नुहाइसकेपछि बाबाले पनि नुहाउनुभयो।

अनि हामीले ढुंगा चढेर नदी तर्‍यौं। बीचमा पुग्दा हजुरआमाले दोभानको पानी लिन खोज्नुभयो। ढुंगा हल्लियो र बोटेदाइ पनि के गरेको भन्दै कराउनुभयो। अनि मलाई एकदमै डर लाग्यो। मलाई रिंगटा पनि लाग्यो। आमाले रिंगटा लाग्यो भने टाढा हेर्नुपर्छ भनेर सिकाउनुभयो। अनि मैले परको जंगलतिर हेरें।

त्यसपछि हामी मेला घुम्न थाल्यौं। त्यहाँ धेरै भीड थियो। पसले थिए, तीर्थयात्री थिए र मगन्तेहरु पनि थिए। आमाले भीडमा पकेटमारहरु पनि हुन्छन् भनेर बाबालाई अगाडिको खल्तीमा मनिब्याग राख्न लगाउनुभयो। कति मान्छे आफ्ना मान्छेहरुबाट छुटिँदा रहेछन्। त्यसरी हराएका मान्छेहरुलाई माइकबाट बोलाइरहेका थिए। म पनि छुट्छु कि भनेर डर लाग्यो र दिदीको हात समातेर हिंड्न थालें। मेरो जुत्ताभित्र बालुवा पस्यो र हिंड्न अप्ठ्यारो भयो। तर भीडले गर्दा मैले जुत्ता खोलेर टक्टक्याउन सम्म पनि सकिनँ। मेलामा गीत, नाचगान, भजन, पसल सबै एकैठाउँमा देखेर मलाई अनौठो लाग्यो।

केहीबेर घुमिसकेर हामीले खाजा खाने विचार गर्‍यौं। हामी एउटा पसलमा गयौं। बाबाले सबैलाई चिया र तरकारी मगाउनुभयो। हजुरआमाले भने ब्रत छ भनेर पसलको खानेकुरा खानु भएन। आमाले झोलाबाट अरु खाजा पनि निकाल्नुभयो। हामीले पसलको चिया र तरकारीसित घरको सेलरोटी र तरुल खायौं।

मलाई देवघाटको मेला रमाइलो लाग्यो। तर म पनि छुट्छु कि भनेर डर पनि लाग्यो। म छुटें र मलाई पनि माइकबाट बोलाउनुपर्‍यो भने त दिदीले सधैं जिस्क्याउनुहुन्छ बा!

### यस लेखका अङ्गहरू

**थालनी: (परिचय)**

- के भयो ? (घटना)- म देवघाट गएँ
- कहिले भयो (समय)- माघे सङ्क्रान्तिमा
- कोसित भयो ? (पात्र)- आमा, बाबा, दिदी र हजुरआमासित
- कहाँ भयो ? (स्थान)- देवघाट
- यो घटना किन महत्त्वपूर्ण छ ?- हजुरआमासित धेरै वर्षपछि भेट भएकाले । "बल्ल बल्ल देवघाटमा मकर नुहाउन पाएको" भन्दै हजुरआमा पनि खुसी हुनुभएकाले ।

**मध्य: (विकास)**

**घटना १: (के भयो ?)**

- हामी नुहाउन पुल तरेर नदीको दोभानतिर गयौँ ।

**वर्णन:** (अनि ? त्यसपछि ? के भयो ? कस्तो भयो ?)

- माघे सङ्क्रान्तिमा नदीमा नुहाउँदा धर्म हुन्छ भन्ने धेरै नेपालीहरूको विश्वास भएकाले नै त्यस्तो भीड भएको हो । भीडमा बूढाबूढीदेखि स-साना केटाकेटीसम्म थिए ।
- दोभानमा धेरै भीड भएकाले हामीले दोभानभन्दा अलि तल एउटा ठाउँ छान्यौँ । बाबा सबैका लुगा रुँगेर बस्नुभयो । (हामीले नुहाइसकेपछि बाबाले पनि नुहाउनुभयो ।)
- मलाई नदीमा चोपलिन डर लाग्यो । अनि पाखुरामा समातेर आमाले नुहाइदिनुभयो । मलाई पानी एकदम चिसो लाग्यो ।

**घटना २:** (के भयो ?)

- हामीले डुङ्गा चढेर नदी तर्‍यौँ ।

**वर्णन:** (अनि ? त्यसपछि ? के भयो ? कस्तो भयो ?)

- बीचमा पुग्दा हजुरआमाले दोभानको पानी लिन खोज्नुभयो ।
- डुङ्गा हल्लियो र बोटेदाइ पनि के गरेको भन्दै कराउनुभयो । मलाई एकदमै डर लाग्यो ।
- मलाई रिँगटा लाग्यो । आमाले रिँगटा लाग्यो भने टाढा हेर्नुपर्छ भनेर सिकाउनुभयो । मैले परको जङ्गलतिर हेरेँ । अनि मलाई रिँगटा लाग्न छाड्यो ।

**घटना ३:** (के भयो ?)

- हामी मेला घुम्न थाल्यौँ ।

**वर्णन:** (अनि ? त्यसपछि ? के भयो ? कस्तो भयो ?)

- त्यहाँ धेरै भीड थियो । पसले थिए, तीर्थयात्री थिए र मगन्तेहरू पनि थिए । आमाले भीडमा पकेटमारहरू पनि हुन्छन् भनेर बाबालाई अगाडिको खल्तीमा मनिब्याग राख्न लगाउनुभयो ।
- कति मान्छे आफ्ना मान्छेहरूबाट छलिँदा रहेछन् । त्यसरी हराएका मान्छेहरूलाई माइकबाट बोलाइरहेका थिए । मलाई पनि छुट्छु कि भनेर डर लाग्यो र दिदीको हात समातेर हिँड्न थालेँ ।
- मेरो जुत्ताभित्र बालुवा पस्यो । हिँड्न अप्ठ्यारो भयो । तर भीडले गर्दा मैले जुत्ता खोलेर टक्टक्याउन सम्म पनि सकिनँ ।
- मेलामा गीत, नाचगान, भजन, पसल सबै एकैठाउँमा देखेर मलाई अनौठो लाग्यो ।

**घटना ४:** (के भयो ?)

- हामीले खाजा खायौँ ।

**वर्णन:** (अनि ? त्यसपछि ? के भयो ? कस्तो भयो ?)

- हामी एउटा पसलमा गयौँ । बाबाले चिया र तरकारी मगाउनुभयो ।
- हजुरआमाले भने व्रत छ भनेर पसलको खानेकुरा खानु भएन ।
- आमाले झोलाबाट अरू खाजा पनि निकाल्नुभयो । हामीले पसलको चिया र तरकारीसित घरको सेलरोटी र तरुल खायौँ ।

**अन्त्य: (समापन)**

- मलाई देवघाटको मेला रमाइलो लाग्यो । तर म पनि छुट्छु कि भनेर डर पनि लाग्यो । म छुटेँ र मलाई पनि माइकबाट बोलाउनुपर्‍यो भने त दिदीले सधैँ जिस्क्याउनुहुन्छ ।

### दोहोर्‍याएर हेर्दा

माथिको 'लेख' मा आत्मपरक लेखका अङ्ग पुगेका छन् त ?

- शुरु (परिचय) ले विषयवस्तुको जानकारी दिएको छ र त्यो किन महत्त्वपूर्ण छ भन्ने जानकारी दिएको छ ।
- मध्य: (विकास) खण्डमा चारवटा घटना छन् ।
- प्रत्येक घटनाका तीनवटा वर्णन छन् ।
- प्रत्येक वाक्यको अर्थ मध्य लाग्छ
- सरल वाक्य र सजिला संयुक्त वाक्यहरूको प्रयोग भएको छ ।
- म, मलाई, मेरो, मैले जस्ता शब्दहरूको प्रयोग भएको छ ।
- अन्त्य: (समापन) मा लेखकलाई लागेको कुरा र त्यो घटना किन महत्त्वपूर्ण भयो भन्ने कुरा आएको छ ।

यो एउटा सामान्य लेखन अभ्यास हो । यसरी नै विद्यार्थीले लेख्न आँट र रहर गर्ने सरल विषयवस्तु छानेर माथि दिइएका सामान्य सूत्रहरूको प्रयोग गर्ने हो भने सामान्य साक्षरता भएका बालबालिका पनि 'लेखक' हुन सक्छन् ।

माथि 'दोहोर्‍याएर हेर्दा' भन्ने शीर्षकमा दिइएका बुँदाहरूले शिक्षकका साथसाथै विद्यार्थीलाई समेत लेखको मूल्याङ्कन गर्न सघाउँछन् । यी बुँदाहरूको प्रयोग गरेर विद्यार्थीहरूले आफ्नो लेख आफैँ साफी गर्न वा साथीहरूको लेखमा सुझाव दिन पनि सक्छन् ।

**प्रस्तुति: केदार शर्मा**


**http://www.writinga-z.com मा आधारित ।**

***(कक्षाकोठा* शिक्षकहरूको अध्यापनलाई रचनात्मक बनाउन मद्दत गर्ने स्तम्भ हो । हामी तपाईंको आवश्यकता अनुसार यसमा नयाँ नयाँ विषयहरू समावेश गर्दै जानेछौँ । कुनै विषयमा यस किसिमका लेखहरू पढ्न चाहनुहुन्छ भने हामीलाई पत्र लेख्नुहोला ।)**

# उपयोगी वेबसाइट

के तपाईले सरकारले तयार पारेको शिक्षण निर्देशिका अझै प्राप्त गर्नुभएको छैन ? के आफूले पढाउने विषयसँग सम्बन्धित सन्दर्भ सामग्री अझै हात परेको छैन ? यदि छैन भने चिन्ता नगर्नुस्, अब ती सामग्रीहरू इन्टरनेटको माध्यमबाट सजिलै प्राप्त गर्न सक्नुहुनेछ। त्यसको ठेगाना हो- moescdc.gov.np

यो काम अरू कसैले नभएर स्वयं शिक्षा मन्त्रालय अन्तर्गतको पाठ्यक्रम विकास केन्द्रले शुरु गरेको हो। सो वेबसाइटमा कक्षा एकदेखि १० सम्मका हरेक विषयको पाठ्यक्रम पाउन सकिन्छ। त्यसैगरी प्रत्येक विषयको शिक्षक निर्देशिका र सन्दर्भ सामग्री पनि त्यहाँ फेला पार्न सकिन्छ। यसका अलावा केन्द्रले आवधिक रूपमा प्रकाशित गर्ने बुलेटिन तथा *शिक्षा* पत्रिका पनि 'डाउनलोड' गरेर पढ्न सकिन्छ। त्यसैगरी, पाठ्यक्रम विकास केन्द्रले बेला-बेलामा प्रकाशित गर्ने बोलपत्र लगायतका सार्वजनिक सूचना पनि त्यहाँ पाइन्छन्। केन्द्र, जिल्ला सदरमुकाम र शहर आएका बखत कम्प्युटरमा सामान्य जानकारी भएका साइबर क्याफे वा इन्टरनेटको सुविधा भएको ठाउँबाट कुनाकन्दराका शिक्षकले पनि ती सामग्रीहरू हात पार्न सक्छन्।




केन्द्रले यसरी आवश्यक र उपयोगी सामग्रीहरू वेबसाइटमा राख्न थालेपछि शिक्षकहरूले जिल्ला शिक्षा कार्यालयको मुख ताकेर बस्नुपर्ने अवस्थाको अन्त्य भएको छ। संसारभरि नै डिजिटल किताबहरूको प्रयोग बढिरहेको सन्दर्भमा नेपालमा पनि विद्यालय शिक्षामा सूचनाप्रविधिको उपयोग बढाउनमा यसले मद्दत पुऱ्याउन सक्छ। धेरैजसो सरकारी कार्यालयको वेबसाइट समयमै अद्यावधिक नहुने 'रोग' बाट भने केन्द्रले आफूलाई अलग राख्न सक्नुपर्नेछ। "तर हामी यसलाई नियमित अद्यावधिक गर्छौं।" केन्द्रका कार्यकारी निर्देशक हरिबोल खनाल आश्वासन दिन्छन्, "हामी यसलाई बढीभन्दा बढी उपयोगी साइट बनाउने प्रयत्न गर्छौं।" साइटमा अनलाइन फोरम राखिएमा शिक्षक तथा अरू प्रयोगकर्ताले सुझाव दिन र सम्बन्धित विषयमा विचार व्यक्त गर्न तथा अरूका विचार पढ्न पाउने छन्। प्राविधिक रूपमा सहजै बनाउन सकिने यस्तो फोरममार्फत् वेबसाइटलाई अन्तरक्रियात्मक बनाउन सकिन्छ।

सामग्रीको व्यवस्थापन सही ढङ्गले हुन नसक्दा वेबसाइटमा चाहेको कुरा खोज्न अलि ऱुन्झट लाग्ने खालको छ। माथिको ठेगानाको गृहपृष्ठमा वार्षिक कार्यक्रममा क्लिक गर्नुपर्छ, र त्यहाँ देखिने 'नियमित' मा पुन: क्लिक गर्नुपर्छ। कुन चाहिँ सामग्री नियमित हो र कुन आवधिक हो भनेर थाहा नहुनेहरूले अलिकति धैर्य राखेर नै खोजबिन गर्नुपर्छ। त्यसपछि मात्र कक्षागत रूपमा खोजबिन गरेर त्यहाँ भित्र यी किताबहरूको *पीडीएफ* कपी डाउनलोड सकिन्छ। अर्थात् वेबसाइट त्यति *युजर फ्रेण्डली* भइनसकेको तथ्यलाई स्वीकार गरी केन्द्रले यसलाई दक्ष प्राविधिकको सहायतामा परिमार्जन गरी सजिलो र कामकाजी बनाउनै पर्ने देखिन्छ।

अनुशील

# 'सेलिब्रिटी' शिक्षक
# पैसाभन्दा सन्तुष्टि धेरै



**कलाको माध्यमबाट विद्यार्थीहरूमा समाज र जीवनको महत्त्व बुझाउँदै असल नागरिक बन्न प्रेरित गर्ने शिक्षकका रूपमा कार्यरत 'सेलिब्रिटी'हरू शिक्षण पेशामा सन्तुष्टि प्राप्त भएको बताउँछन् ।**

'जनगायक'को उपाधि पाएका गायक/सङ्गीतकार रामेश श्रेष्ठ (६३) राजधानीको स्वर्णिम हाईस्कूलमा २६ वर्षदेखि पढाइरहेका छन् । सङ्गीत शिक्षकको रूपमा उनले सिर्जना गरेका बाल गीत-सङ्गीत देशका थुप्रै विद्यालयसम्म पुगेका छन् । त्यस्तै चर्चित गायिका कुन्ती मोक्तान (४५) ले शिक्षकको रूपमा विद्यार्थीमाझ आफ्नो ज्ञान र सीप बाँड्न थालेको २३ वर्ष भयो । सङ्गीत शिक्षकको रूपमा उनी राजधानीका एकदर्जन विद्यालयमा सेवा पुऱ्याइरहेकी छिन् ।

रामेश र कुन्ती मोक्तान जस्ता अरू धेरै स्थापित कलाकारहरू शिक्षकका रूपमा कार्यरत भेटिन्छन् । गीत-सङ्गीतको क्षेत्रमा अलग्गै पहिचान बनाइसकेका कलाकारहरूलाई शिक्षकको रूपमा पाउँदा विद्यार्थी र अभिभावक दुवै खुशी हुने गरेको पाइएको छ । विद्यालय सञ्चालकहरू त 'सेलिब्रिटी' शिक्षक राख्न पाउँदा विद्यालयकै शान बढेको महसूस गर्छन् । गायिका कुन्ती मोक्तानले सङ्गीत पढाउँदै आएको बालुवाटारस्थित विजकिड्स इण्टरनेशनल स्कूलका प्रिन्सिपल राजेश खरेल भन्छन्, "कुन्ती मोक्तान जस्तो 'सेलिब्रिटी' शिक्षक पाउँदा विद्यालयकै 'हाइट' बढेको छ ।" साताको दुई दिन कुन्ती विद्यालय आउँदा विद्यार्थीहरूको उत्साह नै अर्कै हुने उनको अनुभव छ ।

## रामेशको लगन

*सङ्घर्ष हो जीवन..., रक्तक्रान्तिको ज्वालामुखीमा..., गाऊँ-गाऊँबाट उठ..., अँध्यारोमा जूनकिरी..., आऊ मिलाऊ हात...* जस्ता गीतका गायक तथा सङ्गीतकार रामेशको अधिकांश समय काठमाडौँको स्वर्णिम स्कूलका विद्यार्थीमाझ बित्छ । उनी भन्छन्, "खुशी र आनन्दको काम हो यो । समाज र देशप्रति यस पेशाको जिम्मेवारी महत्त्वपूर्ण छ ।"

२०२७–०२८ सालमा काँधमा गितार भिरेर गाउँ-गाउँमा गीत गाउँदै हिँड्ने रामेशको स्वर र सङ्गीतसँग सिङ्गो देश परिचित छ । उनका गीतले जनआन्दोलनमा ऊर्जा थप्ने काम गरेका थिए । उनी भन्छन्, "म पहिले जनताका गीत गाएर गाउँ-गाउँ हिँडे, अहिले त्यही समाजका लागि शिक्षकको रूपमा उन्नत समाज, देश र जनहितका लागि असल नागरिक उत्पादनमा लागिरहेको छु ।" रामेश विद्यालयमा सङ्गीत मात्र सिकाउँदैनन्; गीतको माध्यमबाट विद्यार्थीहरूलाई देश, समाज र जीवन बुझाइरहेका हुन्छन् । कथा सुनाउने, घटनाहरू भन्ने र कथासँग मिल्ने गीत बनाएर सुनाउने पनि गर्छन् । शिक्षक र विद्यार्थीबीचको सम्बन्ध साथी-साथीको जस्तो हुनुपर्ने र बाल-बालिकालाई पनि आदर गरेर हाँसी-खेली पढाउनुपर्ने उनको बुझाइ छ ।



उम्बरकृष्ण श्रेष्ठ

नेपालमा रेकर्डेड बाल गीत-सङ्गीतको सुरुआत गर्ने श्रेय उनलाई जान्छ। उनले *सुगन्धको पाउ, साना-साना खोलाखोली, ती फूलहरू, चरीको चिरबिर, घान्द्रुक रुलल र कनक चम्पा* जस्ता बालगीतका अल्बम निकालेका छन्। उनका बालगीतको सातौं अल्बम पनि निस्कने तरखरमा रहेको छ।

विद्यालयमा प्रवेश गरेपछि विद्यार्थीहरूका लागि नेपाली बालगीत नभएको देखेर रामेश आफैं बालगीत बनाउन लागे। उनले आफ्नै गीत मात्र गाएनन्, *क ख ग घ, ए बी सी डी लेख्ने बानी राम्रो..., कोपिला हुँ फूल भई फुल्न बाँकी छ..., मेरो गाउँ ज्यामिरे..., लेकका हामी केटाकेटी..., हे नानी हो उठ..., जुन देशको माटोमा...* जस्ता अरू स्रष्टाका दर्जनौं बालगीतहरूमा पनि सङ्गीत भरे। उनले *बाबा ब्ल्याक सी...* जस्ता एक दर्जन अङ्ग्रेजी गीतलाई नेपालीमा भावानुवाद गरेर विद्यार्थीहरूसँग गाएका पनि छन्। यस्ता गीतले विद्यार्थीहरूलाई जीवन र समाजलाई बुझ्न सजिलो पार्ने र यसले बाल-बालिकामा स्वस्थ र सही चेतना निर्माण गर्न मद्दत पुग्ने रामेशको अनुभव छ। उनी भन्छन्, "पढ्न नपाएका केटाकेटीका भावना समेटेर बनाएको गीतले उनीहरूलाई शिक्षा दिन र हेला नगर्न सबैलाई प्रेरित गरिरहेको हुन्छ।" बाटोमा हिँड्दा केटाकेटीहरूले आफूले बनाएका गीतहरू गाइरहेको देख्दा सुन्दा रामेशलाई एकदमै रमाइलो लाग्छ।

विद्यालयमा बालबालिकालाई गीत-सङ्गीतको माध्यमबाट असल मान्छे बन्ने चेतना दिन सजिलो हुने रामेशको कथन छ। उनको भनाइमा शिक्षण महत्त्वपूर्ण र सबैभन्दा जिम्मेवार काम हो। विद्यालयमा विद्यार्थीले सिकेका गीतले घरमा अभिभावकहरूलाई समेत प्रेरणा दिने गरेको उनी सुनाउँछन्। भन्छन्, "विद्यार्थीले विद्यालयमा सिकेका कुराले घर समाजलाई चेतनशील बनाइरहेको हुन्छ। त्यसैले कक्षाकोठामा सिकाउने कुराको महत्त्व स्वयम् शिक्षकले पनि बुझ्नुपर्छ।"

रामेश नर्सरीदेखि ८ कक्षासम्म नियमित र ९/१० का छानिएका विद्यार्थीहरूलाई सङ्गीत सिकाउँछन्। बाहिरी काम र बाल गीति अल्बममा व्यस्त भएका बेला पनि प्राथमिक कक्षाका विद्यार्थीहरूमाझ पुगी नै रहेका हुन्छन्। भन्छन्, "४५ मिनेटको कक्षा एकछिनमै सकिए जस्तो लाग्छ।" देशको भविष्यको रूपमा रहेका विद्यार्थीमा सही चेतना भर्न असल शिक्षकको आवश्यकता पर्ने र असल शिक्षकले शिक्षक हुनुको महत्त्व बुझ्नु जरुरी रहेको उनको ठम्याइ छ। तर यस्तो अवस्थामा आम शिक्षकमा निराशा छाउँदै गएको पक्षले उनलाई दुःखित तुल्याएको छ। उनी भन्छन्, "शिक्षकलाई निराश बनाउने काम समाज र राज्यकै संयन्त्रको दुष्प्रभाव हो। राज्यले हरेक शिक्षकलाई उत्साही र आत्मनिर्भर बनाउनुपर्छ अनि मात्र समाजको रुप फेरिन्छ।"

एकताका 'राल्फाली' आन्दोलनमार्फत् जनताका गीत-सङ्गीत सिर्जनामा होमिएका रामेशले गाएका युद्धप्रसाद मिश्र, सिद्धिचरण, गोकुल जोशी, प्रमोद हमाल, पारिजात, विमल निभा, श्याम तमोटहरूका गीतहरू सुन्दा अझै पनि मानिसका रौं ठाडिन्छन्। जीवनलाई सुमार्गमा लैजाने र युगका लागि नयाँ चेतना छर्ने यस्ता गीतहरू पछिल्लो पुस्ताका लागि मार्गदर्शक बनिरहेका छन् भने उनले शिक्षकका हैसियतले सिर्जना गरेका बालगीतहरूले विद्यार्थीको भविष्य उज्यालो पार्न कालान्तरसम्म योगदान पुऱ्याइरहने निश्चित छ।

## कुन्तीलाई भ्याई नभ्याई

*माथी-माथी शैलुङ्गेमा..., चोली राम्रो पालपाली..., मायालुलाई..., लालीगुराँस अजम्बरी..., हुम्ला-जुम्ला..., धरान-धनकुटा..., खुट्टा तान्दै गर...* जस्ता लोकप्रिय गीतकी गायिका कुन्ती मोक्तान राजधानीका झण्डै एकदर्जन विद्यालयहरूमा साताभरि व्यस्त रहन्छिन्।

२०४१ सालमा नेपाल छिरेकी मोक्तानले करिब साढे ४ सय गीत गाइसकेकी छन्। अवार्ड र सम्मानको थुप्रोसँगै देश विदेशका मञ्चमा आज पनि कुन्ती मोक्तानको माग चर्को छ। उनका डेढ दर्जन अल्बम निस्किएका छन्। दार्जीलिङबाट श्रीमान शिलाबहादुर मोक्तानसँगै २३ वर्षअघि नेपाल भित्रिएकी कुन्तीले मित्रपार्कको हाल बन्द भइसकेको शिशु आदर्श स्कूलबाट शिक्षण शुरु गरेकी थिइन्। सङ्गीतमै आफ्नो खुबी भएकोले आफूले जानेको ज्ञान विद्यार्थीहरूमा बाँडौं भनेर शिक्षक बनेको उनी

"म पहिले जनताका गीत गाएर गाउँ-गाउँ हिँडे, अहिले त्यही समाजका लागि शिक्षकको रूपमा उन्नत समाज उत्पादनमा लागिरहेको छु।"



उज्ज्वलकृष्ण श्रेष्ठ

> मलाई सङ्गीत शिक्षक जस्तो मात्र लाग्दैन; मैले अनुशासन, सामाजिक व्यवहार पनि सिकाउने गरेकी छु।

बताउँछिन्। भन्छिन्, "शुरुमा काठमाडौँमा काम खोज्दा स्कूलमा सङ्गीत सिकाउने काम नै पाइयो, आफूले जानेको काम भनेर गरियो, अहिले त यसैमा रमाइरहेकी छु।" उनी अहिले विजकिड्स इण्टरनेशनल, सिद्धार्थ विद्यापीठ, नोब्स, जगतमन्दिर, प्यारागन, ग्लोबल क्याम्ब्रिजलगायत १२ निजी विद्यालय र एक क्याम्पसमा सङ्गीत शिक्षकको रूपमा कार्यरत छिन्। एउटा विद्यालयमा हप्तामा कुनैमा एक र कुनैमा दुई दिनसम्म ४५ मिनेटको कक्षा लिने कुन्ती एक दिनमा बढीमा पाँच विद्यालयमा पुगिरहेकी हुन्छिन्। विद्यालय छुट्टी भएको दिन उनलाई दिन कटाउनै गाह्रो हुन्छ। भन्छिन्, "यतिका वर्ष भइसक्यो, अब त विद्यार्थीहरू मेरा जीवनका अभिन्न अङ्ग जस्तै भइसके।"

सबैले चिनेको कलाकार भएकाले विद्यार्थीहरूसँग चाँडै घुलमिल हुने गरेको उनको अनुभव छ। विद्यालयमा सङ्गीत बाहेक अरू पनि धेरै कुरा उनी सिकाउँछिन्। त्यसैले उनलाई आफूलाई सङ्गीत शिक्षक मात्रै ठान्दिनन्। उनी भन्छिन्, "सङ्गीत शिक्षक जस्तो मात्र लाग्दैन; मैले अनुशासन, सामाजिक व्यवहार आदि पनि सिकाउने गरेकी छु।" सामाजिक संस्कार, चाडपर्व र नेपाली मौलिकताका बारेमा आफूले जानेका कुराहरू विद्यार्थीहरूलाई कक्षामा बुझाउने गरेको उनले बताइन्। शिक्षक भएपछि विद्यार्थीहरूसँग कहिले साथी र कहिले अभिभावक बन्नुपर्ने पनि उनको अनुभव छ। एउटा शिक्षकको दायित्वका बारेमा चर्चा गर्दा उनको कथन थियो, "शिक्षकलाई हेरेर नै विद्यार्थीले धेरै कुराको सिको गरिरहेका हुन्छन्, त्यसैले जिम्मेवारीपूर्वक प्रस्तुत हुनुपर्छ।"


विद्यार्थीहरूलाई सन्देश दिने र चेतनाबोध गराउने बालगीत, राष्ट्रिय गीत, लोकगीतहरूसँगै शास्त्रीय सङ्गीतको ज्ञान दिने गरेको कुन्ती बताउँछिन्। आफूले सङ्गीत सिकाएका सबै विद्यार्थीहरू भविष्यमा गएर गायक, कलाकार र सङ्गीतकार बन्ने भन्दा पनि गीतको माध्यमबाट लिने चेतनाले असल नागरिक बन्ने बताउँदै उनी भन्छिन्, "सङ्गीतको ज्ञानले गर्दा विद्यार्थीहरू गीत-सङ्गीतका असल श्रोता त बन्छन् नै गीतबाट सिकेका ज्ञानले उनीहरूलाई असल मान्छे बन्न पनि सघाउँछ।"

आफू 'सेलिब्रिटी' भएकाले राम्रै मान-सम्मान र दाम पाए पनि आम रूपमा हेर्दा शिक्षण पेशाले जति मान-सम्मान पाउनुपर्ने हो सो नपाइरहेको महसूस कुन्तीले गरेकी छिन्। उनी भन्छिन्, "धेरै शिक्षक पीडित छन्। काम गरेअनुसारको पारिश्रमिक पाएका छैनन्। अरूतिर काम नपाएर लागेको भनेर उनीहरूलाई अलग व्यवहार गरिन्छ। शिक्षण जति जिम्मेवारपूर्ण पेशा छ त्यो अनुसार सम्मान छैन।" विद्यार्थीको भविष्य सुन्दर बनाउने पेशा भए पनि समाजको मानसिकताकै कारणले भविष्यमा शिक्षक बन्छु भन्ने विद्यार्थी नपाइने गरेको उनको आकलन छ।

आफू कलाकार पनि भएकाले हुनसक्छ, समाजले आम शिक्षक भन्दा भिन्न व्यवहार गरेको उनी बताउँछिन्। भन्छिन् "अभिभावकहरूको माया र सम्मान पनि पाइने रहेछ। मेरो नानीलाई भविष्यमा आफूजस्तै बनाइदिनुस् समेत भन्छन्।" यो पेशामा पैसा भन्दा पनि ठूलो आत्मसन्तुष्टि पाइरहेकाले बुढेशकालसम्म नै शिक्षक भइरहने उनको चाहना छ।

# सामुदायिक विद्यालयका शिक्षक

# तलब र सुविधा




## सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूका लागि २०६४ साउन १ गतेदेखि लागू भएको तलवमान

| तह | श्रेणी | स्केल | ग्रेड | दर | जम्मा |
|---|---|---|---|---|---|
| प्राथमिक तह | | | | | |
| दुई विषयभन्दा बढी एसएलसी अनुत्तीर्ण | तृतीय | ५०५० | १५ | ८८ | ६३७० |
| दुई विषयसम्म एसएलसी अनुत्तीर्ण | तृतीय | ५५६० | १५ | १०० | ७०६० |
| एसएलसी उत्तीर्ण | तृतीय | ६२८० | १५ | ११० | ७९३० |
| एसएलसी उत्तीर्ण | द्वितीय | ७४९० | १७ | १२० | ९५३० |
| एसएलसी उत्तीर्ण | प्रथम | ११४५० | १५ | १६० | १३८५० |
| निम्नमाध्यमिक तह | | | | | |
| निम्नमाध्यमिक | तृतीय | ७४९० | १७ | १२० | ९५३० |
| निम्नमाध्यमिक | द्वितीय | ११४५० | १५ | १६० | १३८५० |
| निम्नमाध्यमिक | प्रथम | १२२१० | १२ | १८० | १४३७० |
| माध्यमिक तह | | | | | |
| माध्यमिक | तृतीय | ११४५० | १५ | १६० | १३८५० |
| माध्यमिक | द्वितीय | १३२०० | १२ | १९५ | १५५४० |
| माध्यमिक | प्रथम | १६००० | ११ | २३० | १८५३० |

स्रोतः शिक्षा विभाग

शरच्चन्द्र वस्ती

# 'मुनामदन' को यात्राः एउटा ठिटोसँग

**खासखुसे खिसी जति गरे पनि मुनामदनको खुलेर आलोचना गर्ने आँट आजसम्म कसैले गरेको पाइँदैन। देवकोटाले नै 'मुनामदन बाहेक मेरा सबै कृति जलाइदिए हुन्छ' भनेपछि त त्यतातिर सोच्न समेत कसैले सकेन।**




**पुस्तकः** मुनामदन भ्रमण (मुनामदनको समालोचना)
**समालोचकः** जगदीश (शमशेर राणा)
**संस्करणः** वि.सं. २००३ (प्रथम), २०६४ (दोस्रो)
**प्रकाशकः** नइ प्रकाशन, **पृष्ठः** ५६, **मूल्यः** रु.२५

सात दशकअघिको नेपालमा (वि.सं. १९९६) लक्ष्मीप्रसाद देवकोटाले 'मुनामदन' लेख्ता कतिले खिसी गरे, त्यसको अभिलेख छैन। तर, जान्नेसुन्ने र पठित-विद्वान् कहलिएकाहरूले राम्रै खिसी गरे होलान् भनेर अनुमान गर्न गाह्रो पनि छैन। निकै पछिसम्म पनि नेपालीमा लेख्नेहरूलाई 'धत्, नेपाली पनि पढ्नु? हाम्रा ठिटा लेखक कनीकुथी लेख्छन्' भनेर उडाइने गरेको वर्णन स्वयम् देवकोटाले नै गरेका छन् *के नेपाली सानो छ?* मा। अरु यो त नेपालीमा मात्र नभएर झ्याउरेमा लेखिएको कृति थियो!

खासखुसे खिसी जति गरे पनि मुनामदनको खुलेर आलोचना गर्ने आँट चाहिँ आजसम्म कसैले गरेको पाइँदैन। देवकोटाको नवनवोन्मेषशालिनी प्रतिभा, सृजनात्मकताको विस्फोट र त्यसले पाठकको हृदयमा खडा गरेको साम्राज्यलाई हाँक दिने हिम्मत अपवादबाहेक न त्यसबेला कसैमा थियो न आज नै छ। अलिक पछि आएर देवकोटा आफैंले (सरदार यदुनाथ खनालसँग) 'मुनामदन बाहेक मेरा सबै कृति जलाइदिए हुन्छ' भनेपछि त यसको आलोचना पनि गर्न सकिन्छ भन्ने सोच्न समेत कसैले सकेन।

आजका महारथी साहित्यकार तर त्यसबेलाका १७ वर्षे ठिटा जगदीश शमशेर राणाले भने त्यतिबेलै मुनामदनको चिरफार गर्न भ्याइसकेका रहेछन्। लेख वा टिप्पणी होइन सिङ्गो पुस्तककै रूपमा। २००३ सालमा छापिएको *'मुनामदन भ्रमण'* नामको त्यो पुस्तक यस वर्ष फेरि छापिएको छ, नइ प्रकाशनद्वारा। कृति चाखलाग्दो छ र उपयोगी पनि।

पुस्तक देवकोटाको प्रशंसाबाट प्रारम्भ हुन्छ। 'अब त देवकोटाजीको नामले मोहनीरूप धारण गरिसक्यो' भन्दै राणा मुनामदनको नाममै 'विशेष चमत्कार' को दर्शन गराउँछन्। मुना र मदनलाई वसन्त र कामदेव बताउँदै 'प्रेमका पूरा लक्षण' का रूपमा ब्याख्या गर्छन् र भन्छन्–'त्यसैले यो नामैमा सारा कथाको सार झल्कन्छ।'

लगत्तै लामो तुलना शुरु गर्छन् बालकृष्ण समको *'मुकुन्द इन्दिरा'* की इन्दिरासँग देवकोटाकी मुनाको र थुप्रै उदाहरण तथा ब्याख्या-विश्लेषणपछि निष्कर्ष निकाल्छन्–इन्दिरा नारीहरू यस्तो हुनुपर्छ भन्ने कुराको एक दृष्टान्त हुन् तर मुना असल स्त्री यस्ता हुन्छन् भन्ने कुराको नमुना हुन्। 'आगोमा भुटिँदा नकराउने' इन्दिरा मात्र होइन, 'आगोमा पसेर निस्कने' वाल्मीकिकी सीताभन्दा पनि मुनाको चरित्र र आदर्श यथार्थपरक छ भन्ने राणाको ठम्याइ छ।

मदनले दिएको सुनको थैलो च्याङ्बाले नलिएकोलाई स्वाभाविक मान्छन् राणा। तर, दुई-चार दिन बास बस्ने नेपालीसँग फाटफुट कुरा गर्नेले शुद्ध नेपालीमा बोल्नु उनलाई स्वाभाविक लाग्दैन। त्यसमाथि 'मानसिक विकास नभएको' च्याङ्बाले 'आकाशमाथि जहान मेरो बादल छ गहना' भन्नुलाई त उनी 'असम्भवको पल्लो हद' नै मान्छन्।

मदनको चरित्रचित्रणप्रति भने राणाको पूरापूर विमति छ। मदनलाई कातर र रुन्चे देखाउनु गलत हो भन्दै उनी टिप्पणी गर्छन्–'मदनलाई जिउने रोगले मार्नु त कविको लडकपन जस्तो देखिन्छ। ... मानिसलाई कातर बनाउने बाहेक मदनले अरू केही सिकाउन्न।' देवकोटालाई मनुष्य चोला उपर नै घृणा छ भन्ने उनको निष्कर्ष छ। 'मानिसलाई मद्दत गर्ने स्वर्गमा पुग्दछ' भन्ने विचारको भने उनी सराहना गर्दछन्। त्यस्तै, ल्हासाको वर्णनलाई स्वाभाविक मान्दामान्दै पनि पानी कम पर्ने, चीसो, उजाड ल्हासामा 'टुँडिखेलजस्तो दुबोको चउर' (फुलबुट्टे चउर घाँसका गलैंचा) को वर्णनलाई भौगोलिक सत्यभन्दा परको कल्पना-उडान ठहऱ्याउँछन्। नेपाली समाजको वर्णनमा पनि देवकोटा सफल देखिँदैनन् भन्ने ठहर गर्दै त्यसको

कारण अनुमान गर्छन्–'शायद प्रकृतिको अन्धो पुजारी भएर होला।'

देवकोटाले प्रकृतिलाई मानवीकरण गरेकोमा भने राणा गद्‌गद देखिन्छन् र 'हाम्रो साहित्यको प्रथम प्राकृतिक कवि' को प्रशस्ति अर्पण गर्छन्। लेखनाथ पौड्याल लगायत अघिल्ला कविहरूले प्रकृतिलाई केवल 'पृष्ठभूमि' मान्दै आएकोमा त्यसलाई मानव झैं सजीव, बोल्ने-चाल्ने व्यक्ति मान्नु नेपाली साहित्यको प्राप्ति हो भन्ने उनको भाव छ। राणाको विश्लेषण छ– लेखनाथ प्रकृतिलाई तानेर आफ्नो तानमा मिलाउन बल गर्छन् र समको जोड चाहिँ 'मैले प्रकृतिको विस्तृत अध्ययन गरेको छु' भन्ने दर्साउनेतिर मात्र हुन्छ। अरु एक ठाउँमा त उनले दङ्ग परेर महाकवि कालिदासको भन्दा देवकोटाको उपमा ठीक ठाउँमा हुन्छ सम्म भनेका छन् र हतारहतार 'कालिदासको जति मिठास भएको त भन्न खोजेको होइन है!' भनेर स्पष्टीकरण पनि दिएका छन्। साथै, 'अपठित पाठकको त के कुरा पढेका भनेकाले पनि बुझ्न गाह्रो' पर्ने मुनामदनीय उपमाको उदाहरण पनि अगाडि तेर्स्याएका छन्।

*चन्द्रमालाई चन्द्रमा हेर्छिन् कौसी र आकाश।*
*स्वर्गको अटाली हाँस्तछिन् यौटी, यौटी छन् उदास॥*

'उदास मुनालाई हेरेर चन्द्रमा हाँसेको' अभिधेयार्थ बोक्ने यी पंक्तिको आशय राणाले जति मीठोसँग अर्थ्याएका छन्, मदनको मृत्युमा 'बादल फाट्यो चन्द्रमा हाँसी स्वर्गमा सुहाए' भन्नुको उपपत्ति पनि उत्ति नै राम्ररी प्रस्तुत गरेका छन्।

'एकनासको बग्दो प्रवाहमा नरोकिएर शैली बगाउने सबभन्दा सफल कवि हाम्रो भाषामा यिनै लक्ष्मीप्रसादजी छन्' भनेर देवकोटालाई अभिवादन गर्ने जगदीश शमशेर त्यहीँनिर उनको सर्वप्रिय कृतिलाई चाहिँ 'यही नयाँ छन्द वा लय (झ्याउरे) मा लेखिएकाले नै धमिलो मुनामदनको प्रचार बढ्यो' भन्दै दोयम दर्जामा झार्छन् र आफैँलाई धमिल्याउँछन्। त्यति मात्र होइन, देवकोटाको 'भनाइ, छँटाइ, कटाइ सबैतिर सुषुप्ति र जागृत दुवै अवस्थामा अङ्ग्रेजी प्रभाव सोह्रै आना परेको' भन्ने पनि राणाको निष्कर्ष छ। तर केही समय अघि मात्र रामकृष्ण शर्माले 'अङ्ग्रेजी साहित्यको प्रभाव' बारे घच्चीको धक्का दिँदा देवकोटाले उनलाई 'लपेटा खुवाएको' सम्झेर यिनी भित्रभित्रै डराएका पनि देखिन्छन्। भन्न त भूमिकामा 'यी बालक कवि (देवकोटा)लाई सुमार्गतिर लगाउन, मनपरी गर्न नदिन र उनको विचार बढाउन उनको मानसिक रालसिंगान पुछिदिनुपर्छ। पीप निचोरेर फाल्ने थिएँ तर... मूर्च्छा पर्लान् भन्ने डरले पहिलो पटकैमा दूषित रगत निखार्न खोजिनँ' भनेर फुर्ती पनि हाँकेका छन्। तर, देवकोटाले समालोचकलाई प्रतिक्रियाको चड्कन दिनु 'कविजीको जङ्गलीपना' मात्र होइन हीनभावनाको प्रदर्शन समेत ठहरिनेछ भनेर शर्मालाई ढाल बनाई आफू जोगिने पूर्वतयारी पनि गरेको देखिन्छ।

तर, राणाको आलोचना शर्माको जस्तो देवकोटालाई त के आम पाठकलाई पनि रन्थन्याउन सक्ने खालको छैन। 'राणाका तर्क यस्ता रहेछन्' सम्मको मात्र अनुभूति हुन्छ पुस्तक पढ्दा; सोचाइ वा मान्यतामै धक्का लगाउन त्यसले सक्तैन। प्राय: फितला र चालु खालका छन् उनका तर्क जसमा उनी स्वयम् आत्मैदेखि निर्द्वन्द्व भएर उभिन सकेको महसूस हुँदैन। समालोचक शर्मालाई लपेटा खुवाउन मिहिनेत गर्ने देवकोटाले राणाको वाणीलाई प्रतिक्रिया जनाउन समेत लायक ठानेको नसुनिएको कारण पनि यही होला।



उदाहरणका लागि देवकोटाको भाषाबारे राणाको आलोचनालाई लिन सकिन्छ। 'उठेर देखे भेडाको भुवा ओढेका चन्द्रमा' जस्ता पंक्तिलाई उनी 'अलङ्कृत विशेषणको धमिलो प्रयोग' भन्ने बात लगाउँदै 'उन्नतिको उच्च टाकुरामा यी भद्दा अलङ्कारपूर्ण भाषा पुग्न सक्तैनन्' भन्ने जङ्गी फरमान जारी गर्छन्। विडम्बना के भने यसो भन्ने उनी स्वयम् भने पछिल्ला दिनमा "पंचगुप्तेन्द्रिणी भगभग भगिनी बहिनी कताकता लतामायाँ सुकुमारी कुलकुलीकुली नन्दनवन घनघोर घटा घनघन सँगिनीतता पंचगुप्त प्रपञ्च परपर सारी नीति-ऋति गमन सहचारी लीलाहिसिला 'मकन छैन गरनु परनु' तर तिहार जुहार आमुजामु आजु तताजु" जस्तो अर्कै ग्रहको प्रतीत हुने क्रियापदविहीन भाषा (जगदीश शम्शेरको *सेतो ख्याकको आख्यान*, पृष्ठ १२१) पाठकको थाप्लामा थोपार्न थालेका छन्। यता, देवकोटाका तिनै पंक्तिहरू चाहिँ शिक्षितदेखि अशिक्षितसम्म सारा नेपालीको हृदयलाई अनवरत आनन्दित, तरङ्गित एवम् उत्प्रेरित गरिरहेका छन्। 'मुनामदन' नेपाली साहित्यको सबैभन्दा मन पराइएको कृति भएको छ- साढे पाँच लाख जनाभन्दा बढीले किनिसकेको; सात दशकपछि पनि 'बेस्टसेलर' हरूलाई मात दिँदै शिखरमा मुस्कुराइरहेको!


तर्क र विश्लेषणमा जति चाकाचुली खेले पनि मुनामदनका उज्याला फाँट र धमिला कुनाकन्दरा दुवैतर्फको चित्र उतार्न राणाले देखाएको रउस रमाइलो छ। पुस्तकले देवकोटालाई मात्र होइन जगदीश शमशेरलाई पनि नियाल्न मद्दत गर्छ। त्यो सानै उमेरमा पनि उनको अध्ययनशीलता र विश्लेषणक्षमताको परिचय त यसले दिन्छ नै, उनमा रहेको बाबुसाहेबी ठस्सा र आत्मविश्वासको बान्की पनि प्रस्तुत गर्छ। देवकोटा-प्रेमीहरूले, मुनामदनका पारखीहरूले र अरु मुनामदन पढाउनुपर्ने शिक्षकहरूले एकपल्ट जगदीश शमशेरसँग 'मुनामदन भ्रमण' गर्नैपर्छ। उनीसँगको यात्रा नयाँ मुनामदनको आविष्कार नै नभए पनि मुनामदनप्रतिको दृष्टिकोण थप स्पष्ट पार्ने नियात्रा त अवश्य नै बन्नेछ।

**मुनामदनका पारखी र मुनामदन पढाउनुपर्ने शिक्षकहरूले एकपल्ट जगदीश शमशेरसँग 'मुनामदन भ्रमण' गर्नैपर्छ। उनीसँगको यात्रा नयाँ मुनामदनको आविष्कार नै नभए पनि मुनामदनप्रतिको दृष्टिकोण थप स्पष्ट पार्ने नियात्रा अवश्य नै बन्नेछ।**

## समीक्षाः पुस्तक

चन्द्रशेखर झवाली

# सिङ्गापुरको सफलताको रहस्य




**पुस्तकः** फ्रम थर्ड वर्ल्ड टु फस्ट (सिङ्गापुरको कथाः १९६५-२०००)
**लेखकः** ली क्वान यु
**प्रकाशकः** हार्पर कोलिन्स, पृष्ठः ७२९

**शिक्षामा लगानी गर्ने राज्य प्रगतिको बाटोमा अघि लाग्छ भन्ने दृष्टान्त सिङ्गापुरको अनुभवले देखाउँछ ।**

*'जीवन मे एक बार आना सिङ्गापुर'* केही दशकअगाडि सबैले गुन्गुनाउने हिन्दी गीत हो । हिन्दू भए चारधाम, मुस्लिम भए हज अनि इसाई/यहुदी भए जेरुसेलम/भेटिकन जानू भनेजस्तै आधुनिक युगका घुमन्तेहरूका लागि आकर्षक गन्तव्य हो– सिङ्गापुर । सोझै उडेर गएमा काठमाडौंबाट झण्डै चार घण्टामा सिङ्गापुर पुगिन्छ । हाम्रा नेताहरू नेपाललाई स्वीट्जरल्यान्ड, सिङ्गापुर बनाउने कुरा गर्ने गर्दछन् । सभा, सम्मेलन र ककटेल पार्टीहरूमा हाम्रा योजनाविद्, व्यवसायी र प्राध्यापकहरू पनि सिङ्गापुरको आर्थिक वृद्धिदरको चर्चा-परिचर्चा गर्ने गर्दछन् । जगदीश भगवती र जेफरी साक्सजस्ता नामुद अर्थशास्त्रीहरूले पनि आफ्ना पुस्तकहरूमा सिङ्गापुरको उपलब्धि उल्लेख गरेका छन् ।

यो शहर राज्य सिङ्गापुर कसरी सिङ्गापुर बन्यो त ? सिङ्गापुरका पूर्व प्रधानमन्त्री ली क्वान युद्वारा लिखित *फ्रम थर्ड वर्ल्ड टु फर्स्ट* पुस्तकले यो परिवर्तनको इतिहास कोर्दछ । दूरदृष्टि, मेहनत र शिक्षामा लगानी गरी सिङ्गापुर आजको स्थितिमा आइपुगेको हो । पुस्तकले कोरेको परिवर्तनको इतिहास सिङ्गापुरका पूर्व प्रधानमन्त्री लीको आत्मवृत्तान्त पनि हो । चिनियाँ मूलका ली; चीनका नेता देङ सियाओ पेङसँग निकट रहेछन् । देङको नेतृत्वपश्चात् परम्परागत नीति फेरेर आधुनिक विश्वको समृद्ध राष्ट्र बन्ने बाटोमा चीन उन्मुख छ । त्यस देशको आर्थिक र वैदेशिक नीति परिवर्तन गराउनमा लीले भूमिका निर्वाह गरेका रहेछन् भन्ने तथ्य पुस्तकबाट झल्किन्छ । विभिन्न कालखण्डमा विभिन्न करणवश विश्वभरि छरिएका चिनियाँ मूलका मानिसहरूको नेता भने पनि हुन्छ लीलाई । उनी सिङ्गापुरको राष्ट्रिय हितलाई आफ्नो निजी चासो भन्दा माथि राख्थे । विश्वका थुप्रै नेतासित उनको राम्रो सम्बन्ध थियो । उनीहरू लीसित सरसल्लाह लिन्थे । कम्बोडियाको समस्या समाधान गर्न पनि लीको योगदान रहेछ । अमेरिकी पूर्व विदेशमन्त्री डा. हेनरी किसिन्जरले लेखेको यस पुस्तकको भूमिकाबाट यो स्पष्ट हुन्छ ।

लीले यो पुस्तकमा थुप्रै मुलुकका नेताहरूको पनि विश्लेषणात्मक चिरफार गरेका छन् । एसियाली आर्थिक उन्नतिका क्रममा कुन देश अगाडि बढ्यो; कुनचाहिँ बढेन भन्ने विश्लेषण पनि गरेका छन् । यद्यपि उनका केही तर्क पाठकहरूलाई बेठीक लाग्न सक्छन् । उनले दिएको एउटा उदाहरण हो, साढे तीन दशकअघि मात्र स्वतन्त्र भएको बङ्गलादेश । कमनवेल्थ सरकारहरूको सम्मेलनमा भाग लिन प्रधानमन्त्री मुजीवर रहमान देशको ध्वजावाहक विमान लिएर पुगेका थिए । त्यो विमान सम्मेलन अवधिभरि विमानस्थलमा त्यत्तिकै बसेको थियो । स्रोतको यस्तो दुरुपयोगले राष्ट्रलाई गरिब बनाउँछ । नेपालमा पनि यस्तै क्रम चल्यो । राष्ट्रिय ध्वजावाहक विमान राजाहरूले लामो समय भ्रमणमा लैजाँदा सेवा अवरुद्ध भएका नेपालमा पनि थुप्रै घटना छन् । अबउप्रान्त विमान सेवा व्यावसायिक ढङ्गले सञ्चालन गरिएलान् भन्ने अपेक्षा गर्न सकिन्छ, तर नेपाल वायु सेवाको वास्तविकताले यस्तो सम्भावना देखाउँदैन ।

सिङ्गापुर बेलायती साम्राज्य अन्तर्गत अष्ट्रेलिया, युरोप र पूर्वी अफ्रिकातर्फ व्यापार गर्ने थलोका रूपमा रह्यो । द्वितीय विश्वयुद्धमा तहसनहस भएको यसको पहिचान मलेसियासित जोडिएको थियो । प्राकृतिक स्रोतले धनी मलेसियाको विकासमा सहयोगी बन्ने र त्यस राज्यलाई आफ्नो प्रभाव क्षेत्र बनाउने अवधारणा स्वतन्त्र सिङ्गापुरका नेताले राखेका थिए । १९६५ मा बडो कटुतापूर्ण ढङ्गले मलायासित छुट्टिएर स्वतन्त्र बनेपछि अर्कै बाटो आवश्यक भयो । विस्तारै व्यापार, लगानी, यातायात र सञ्चार, वित्तीय व्यवस्था र पर्यटनको प्रवर्द्धन गरी सिङ्गापुरले विश्वलाई नै आफ्नो प्रभावक्षेत्र बनायो । यो परिवर्तन प्रधानमन्त्री लीजस्ता व्यक्तित्वको नेतृत्वले सम्भव भयो ।

इन्टरनेट तस्बिर



## प्रधानमन्त्री युको विकास सिद्धान्त

- **दान/सहयोग होइन, व्यापार ।**
- **भ्रष्टाचार निवारणको व्यवस्था ।**
- **अङ्ग्रेजी भाषामा सर्वसुलभ शिक्षा ।**
- **चिनियाँ मूलको बाहुल्य भए पनि अरू सबै जाति र धर्मावलम्बीहरूलाई राज्यको मूल धारमा ल्याउने अनवरत प्रयास र नीति ।**
- **बजार अर्थतन्त्र सुहाउँदो करप्रणाली र पूँजी लगानीलाई सुरक्षा ।**
- **सामाजिक सुरक्षा व्यवस्थाको प्रभावकारी कार्यान्वयन ।**

समय अनुसार आफूलाई नयाँ ज्ञानसित परिचित राख्न ली हरदम तयार हुन्थे। प्रधानमन्त्री पदबाट बिदा लिएर केही समय उनले हार्वर्ड विश्वविद्यालयको केनेडी स्कूल अफ गभर्नमेन्टमा बिताए। हार्वर्ड बसाइमा आफ्नो अनुभव बारे ली लेख्छन्– "बेलायती सैनिक खर्च कटौतीको असर ठीक गर्ने नीति तयार गरपेछि मैले छोटो समयका लागि हार्वर्ड जाने सवाटिकल (तलब पाउने बिदा) लिएँ। म अफिसमै बसेको वर्षौं भइसकेको थियो, नयाँ सोचद्वारा आफूलाई पुनर्जीवित गर्नुथियो, भविष्यबारे सोच्नुथियो। केनेडी स्कूल अफ गभर्नमेन्टले मलाई फेलो बनाएर विद्वान्हरूसित भेट्न सहयोग पुग्ने गरी गोष्ठीहरू आयोजना गऱ्यो। यस्ता अन्तरक्रियाहरूमा थुप्रै उपयोगी र चाखलाग्दा सोचहरू व्यक्त भए। हार्वर्ड बिजिनेस स्कूलका रे भेरननजस्ता प्रोफेसरहरूबाट मैले अमेरिकी समाज र अर्थव्यवस्थाबारे नयाँ कुराहरू सिकेँ।" भेरननले उनलाई बदलिँदै रहने प्रविधिको स्वरूप, बजार प्रयोग गरी कसरी श्रमप्रधान उद्योगले मुनाफा निर्धारण गर्छ भन्ने आयाम सिकाए। यस्तै तरिका प्रयोग गरी हङकङका उद्यमीहरूले कपडा उद्योग सफल पारेका रहेछन्। उनीहरूले आफूलाई लचिलो बनाउँदै उत्पादन तरिका, बुट्टा र डिजाइन फेसन सुहाउँदो पारे। ताइवान र दक्षिण कोरियाका सस्ता उत्पादकहरूसित कहिल्यै नसकिने प्रतिस्पर्धामा उनीहरूले लाग्नु पऱ्यो। तिनका बिक्री-प्रवर्द्धकहरू न्युयोर्क जस्ता ठूला शहरहरूको निरन्तर भ्रमण गर्थे। आफ्ना खरिदकर्ताहरूसँग सरसल्लाह गर्थे। भेरननसितको छलफलपछि विकासशील देशका उद्योगी-व्यवसायी कम विकसित मुलुकमा आउँदैनन् र उद्योगको परिवर्तन विस्तारै हुन्छ भन्ने आफ्नो सोच गलत भएको उनले पाए। हार्वर्ड बस्दाखेरीको आफ्नो बुझाइबारे उनले अगाडि लेखेका छन्, "भरपर्दो र सस्तो हवाई तथा समुद्री यातायातले उद्योगहरूलाई विकासोन्मुख देशहरूमा आफ्नो क्रियाकलाप शुरु गर्न सहयोग गऱ्यो। तर त्यस्ता देशका नागरिक अनुशासित, शिक्षित र दक्ष हुन एवं विदेशी उद्यमीलाई सहयोग गर्ने स्थायी सरकार रहनु आवश्यक हुन्छ।"

सिङ्गापुरले आफ्नो अर्थव्यवस्थालाई विश्वसित जोडचो। विश्व स्टक बजारसित चौबीसै घण्टा सम्बन्ध रहने स्थानीय बजार स्थापित गऱ्यो। विदेशी कम्पनीहरूलाई सहुलियत दिने, यस्ता कम्पनीमा काम गर्न आवश्यक जनशक्ति तयार गर्ने शिक्षानीति र करप्रणाली लागू गरिए। अरू मुलुकहरूको दाँजोमा सबै दृष्टिकोणबाट बढी सुविधा पाउन सक्ने देखेपछि थुप्रै विदेशी कम्पनी सिङ्गापुरमै आफ्नो कार्यालय स्थापना गर्न इच्छुक देखिए, त्यहाँ अखडा जमाए। सञ्चार संरचना चुस्त पार्न सरकारले निकै प्रयास गऱ्यो र लगानी पनि।

सबै वर्ग, लिङ्ग, धर्म, प्रदेश, भाषा, संस्कृति र रीतिरिवाजलाई समेटेर शिक्षामा लगानी गर्ने राज्य प्रगतिको बाटोमा अघि लाग्छ भन्ने दृष्टान्त सिङ्गापुरको अनुभवले देखाउँछ। क्षेत्रफलमा काठमाडौँ उपत्यका भन्दा केही ठूलो यो 'शहर-राज्य'ले हिंडेकै बाटोमा नेपाल हिँड्न नसक्ला। तर ली क्वान युले प्रतिपादन गरेका सिद्धान्तहरू नेपालको लागि निकै उपयोगी छन्।

नेपालीहरू युगौंदेखि भारत र चीनसित व्यापार गर्दै यसमा पोख्त भएका छन्। नेवार, मनाङ्गी, थकाली, जुम्ली, सिंजाली एवं मधेशका बनियाँ उद्यमीहरूले हालसम्म पनि व्यापार गर्ने पद्धति कायम राखेका छन्। व्यापारमा लागेकाहरूलाई नेपाली समाजले महाजन भनी आदर गर्छ। आफ्नो यो सीपलाई नेपालीहरूले आधुनिक तौरतरिकाले माज्नु जरुरी छ। र, यो तिखार्ने विधि हो अङ्ग्रेजी भाषाको ज्ञान दिने आधुनिक शिक्षा, प्रविधिलाई आफू अनुकूल बनाउने सीप र सिर्जनशीलतालाई प्रश्रय दिने राज्यको नीति। यसबाट हामी प्रगतिको यात्रा शुरु गर्न सक्नेछौँ। सिङ्गापुरले जस्तै विश्वलाई आफ्नो आधार नबनाई नेपाल र नेपालीको प्रगति सम्भव छैन। यस बाटो हिँड्न शुरु गरेको केही वर्षमै शायद विश्वभरिका विश्लेषकहरू हामीले गरेको उपलब्धिको लेखाजोखा गर्न नेपाल आउन थाल्नेछन्।

***('मन्थन' वर्ष १, अङ्क १, २०६४ वैशाखबाट साभार)***

मोहन मैनाली

# शारीरिक दण्ड विरोधी फिल्म


**डेनमार्कको वास्तविक घटनामा आधारित यस फिल्मले स्कूलमा शारीरिक सजाय दिने प्रथालाई नराम्रोसँग उदाङ्गो पारेको छ। विद्यार्थीलाई अनेक थरीका शारीरिक सजाय दिने चलन रहेको नेपालमा यस्ता फिल्मको खाँचो थियो।**

डेनमार्कको एउटा स्कूलको सञ्चालक समितिले सेवा गरेको २५ वर्ष पुगेको उपलक्ष्यमा आफ्ना प्रिन्सिपल लिन्डम-स्भेनसेनलाई सम्मान गर्‍यो। प्रिन्सिपलले स्कूललाई अरु अघि बढाउन सक्दो काम गर्ने वाचा गरे।

तर विद्यार्थी र अभिभावकका आँखामा ती प्रिन्सिपल गतिला थिएनन्। उनले स्कूललाई उकालो लगाएका थिएनन्। किनभने उनी विद्यार्थी कुट्न असाध्यै रमाउने मान्छे थिए। उनको हातबाट कुटाइ खानेहरूको लामो सूची बनेको थियो। कुटाइ पनि सामान्य खालको होइन कसैको खप्पर फुट्थ्यो, कसैको कान च्यातिन्थ्यो। कसैले भन्थे, "लिन्डम-स्भेनसेनले एक पटक मेरो दाजुको टाउकोमा हिर्काएर भायोलिनको धनु भाँच्यो।" अरूले थप्थे, "उसले एक जना विद्यार्थीलाई यति साह्रो थप्पड मार्‍यो कि शरद ऋतुभरि विद्यार्थीको गालामा पाँचै औंलाको डाम रह्यो।"

एकजना विद्यार्थीको कान यति नराम्रोसँग च्याते कि कान खस्ला भनेर डाक्टरकहाँ लगेर सिउनु पर्‍यो।

विद्यार्थी कुटेबापत प्रिन्सिपलले सजाय भोग्नु पर्दैनथ्यो। उल्टो कुटिने विद्यार्थीले पो स्कूल छाडेर अन्यत्र जानुपर्थ्यो। विद्यार्थीका अभिभावक स्कूलमा काम गर्दा रहेछन् भने उनीहरूको जागिर चट हुन्थ्यो।






फिल्मः वि स्याल ओभरकम

निर्देशकः निल्स आर्डेन ओप्लेभ

समयः १ घण्टा ४५ मिनेट

निर्माण सालः सन् २००६

भाषाः डेनिस/अङ्ग्रेजी/नेपाली

फर्म्याटः डीभीडी

पाइने ठाउँः हिमाल एसोसिएसन ललितपुर

कुटिने विद्यार्थी र अभिभावकले कुटाइको विरोधमा आवाज उठाए भने प्रिन्सिपलले जाल बुन्थे। उनले कुटेको सावित हुँदैनथ्यो। प्रिन्सिपलले विद्यार्थी कुटेको देख्ने साक्षीले 'देखिनँ' भन्नुपर्थ्यो। युवा जोश भएका, प्रिन्सिपलको अचाक्ली विरुद्ध लड्न चाहने शिक्षकले सञ्चालक समितिसँग यस्तै झूठा बयान दिनुपर्‍यो। संसार बदल्न सक्ने आँट छ भन्ने शिक्षक हार खाएर स्कूलको जागिर छाडेर हिँडे। आफ्ना सन्तान कुटिएकोमा विरोध जनाउने निकै जिद्दी बाबुआमा समेत प्रिन्सिपलको जालझेलका अगाडि निरुपाय बने।

तर एउटा कक्षाका विद्यार्थीले ती प्रिन्सिपलको विरोध गरे। उनले भनेको टेरेनन् र अन्त्यमा उनलाई हार खुवाए।

डेनमार्कमा भएको वास्तविक घटनामा आधारित यस फिल्मले स्कूलमा शारीरिक सजाय दिने प्रथालाई नराम्रोसँग उदाङ्गो पारेको छ। विद्यार्थीलाई अनेक थरीका शारीरिक सजाय दिने चलन रहेको नेपालमा यस्ता फिल्मको खाँचो थियो।

यो फिल्म हेर्ने सबै शिक्षकले शारीरिक यातनाको विरोधमा बोल्नुहुनेछ। केही गरी कसैले शारीरिक यातनालाई निरन्तरता दिन्छ भने उसलाई एकजना अमेरिकन पत्रकारको भनाइ सम्झाए हुन्छ। उनले भनेका थिए, "स्कूलमा शारीरिक यातनालाई निरन्तरता दिऊँ। तर यातना विद्यार्थीलाई होइन शिक्षकलाई दिऊँ।"

डेनिस भाषामा बनेको यो फिल्म अङ्ग्रेजीमा अनुवाद भएको थियो। हालै आएर हिमाल एसोसिएसनले यस फिल्मका कुराकानीलाई नेपाली भाषामा अनुवाद गरिएको छ।